सूचना र मनोरञ्जनको सँगालो

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

# साप्ताहिक

saptahik.ekantipur.com

• वर्ष २३ • ३ • FRIDAY, 23 • काठमाडौं शुक्रबार, चैत ०९, २०७ • मूल्य रु. १५/-



# संसद्मा तन्नेरी

पृष्ठ २२ मा



## YouTube ट्रेन्डिङ

१. **विमान दुर्घटना** — च्यानल: खरो मिडिया
२. **मार्भल स्टुडियोज** — च्यानल: मार्भल इन्टरटेन्मेन्ट
३. **नेपाल आइडल** — च्यानल: गजलगृह
४. **बागी २ गीत** — च्यानल: टीसिरिज
५. **कठै भगवान** — च्यानल: न्युज फटाफट
६. **भद्रगोल-१६३** — च्यानल: सामसार
७. **युएस बांगला एयर** — च्यानल: इनसाइड नेपाल
८. **टेलर स्विफ्ट डेलिकेट** — च्यानल: टेलस्विफ्टभेभो
९. **मृत्यु जितेका सनम** — च्यानल: देशसञ्चार
१०. **अभिनेत्री नम्बर १** — च्यानल: गोल्डमाइन्स

## फोटो अफ दि विक



■ **मनीषाको रूप** : अभिनेत्री मनीषा कोइरालाले आफ्नो पछिल्लो काठमाडौं भ्रमणका क्रममा खिचाएको एउटा तस्बिर ।



■ **अफ्रिकामा नेपाली अचार** : अफ्रिकाको युगान्डास्थित बेसट वेस्टर्न प्रिमियर होटलमा नेपाली अचारलाई एभरेस्ट चन्की सलादको नाममा मेनुमा राखी अन्तर्राष्ट्रिय पाहुनालाई पस्कँदै नेपाली सेफ तथा एनआरएनएन अभियन्ता रमेश कँडेल ।



■ **पाथीभरामा** : अभिनेत्री रेखा थापा पाथीभरा माताको दर्शन गरेपछि ।



■ मिस नेपाल-२००२ माल्भिका सुब्बासँग तस्बिर खिचाउँदै सुर्यमाला शर्मा र सरोज खनाल दम्पति ।



सम्माननीय प्रधानमन्त्रीज्यू, खेलाडीहरूले तपाईंले भनेभन्दा पनि दिमाग लगाएर खेले । एउटा पनि उच्चस्तरीय मैदान नभएको देशका खेलाडीले विश्वकप जितेभन्दा पनि बढी हो– वन डे स्टाटस । अब हरेक प्रदेशमा मैदान दिनुस् । क्रिकेटमा राजनीति बन्द गरी खेल र खेलाडीमा लगानी गरिदिनुहोस् ।

**प्रमोद खरेल**




■ **यात्रामा** : चलचित्र साढेसातको प्रदर्शनका लागि मलेसिया प्रस्थान गर्दै सत्य-स्वरुपराज आचार्यसँगै अभिनेता सुनिल थापा ।

## साइबर फिडब्याक

२०७२ सालको भदौमा कैलालीको टीकापुरमा भएको घटनामा एक डिआइजीसहित ७ जना प्रहरी तथा एक नाबालकको हत्या भयो । उक्त घटनामा रेशम चौधरीलाई दोषी ठहऱ्याउँदै अदालतमा मुद्दा पऱ्यो भने तिनै चौधरी कैलाली क्षेत्र नम्बर-१ बाट प्रतिनिधिसभा सदस्य निर्वाचित भए । चौधरीलगायत घटनामा संलग्नहरूलाई हदैसम्मको सजायको माग गर्दै प्रहरीले अदालतमा मुद्दा दायर गऱ्यो । हालै चौधरीले कैलाली जिल्ला अदालतमा आत्मसमर्पण गरे । अदालतको आदेशमा पुर्पक्षका लागी थुनामा रहेका चौधरीले जेलमै अनशन सुरु गरे । गत शुक्रबार वीर अस्पताल पुगेर गृहमन्त्री रामबहादुर थापा "बादल" ले चौधरीको अनशन तोडाउँदै उनलाई जुस पिलाए । उक्त घटनाको सामाजिक सञ्जालमा व्यापक आलोचना भयो ।

प्रचण्डले रेशम चौधरीसँग भेट्दा बेस्सरी आलोचना गर्ने हामी गृहमन्त्री आफैं उनलाई जुस पिलाउन जाँदा किन चुप छौं ? के एमालेसँग मिल्दैमा कसैको अपराध माफ हुने हो ? होईन भने मुख्य अभियुक्तलाई जुस पिलाउने गृहमन्त्रीविरुद्ध कारबाही होस् ।

**प्रदीप भट्टराई**

गणेश लामा मार्काका एक जना मन्त्री नै भैसक्या देशमा लामालाई छुटाउन जुलुश निस्कनु, रेशम चौधरीलाई गृहमन्त्रीले जुस ख्वाउनु स्थिरता र समृद्धिकै प्रतीक त होला नि ।

**समा थापा**

रेशम चौधरीविरुद्ध कानुनी कारबाही गर्न पहल गर्नुको सट्टा जुस ख्वाउने गृहमन्त्री र हतियारसहित गिरफ्तार गरिएका गणेश लामाको रिहाइका लागि आन्दोलन गर्ने कांग्रेसबीच के नै फरक छ र ?

**ओमकुमार थापा**

सरकार के ठान्यौ हामीलाई ? बुख्याँचा ? दुई बर्षे नाबालकको समेत इहलीला समाप्त पारिएको टिकापुर काण्डका अभियुक्त रेशम चौधरीलाई गृहमन्त्रीले जुस पिलाउने ? हाम्रा आँखा र कान गुच्चा हुन् ?

**सरला गौतम**

हिजो साइकलले छिमेकीको कुखुरा किच्ने हरीलाई पुलिसले थुनामा राखेर सजाय दियो, तर अभियुक्त रेशम चौधरीलाई जुस ख्वाएर सम्मान गऱ्यो- ठूला र सानाबीचको फरक ?

**राजन**

टीकापुर घटनाको दोषी रेशम चौधरीलाई सरकारका तर्फबाट गृहमन्त्रीले जुस पिलाउनु गलत हो । यस्तो आदेश दिएर प्रधानमन्त्रीले समेत गलत काम गरे ।

**सरस्वती सुब्बा**

रेशम चौधरीलाई जुस पिलाउने सत्ताधारी र गणेश लामाको रिहाइको माग गर्ने प्रतिपक्षीबाट समृद्धिको आशा नगर्नु नै बेस ।

**केदार मरासिनी**

रेशम चौधरीलाई चाहे जुस ख्वाइयोस्, चाहे सपथ ख्वाइयोस वा मासुभातै ख्वाइयोस्, ती सबै काम जेल भित्रै हुनुपर्छ । उनी कदाचित बाहिर आउनु हुँदैन । यो जनताको माग हो ।

**विश्वर सिंह राई**

कसले भन्छ पार्टीहरूले काम गरिरहेका छैनन् ? कांग्रेसले गणेश लामालाई छुटाउँदैछ । माकेले रेशम चौधरीलाई जुस पिलाउँदैछ । एमालेले दिपक मनाङ्गेलाई लुकाउँदैछ ।

**माइक बुढाथोकी**

देउवा सरकारले रेशम चौधरीलाई ६० लाख रुपैयाँ क्षतिपूर्ति दिएको थियो । त्यही देखेर होला गृहमन्त्री बादलले हम किसिसे कम नहिँ शैलीमा जुस पिलाएको । अब सिधै आफ्नो पद उनलाई सुम्पँदै गृहमन्त्री नै बनाए भयो नि ।

**रिजाल काइँलो**

रेशम चौधरीलाई जुस ख्वाएर अनसन तोडाउने, छोराको हत्यारालाई कारबाही गरिदेउ भनेर अनसन बस्दाबस्दै ज्यान गुमाएकाको लास टिचिङ्ग हस्पिटलको फ्रिजमा सजाउने ? न्याय मरेको यो देशको नागरिक हुनुमा गर्व गरौं । किनभने हामी अहिले लोकतान्त्रिक गणतन्त्रमा छौं ।

**निरन्जन वस्ती**

सुशासनको नमुना : रेशम चौधरीलाई गृहमन्त्रिले जुस पिलाउनु र जेल मै सपथ ग्रहणको व्यवस्था । संक्रमणकालीन न्याय, गम्भीर अपराधमा कम सजाय हुनेगरी ऐन संशोधन तथा मन्त्रालयको बाँडफाँड र तोडफोडमा व्यस्त बहुमतको सरकारमा दुई तिहाईको अभीष्ट । बिहानीले नै दिनको झ-झल्को दिन्छ भन्थे- हो रहेछ ।

**महेश क्षेत्री**

होटल तालिम होटल खुम्जुङ्मा
(नेपाल सरकार र CTEVT बाट मान्यता प्राप्त)
छिटो अनि राम्रोसँग कुक/वेटर/बेकरी/बारमेन/हाउसकिपिङ्ग लगायत सम्पूर्ण होटल तालिममा धमाधम भर्ना लिइँदैछ । विदेश गईहाल्नु पर्नेहरुका लागि विशेष कोर्सको व्यवस्थाका साथै होटल र होस्टलको पनि व्यवस्था छ ।
आफ्नै होटलमा OJT ट्रेनिङ्ग गराईने ।
Hotel Khumjung Pvt. Ltd.
महाराजगञ्ज, चक्रपथ, नारायणगोपाल चोकबाट ३ मिनेट पूर्व
फोन नं. 4016194, 4016111

Study In CANADA
» Affordable Tuition Fee » Credit Transfer
» Scholarship Available Up to 50%
Spouse together can apply
PROGRAM : English/Diploma/Under Graduate/Graduate
World Wide Edu. Inf. Center
Opp. Tri Chandra College, Ghantaghar Mode, Kamaladi, KTM.
Tel: 4-243556, 4-223168, E-mail:worldedu@ntc.net.np

युवा मन

# प्रधानमन्त्रीलाई चिठी



सुविन भट्टराई

सम्माननीय प्रधानमन्त्रीज्यू,
कहिल्यै नउठेको कलम यस पटक उठेको छ मेरो । तपाईंलाई केही नलेखी, केही नभनी, तपाईंसँग केही नमागी बस्नै नसक्ने भएँ भन्नु मेरो अधिकार पनि त हो । तपाईंलाई नघुर्क्याए, तपाईंलाई नधम्क्याए, तपाईंसित गुनासो नगरे, तपाईंसित नरोए, कोसित जाऊँ ?

हिजोअस्ति चोकको चियापसलमा, चियाका गुलिया चुस्कीसँग मन अमिलो बनाउँदै तपाईंप्रति तिक्तता पोख्नु मेरो पनि दैनिकी थियो । तपाईंप्रति मात्र होइन, यसअघिका हरेक सरकारप्रति आँखाभरि घृणा, मुटुभरि आक्रोश र गोजीभरि गाली अनि व्यङ्ग्य बोकेर हिँड्ने मानिसहरूको भीडमा म पनि थिएँ ।

यद्यपि आज सबै कुरा फेरिएको छ । तपाईंको प्रधानमन्त्रित्व हिजोअस्तीको जस्तो कुपोषण र क्षयरोग लागे जस्तो पनि रहेन । आज तपाईंको प्रधानमन्त्रित्व हट्टाकट्टा र स्वस्थ छ । हिजो तपाईंका हिम्मत र इच्छाहरूमा प्वालैप्वाल थिए । आज तपाईंको क्षमता र अवसरका पखेटामा प्वाँखैप्वाँख पलाएका छन् । उडाएर समृद्धि र विकासको लोकमा पुर्‍याउनुहुन्छ कि भ्रष्टाचार र अनियमितताको दलदलमा पछार्नुहुन्छ, तपाईंकै हातमा छ ।

अझै पनि, हर चियापसल, हर चोक, हर घर, हर प्रहर, हर गफ, हर रिस, हर दिग्दारी, हर लाचारीमा तपाईं नै बढी सम्बोधित भैरहनुभएको छ । सरकार फेरिन्छ, तै पनि मानिसभित्रको निराशा हत्तपत्त फेरिँदैन । देशमा मन्त्रीमाथि मन्त्री थपिन्छन्, तर मानिसको अँजुलीमा किन एक मुठी खुसी कहिल्यै थपिएन ?

यस पटक सक्नुहुन्छ तपाईं– ती हर व्यङ्ग्य र गालीगलौजको प्रहार छेक्न सक्ने गजबार लगाउन । पक्कै सक्नुहुन्छ तपाईं हर अनुहारमा थुप्रिएको निराशाको कसिङ्गर बढारेर मिल्काउन । सक्नुहुन्छ तपाईं, हरेक बिहान, गेटबाट हामफाल्ने पत्रिकाको हेडलाइनमा सुध्रिएर अथवा सच्चिएर छाउन ।

किन नसक्नु र प्रधानमन्त्रीज्यू ? तपाईं त प्रधानमन्त्री पो । तपाईं सक्नुहुन्छ यसपटक त पक्कै पनि, हरेक नेपालीको मस्तिष्कमा बोल्ड अक्षरमा लेखिएको 'यो देशमा केही हुनेवाला छैन' भन्ने निराशा मेटाउन ।

प्रधानमन्त्रीज्यू, मानिसहरू अझै पनि हर बिहान चियाको भन्दा निराशाको चुस्कीले आफ्नो बिहान तड्ग्र्याइरहेछन् र दिनभरको भागदौडमा कहीँ नपुगेको देख्दा राततरातभर आफ्नै नियतिलाई नङ्ग्याइरहेछन् ।

मानिसहरू अझै पनि हर दिन आफ्नै देशमा बस्नुपर्दाको पीडाले छटपटाइरहेछन् ।

अब त सक्नुहुन्छ प्रधानमन्त्रीज्यू, सक्नै पनि पर्छ, अब पनि केही नगरी पाँच वर्षपछि फुत्त उम्किएर भाग्ने बहाना तपाईंसित छैन ।

र, म यसपटक आशावादी पनि छु । तपाईंको मन्त्रिमण्डलमा परेका केही अनुहारको विगतको प्रभाव र आजको चमक हेर्दा मात्र पनि मेरा मुर्झाइसकेका आशाहरू त्यसै बौरिएर आएका छन् । धेरै थोक त अहिल्यै तपाईंबाट आश पनि गरेको छैन । रातारात जादु गर्न त तपाईंले पनि कहाँ सक्नुहोला र ?

तपाईंहरूकै नेतृत्वको छायाँमुन्तिर बस्दाबस्दा, यति बाठा त हामी पनि भैसकेका छौँ कि तपाईं र तपाईंका साथीहरूले देखाएको ठूल्ठूला सपना पाल्ने भ्रम हाम्रो सानो मस्तिष्कले गरेको छैन । तपाईंहरूले देखाएका कतिपय सपनाका भारलाई हाम्रो आशा र विश्वासले अझै थेग्न सकेको छैन ।

प्रधानमन्त्रीज्यू, यो देशका नागरिकमा, यो देशमा, यही देशको भएर, यही देशका लागि केही गरूँ भन्ने सपना यही देशको आकाशमा फिँजिइरहने धुलोका कणजति नै छन् । नभए दराजमा थन्किएर बसेका उनीहरूका टुहुरा पासपोर्टले घरी-घरी दराज खोलेका बेला उनीहरूलाई आशालाग्दो अनुहारले नहेरेको कहाँहोलान् र ?

अब त केही राम्रो पक्कै हुनुपर्छ ।

मेरो फोक्सोले एक मुठ्ठी स्वच्छ सास मागेको छ, त्यति त सक्नुहुन्छ नि प्रधानमन्त्रीज्यू ! रोगै थाहा नपाई हजारौँ पर्ने औषधी दिने नाफाखोर डाक्टरहरूको लाइसेन्स खारेज गर्न त सक्नुहोला ।

देशमा स्तरीय सडक र अति आवश्यक नियम नहुँदा बर्सेनि त्रिशूलीमा खसेर मर्नेहरूका आफन्तको आँसु त्रिशूलीजत्तिकै बगिसक्यो । अब त्यहाँ अरू आँसु नथपियोस् । यो नसक्ने पनि कुरा हुन्छ नि ?

सात वर्षकी बालिका बलात्कृत भन्ने खबर सुन्दा हर उमेरका महिला तर्सिन्छन् । यसपटक सक्नुपर्छ तपाईंले उनीहरूको मुटुबाट त्यो भय उखेलेर फ्याँक्न । सक्नुहुन्छ तपाईंले यस्तो कानुन बनाउन (र कार्यान्वयन गर्ने वातावरण बनाउन) कि आइन्दा कसैका छोरीचेलीप्रति गिद्धे आँखा लगाउनुअघि देशकै कानुन सम्फेर ऊ हजार पटक तर्सियोस् ।

प्रधानमन्त्रीज्यू, कोही बोक्सीको नाउँमा दिनदहाडै पिटिन्छन् र मानिसहरू तमासा हेरेर बस्छन् । यस्ता समाचार पढ्दा-पढ्दा तिलगँगै जानुपर्ने गरी आँखा दुखिसकेको छ । अब त पक्कै सक्नुहुन्छ यस्तो अन्धविश्वासलाई रोक्न ।

चार भित्ता जमिन र दुई मुठ्ठी चामलका लागि यही देशमा मर्नुसम्म परिरहेको छ । धेरै मतले जित्नुभएको व्यक्ति तपाईं, अब थोरै मन उनीहरूको पनि जित्नुस् न ।


हरेक नेपालीका थाकेका, दुखेका, पोलेका, घोचेका, बाउँडिएका आफ्नै अवयवहरूले तपाईंलाई टुलुटुल हेरिरहेका छन् ।

यसपटक त म धेरै नै आशावादी छु । चियापसलमा बसेर 'यो देशमा केही हुनेवाला छैन' भन्ने भीडबाट पनि अलग्गिसकेको छु ।

ठूलो केही गर्नु पर्दैन, यत्ति मात्र गुन लगाउनुहोस्, यति मात्रको लायक हुनुहोस् प्रधानमन्त्रीज्यू कि अर्को चुनावमा पनि सारा जनताले आँखाभरि उत्साह र हृदयभरि आशा लिएर निर्धक्कसित तपाईंलाई नै भोट हालून्– शुभकामना ।

**तपाईंको देशको**
**आशावादी नागरिक**

# राष्ट्रलाई हजार मूर्ति उपहार दिने सपना






एक हजार मूर्ति तयार गरी राष्ट्रलाई प्रदान गर्ने घोषणा गरेका मूर्तिकार मञ्जुल बराइली (मितेरी) ले अबको १० वर्षभित्रमा ती मूर्ति तयार पारिसक्ने बताएका छन् । २०७२ सालमा युवा प्रतिभा पुरस्कारबाट सम्मानित बराइली यतिबेला जापानमा विश्वकै ठूलो मूर्ति निर्माणमा जुटेका छन् । जापानबाट केही दिनका लागि घर आएका बराइलीले साप्ताहिकसँग कुराकानी गर्दै भने– २०८४ फागुनभित्र राष्ट्रलाई १ हजार मूर्ति उपहार दिनेछु । २०६१ सालमा १० वर्षभित्र ती मूर्ति राष्ट्रलाई दिने घोषणा गरेका मितेरीले आर्थिक अवस्थालगायत विभिन्न कारणले आफ्नो उद्देश्य पूरा हुन नसकेको उल्लेख गर्दै थप १० वर्षमा आफ्नो लक्ष्य पूरा गर्ने वाचासमेत गरेका छन् । हालसम्म विश्वप्रख्यात व्यक्तिहरूको १ सय ५० वटा मूर्ति तयार भैसकेको उनले जानकारी दिए । पछिल्लो समय जापानको कामिआमाकुसा सहरको विशाल पहरामा विश्वकै सबैभन्दा अग्लो बुद्धको मूर्ति कुदिरहेका मन्जुल भन्छन्– जीवन चलाउनैपर्‍यो, परिवारको जिम्मेवारी पनि छ, त्यसका लागि पनि ढुङ्गासँगै खेल्नुपर्ने हुन्छ ।' जापानी व्यापारी ओसिमा सिजुकीको ३० वर्षअघिको परिकल्पनामा यतिबेला जापानको कामिआमाकुसा सहरबाट झन्डै १५ किलोमिटरको दूरीमा अवस्थित पहरामा संसारकै ठूलो बुद्ध मूर्ति निर्माण भैरहेको छ । आगामी पाँच वर्षभित्र ६० फिटको एउटा, ५० फिटका दुईवटा र ३० फिटका चारवटा बुद्ध मूर्ति निर्माण गरिसक्ने उद्देश्यका साथ मन्जुलसँगै काभ्रेका सानुभाइ विश्वकर्मा, उदयपुरका रामचन्द्र पडित, मोरङका गणेश राई बान्तवा दैनिक ८ घण्टा खटिरहेका छन् ।

**नरेन्द्र बस्नेत**



यात्रा सन्दर्भ

# उपेन्द्रका पहाड फोड्ने कविता



किशोर नेपाल



उपेन्द्र सुब्बा । सांसारिक अनुभवले थाकेर पाकेको जोगीको लट्टाजस्तो बाक्लो कपाल । एउटा रफ-टफ व्यक्तित्व । असल मानिसका रूपमा जगले उनको सामान्य व्यक्तित्वको राम्रै पहिचान गरे पनि साहित्य र सिनेमाको संसारले राम्रोसँग चिनी नसकेका कवि । असल र राम्रो कवि र कविता चिन्न र खोज्न हाम्रो समाजको बौद्धिक औकात पनि छैन होला । राम्रो र नराम्रो छनौटको जिम्मा एकतर्फी हिसाबले बजारले लिएका बेला चम्किएका कौडीको महत्व बढ्छ– मणि कसैको आँखामा चढ्दैन । उपभोक्ता वादी समाजमा मानिस थाहै नपाई बजारको गुलाम बनिसकेको हुन्छ । होइन भने बितेका बीस वर्षयता कविताका नाममा कोरिएका करोडौं हरफमा अर्थपूर्ण कविताहरू हराउने अथवा पाठकहरूको सीमित घेरोमा थुनिने थिएनन् होला । फेसबुकमा टाँसिने जन्म र मृत्युका समाचारलाई लाइक गर्दागर्दै जीवनका बहुआयामिक बौद्धिक र दार्शनिक पक्षहरू बिर्सँदै गएको पुस्ताको साँघुरिँदै गएको क्षितिजमा कविताले भन्दा बढी स्थान ठट्टाले पाएको छ । प्रकाशन व्यवसायमा लागेका कतिपय बुद्धिजीवी सफल लेखनका लागि लेखकमा शब्दको प्रचुर जानकारी चाहिँदैन भन्ने आशय फैलाउन खोज्दैछन् । अन्ततः लगातार अवनतिको बाटोमा लागेको समाजका लागि कविता र अन्य कुनै पनि रचना विधाको निरन्तर अवनति स्वभाविक नै होला ।

साथीभाइले चिनाइसकेका थिए उपेन्द्रसँग । उनको कविता एकमुस्ट पढ्न पाएपछि मैले सोचें, वास्तवमा यो मान्छे कविता हो कि कविताको चुरो हो ? यसले जीवनलाई जसरी कुँदेको छ कविताको आकारमा, त्यो अनुपम छ । कविता र सम्पूर्ण साहित्यिक रचना-विधाको कायाकल्प खोजिरहेका कवि शैलेन्द्र साकारका शब्दमा– 'कविताको स्वर र आवाज यस्तो हुनुपर्छ जसलाई कसैले उपेक्षा गर्न नसकोस् ।' संसारमा आवाज र चित्कारहरूको कमी छैन । पृथ्वीको एउटा गोलार्द्धदेखि अर्को गोलार्द्धसम्म मानिसहरू निरन्तर चित्काररिहेका छन् । ती सबै चित्कार सुनिन्छन् र सुन्नैपर्छ भन्ने पनि केही छैन । बजारको नियमअनुसार सबै सिनेमा नचलेजस्तै सबै कविता मानिसका आवाजको प्रतिनिधि हुँदैनन् र ती सुनिँदैनन् । आवाजको महत्व र प्रभाव सुनिनुमा हुन्छ । जो सुनिँदैन त्यो वास्तविक होइन ।

त्यसपछि आयो यस्तो समय, जब कविता नै सम्पूर्ण नेपालीको आवाज बन्यो । कविहरूले निरंकुश राजासँग चर्को स्वरमा प्रश्न सोध्न थाले- हामी जनता चिच्याइरहेका छौं र तिमी राजा सुनिरहेका छैनौ । के तिम्रा कान त साबुत छन् ? कि तिनका जाली फुटिसके ? मोहन कोइराला, भूपी शेरचन, वासु शशि, कृष्णभक्त श्रेष्ठ, ईश्वर वल्लभ... र त्यसपछि नयाँ पुस्ताका शैलेन्द्र साकार, कृष्णभूषण बल, तीर्थ श्रेष्ठ र धेरै कविहरू । स्वतन्त्रताको खोजीमा कविता क्रान्ति विभिन्न आन्दोलनका रूपमा चली नै रह्यो । औपचारिक निरन्तरताको नाममा भए पनि, अहिलेसम्म त्यो चलिरहेको छ ।

प्रजातन्त्रको पुनर्स्थापनापछि यो देशका कविहरूले चोला बदलिएका थिए । धेरै स्रष्टा पन्छिएका थिए । धेरैले नयाँ सरकार र नयाँ व्यवस्थाका नवरत्नका रूपमा स्थापित हुने अवसर पाएका थिए, तर कविता बदलिएन । कविता एउटै अवस्थामा मात्र बदलिन सक्छ जब समाजको मनोदशा सम्पूर्णतामा बदलिन्छ ।

कविता नै साहित्यको एउटा यस्तो विधा हो जसले मानिसको मनोदशा बिथोलिदिन्छ । कुनै कुरा पनि नबिथोलिएसम्म बन्न सक्दैन ।

सानै उमेरदेखि कविता लेख्न थालेका कविहरूको खाँचो सम्भवतः कहिल्यै कुनै देशलाई परेन । कविताको खेतीमा नेपाल त झन् धाराप्रवाहवादको मूल नै भयो । कविताका नाममा नेपालमा जति कागजको उपभोग भयो होला वा जति गिगावाइट स्पेसमा नेपाली अक्षर छरिए होलान, त्यसको लेखाजोखा नगरेकै बेस । ती छापिएका र छरिएका अक्षरहरूको अर्थवत्ता कति रह्यो ? यो पनि सोच्नुपर्ने विषय रहेन । केही वर्षयता, यस्तो लाग्छ, कविता थोरै लेखिए । कविताका नाममा आत्मप्रलापको ओइरो बढी लाग्यो ।

ती थोरै कविता लेख्ने थोरै कविमध्ये एक हुन्– उपेन्द्र सुब्बा । उनका कवितामा दर्शनका जटिलता छैनन्, बुद्धिका आडम्बर पनि छैनन्, विसुवियस र हिरोसिमाका सन्ताप पनि छैनन् । कूटनीतिक जादुगरी र राजनीतिक कुटिलता पनि छैनन् । अतृप्त आकांक्षाको जालोमा बेरिएका पनि छैनन् यी कविता । ब्रम्हाण्ड विद्रोह र परिवर्तनका नारा पनि छैनन् यी कवितामा । सरसरी हेर्दा नेपाली समाजको सामान्य चित्रण र सामान्य उद्बोधन मात्र उपेन्द्रका कविताका अभीष्ट हुन्, तर गहिराइमा उनका कविता बुझ्ने हो भने यी कविता विद्रोह, आकांक्षा र परिवर्तनका संवेगहरूमा हजारौं गिगावाइट विद्युत् उत्पादन गर्ने पानीको धारजत्तिकै बगेका छन् ।

कवि सामान्य मानिसको सामान्य जीवनको पर्यवेक्षणमा लागेका छन् । उनी भट्टीमा भेटिन्छन् । खेत, खोला र साना नानीहरूको आँखामा चियाइरहेका भेटिन्छन् । फौदारी र मोबाइलमा भेटिन्छन् । आफ्ना परिधि र सीमाभित्रबाट ऊ संसारको निरीक्षण गरिरहेको भेटिन्छन् । संसारलाई आफ्नै परिवेशको प्रतिबिम्बमा टल्किएको हेर्न चाहन्छन् उनी ।

उपेन्द्रका कविताहरूमा संगीत सुर र लयको बेजोडको तालमेल छ । यी कविता गाउन सकिन्छ । लिम्बू समाजको संस्कृति र संस्कारका बीचमा हुर्किएका उपेन्द्रले लिम्बू संस्कृतिमा प्रचलनमा रहेका मुन्धुम र आस्थाका थुप्रै अवशेषलाई तिनका अर्थसहित प्रतीक र बिम्बका रूपमा प्रयोग गरेका छन् । लिम्बू संस्कृतिको व्यापकतासँग बाँकी संस्कृतिलाई परिचित गराउने उनको यो प्रयोगले आजको समाजलाई सह-जीवनको महत्व बुझाउने प्रयत्न गरेको छ । नेपालको विविध सांस्कृतिक जीवनमा बिम्ब र प्रतीकहरूको कमी छैन । केही पूर्ववर्ती कविहरूले आप्ना कवितामा कलात्मक महत्व स्थापित गर्नका लागि मात्र यी बिम्बहरूको प्रयोग गरेका पनि छन्, तर उपेन्द्रले ती बिम्बको प्रयोग कविताको मागअनुसार गरेका छन् । त्यसैले उनको यो प्रयोग अर्थपूर्ण बनेको छ । आजको अधकल्चो राजनीतिक, सामाजिक र आर्थिक वातावरणमा उपेन्द्रले प्रयोग गरेका प्रतीक र बिम्बहरूको गलत अर्थ लगाएर उनको कवितामा क्षेत्रियताको गन्ध सुँघ्न खोज्नेहरू पनि पक्कै होलान् । त्यस्ताले बुझ्नुपर्छ बिम्ब र प्रतीकहरू सर्वदेशीय र सर्वकालिक हुन्छन् ।

पछिल्लो कालखण्डका नेपाली कवितामा भावात्मक संवेगका कृत्रिम रेसाहरूको बिगबिगी छ । आफूलाई मानिसभन्दा पहिले देशभक्त र अरू मानिसको तुलनामा विशिष्ट बनाउने धुनमा कविहरूले कवितासँगै बलात्कार गर्ने गरेका छन् । उपेन्द्र ती सबै ताण्डवहरूबाट मुक्त सामान्य मानिसका सहज कवि बनेका छन् । अन्ततः कुनै पनि रचनाकारको परिचय उसका रचनाले दिन्छन् । आज उपेन्द्र लो-प्रोफाइल कवि होलान्, तर उनको कविताको वेग पहाड फोडन समर्थ छ ।

## प्रतिक्रिया



साप्ताहिकको गत अंकमा 'मंगल होस्' स्तम्भमा मनोज गजुरेलले 'बुद्धको जन्म नेपालमा भएको हो तर...' शीर्षकको लेख लेखेका थिए । सामाजिक सञ्जालमा उक्त लेखलाई लिएर विभिन्न खालका प्रतिक्रिया प्राप्त भए ।

बुद्धको जन्मलाई लिएर मात्र होइन, हामीले बुद्धको नाममा पनि ठूलो व्यापार गरेका छौं ।

**गुरुप्रसाद**

धेरै राम्रो लेख । सलाम छ मनोजजी !

**भगवान पोखरेल**

विश्वलाई थाहा छ, बुद्ध नेपालमै जन्मिएका हुन् । सत्य तीतो लाग्न सक्छ । हामीले भन्दा बढी संख्यामा कसैले बुद्धका बारेमा कार्यक्रम गरेर बुद्धको जन्मथलोका सम्बन्धमा भ्रम फैलायो भने के त्यो सही हुन्छ ? तसर्थ बुद्ध जन्मिएको कुरामा विवाद होइन, बरु बुद्धका बारेमा प्रचार-प्रसार गरौं ।

**ओमकुमार थापा**

ठीक कुरा हो, यद्यपि बुद्ध जन्मस्थलका बारेमा भारतले मात्र होइन, अरू देशले पनि नचाहिने कुरा नगरून् भनेर खबरदारी गरिरहनुपर्छ ।

**असितमान**

कुलदेउता छाडेर वनदेउतालाई मन्साएको फल हो यो । आज आफ्नो धर्म छाडेर पश्चिमी मुलुकको सिको गरेकैले मौलिक चिजहरू दुर्लभ हुन पुगेका छन् ।

**मिलन**

भ्रम त आफ्नै देशमा छ । अन्तको त के कुरा गर्नु ?

**दावा**

बुद्ध नेपालमा जन्मिएका हुन्, संसारकै सबैभन्दा अग्लो हिमाल नेपालमा छ र नेपालले एक दिवसीय क्रिकेट टिमको मान्यता पायो भनेर संसारभरिका मानिसलाई थाहा छ ।

**साना**

घरीघरी त दिक्क लाग्ने, बुद्ध नेपालमा जन्मिएका हुन् भन्नलाई जनसागर उर्लिनुपर्ने ? कहिले सीताजी नेपालकी छोरी हुन् भनेर जन्मदर्ता नै देखाउनुपर्ने ? बुद्धले ज्ञानको खोजीमा भारतको जंगल नै छिर्नुपर्ने ? हाम्रो देशमा जंगलको कमी रहेछ ? सिताजीले विवाह गर्न भारतका राम नै किन रोजेकी होलिन् ? के नेपालमा राम नभएरै हुन् ?

**सविता कट्टेल**

बुद्ध मात्र त्यस्ता व्यक्ति हुन्, जसले कसैसँग श्रद्धाको पूर्वभुक्तानी माग्दैनन् । मलाई मान अनि मात्र तँलाई फल दिन्छु, शिर झुकाऊ अनि मात्र ज्ञान दिउँला पनि भन्दैनन् । संसारमा पर्वत त धेरै छन् तर हिमालय पर्वत अतुलनीय छ, बुद्ध अतुलनीय छन् । उनले शिर नझुकाऊ भन्दाभन्दै पनि साधकको शिर आफैं स्वतः निहुरहन्छ श्रद्धाले ।

**दीप किरण**

भगवान् बुद्धको जन्म लुम्बिनीमा भएको थियो । यसमा कुनै शंका छैन, तर बुद्ध नजन्मिएका देशहरू पनि शान्त छन्, सगरमाथा नभएका देशहरूको पनि शिर ठाडो छ । मरुभूमिमा पनि मानिसहरू पानी खान नपाएर मरेका छैनन् । सक्छौ भने बुद्धत्व खोज, बुद्धको जन्मस्थान होइन ।

**प्रमोद महता**

twitter follow us on twitter.com/saptahik

SMS मार्फत प्रतिक्रिया
SF(space) दिएर आफ्नो प्रतिक्रिया टाइप गरी नामसहित 8080 मा पठाउनुहोस् ।

Like us on Facebook
facebook.com/kantipursaptahik

# प्रचण्डसँग पारिवारिक रूपमा जोडिदिने विषयले पीडाबोध गर्छु



■ बिना मगर
मन्त्री, खानेपानी
तथा सरसफाइ

केपी शर्मा ओली नेतृत्वको गठबन्धन सरकारकी सबैभन्दा कान्छी मन्त्री हुन्- बिना मगर । ३४ वर्षीया बिनाले माओवादीका तर्फबाट खानेपानी तथा सरसफाइ मन्त्रीको जिम्मेवारी पाएकी छिन् । कञ्चनपुरको सामान्य किसान परिवारमा जन्मिएकी बिना लामो समय माओवादी आन्दोलनमा सक्रिय रहिन् । सोही क्रममा उनले भैरवनाथ गणमा कठोर यातनाको सामना गर्नुपर्‍यो ।

पछिल्ला वर्षहरूमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल "प्रचण्ड"की बुहारीका रूपमा पनि उनको चर्चा चुलियो । दाहालका एकमात्र पुत्र स्व. प्रकाश दाहालकी श्रीमती बिनाले चुनावी अभियानकै क्रममा पतिवियोगको बज्रपात बेहोर्नुपर्‍यो । अझै पनि बिनाको अनुहार सामान्य अवस्थामा फर्कन सकेको छैन । पति दिवंगत भएको तीन महिना बितिसके पनि बिना प्रकाशको प्रसंग आउँदा आकाशतिर फर्किएर रुन्छिन् । कञ्चनपुर-१ बाट प्रतिनिधिसभा सदस्यमा विजयी बिना अहिले दाहाल परिवारकी प्रभावशाली सदस्य त हुँदै हुन्, माओवादीभित्रको एउटा पावरसेन्टरसमेत मानिन थालेकी छिन् । बिनासँग मन्त्री भएपछिका कार्यभार, सम्भावना, चुनौती आदि विषयमा साप्ताहिकका लागि जनक तिमिल्सिना तथा भिषा काफ्लेले गरेको कुराकानी :

**महत्वकांक्षी भनिएको सरकारमा कसरी आफूलाई फिट सावित गर्नुहुन्छ ?**

पहिलो कुरा अहिले हामी संयुक्त वाम गठबन्धनको सरकार बनाइरहेका छौं । यसले आफ्ना एजेन्डाहरू घोषणापत्रमै प्रस्ट पारिसकेको छ । म आफैंले पनि अहिले जुन अवसर पाएकी छु, त्यसलाई घोषणापत्रको स्पिरिटअनुरूप राष्ट्रको उन्नति-विकास अनि बेरोजगारीको अन्त्यमा केन्द्रित हुँदै पूरा गर्नेछु ।

**ओली क्याबिनेटमा तपाईं युवाहरूको प्रतिनिधि पनि हो । यस्तो स्थितिमा तपाईंलाई असफल हुने छुट छ कि छैन ?**

मैले सबैभन्दा कम उमेरकी फुल मन्त्रीका रूपमा क्याबिनेटमा जिम्मेवारी पाए । हुन त मभन्दा कान्छी रामकुमारी चौधरी राज्यमन्त्री हुनुहुन्छ । जुन रूपमा मिडियाले मलाई फोकस गरिरहेको छ त्यसलाई हेर्दा मलाई असफल हुने छुट छैन । हाम्रो देशका युवाहरूमा ठूलो फ्रस्टेसन आइरहेको छ, म असफल भए भने युवा नेतृत्वमाथि रहेको आशामा तुषारापात हुन्छ ।

**अहिले नेपाली युवाका मुख्य समस्या केलाई मान्नुहुन्छ ?**

सर्टिफिकेट हुन्छ, त्यसको उचित व्यवस्थापन हुँदैन, अर्थात् जागिर हुँदैन । जबकि त्यो सर्टिफिकेट हासिल गर्न उसले र उसका अभिभावकले पर्याप्त लगानी र कष्ट गर्नुपर्ने हुन्छ । ठूलो लगानीपछि छोराछोरीलाई सक्षम बनाइएको हुन्छ तर नेपालमा त्यो सर्टिफिकेटको सदुपयोग हुँदैन । युवाहरू त्यही फ्रस्टेसनका कारण विदेश गैरहेका छन् । युवा जमातमा राष्ट्र, सरकार तथा राजनीतिप्रति वितृष्णा देखिन्छ, यसलाई ब्रेक गर्नुपर्छ र त्यसका लागि मैले महत्वपूर्ण भूमिका खेल्नुपर्छ ।

**हिजो तपाईं सडकमा ढुंगा हान्ने समूहको नेतृत्व गर्नुहुन्थ्यो, अहिले सरकारमा हुनुहुन्छ । अहिले युवाहरू सडकको साटो सामाजिक सन्जालमा आक्रोश व्यक्त गरिरहेका छन् । त्यो आक्रोशलाई कसरी सम्बोधन गर्नुहुन्छ ?**

विरोधका आ-आफ्नै स्वरूप तथा शैली हुन्छन् । त्यसलाई ग्रहण गर्ने पनि आफ्नै शैली र तरिका हुन्छ । त्यो आक्रोशलाई हामीले सकारात्मक ढंगले ग्रहण गर्न सक्नुपर्छ । विरोधका स्वरभित्र पनि धेरै सकारात्मक पक्ष हुन्छन् । त्यसले सकारात्मक परिवर्तनका लागि झकझकाइरहेको हुन्छ, त्यसैले हामीले त्यसलाई सकारात्मक दबाबका रूपमा ग्रहण गर्न सक्नुपर्छ । स्याबासी दिएर सपोर्ट गर्नेभन्दा महत्वपूर्ण भूमिका निर्वाह गर्ने तप्का विरोधी तप्का हो । त्यसले हामीलाई अगाडि बढ्न, नयाँ काम गर्न र आफ्नो क्षमतालाई थप प्रस्फुटन गर्न, सिर्जनात्मक बन्न अनि देश, जनता र समग्र युवाहरूको हकहितका लागि काम गर्न प्रेरित गर्छ । ती आक्रोशलाई मैले प्रेरणाका रूपमा ग्रहण गरिरहेकी छु र त्यसले मेरो कार्यकालमा सकारात्मक भूमिका खेल्नेछ ।

**खानेपानी मन्त्री बन्नुभयो, कस्तो लागिरहेको छ ?**

बाहिर खानेपानी तथा सरसफाइ मन्त्रालय र अन्य मन्त्रालयलाई हेर्ने दृष्टिकोण फरक-फरक छ । यद्यपि यो मन्त्रालयमा आइसकेपछि मलाई अजीव किसिमको आत्मसन्तुष्टि मिलिरहेको छ । किनभने खानेपानी मन्त्रालय जनताको नैसर्गिक अधिकारसँग जोडिएको छ । नेपाली कल्चरमा दुई किसिमको स्याबासी हुन्छ, एउटा राम्रो काम गरिसकेपछि स्याबासी दिइन्छ भने अर्को राम्रो काम गरेबापत आशीर्वाद दिइन्छ । यो मन्त्रालय राम्रो काम गरेर आशीर्वाद पाउने मन्त्रालय हो । अरू मन्त्रालयले काम गरेपछि स्याबासी र धन्यवाद पाउँछन् तर यो मन्त्रालयले काम गर्न सक्यो भने आशीर्वाद पाउँछ । म त्यो आशीर्वाद प्राप्त गर्ने अभियानमा छु । नेपालको सन्दर्भमा यो महत्वपूर्ण र जनतासँग प्रत्यक्ष जोडिएको मन्त्रालय हो, नैसर्गिक अधिकारसँग जोडिएको मन्त्रालय हो, त्यसकारण यसको महत्व निकै ठूलो छ । यो मन्त्रालयबाट जनतालाई उपलब्ध गराइने सेवा-सुविधा जुन जनताको अधिकारभित्र पर्छ, त्यसलाई फुलफिल गर्ने काम निकै चुनौतीपूर्ण छ । म यसमा एकदमै संवेदनशील र गम्भीर छु ।

**मन्त्रालयका प्रमुख चुनौती के देख्नुभएको छ ?**

पहिलो चुनौती अहिलेको अपर्याप्त पानीको माग पूरा गर्नु छ । सहरतिर हेर्ने हो भने मेलम्ची खानेपानीको काम रोकिएको

पृष्ठ ६ मा



# प्रचण्डसँग पारिवारिक...



पृष्ठ ५ बाट

छ, त्यसलाई चाँडै सञ्चालनमा ल्याउने निर्देशन दिने तयारीमा छ। त्यसलाई चाँडोभन्दा चाँडो काठमाडौं ल्याएर जनतालाई बाँड्ने एउटा कुरा भयो। तत्कालको अर्को ठूलो चुनौती भनेको खानेपानीमा विद्यमान ठूलो चुहावट रोक्नु हो। खानेपानीको चुहावटलाई हामीले कहिल्यै नोटिस गर्न सकेका रहेनछौं। हाम्रो ध्यान बिजुलीको चुहावटमा केन्द्रित हुन्छ, तर खानेपानीमा यति ठूलो चुहावट छ भन्ने कुरा मैले मन्त्रालयमा आएको दुई दिनमै अनुभूति गरे। कुनै-कुनै घरमा चार पाँचवटा धारा पनि छन्, एउटै घरमा यति धेरै धारा भएपछि टाढाका घरहरूको त एउटै धाराका लागिसमेत पानी पुग्दैन। यसलाई नियन्त्रण गरेर उपलब्ध पानीलाई सही तरिकाले सही समयमा जनताको माझमा पुऱ्याउनुपर्ने चुनौती पनि छ। अर्कातर्फ भ्याली वरपर पानीका स्रोतहरू छन्, त्यसको व्यवस्थापन गर्ने कुरा पनि प्राथमिकतामा रहन्छ। हामीसँग धार्मिक एवं पर्यटकीय महत्वका स्थलहरू छन्, सुनधारा, ढुंगेधारा, बाइसधारा आदि धारालाई पनि व्यवस्थापन गर्नुपर्छ। यो पर्यटकीय महत्व र जनतासँग जोडिएको कुरा हो। यसलाई म गम्भीरतापूर्वक अध्ययन गर्दैछु। यो मन्त्रालयका सम्भावना, चुनौती एवं समस्याहरूको अध्ययन जारी छ। अध्ययन सकेपछि म एक्सनमा जान्छु।

**तपाईं मन्त्री हुने कुरा निकै अघिदेखि चर्चामा थियो, तर यही मन्त्रालय पाउँछु भन्ने थियो ?**

हामी उपसभामुखको चुनावमा थियौं, चार बजे नयाँ मन्त्रीको शपथ हुन्छ भन्ने थाहा थियो तर मन्त्रालय यही हुन्छ भन्ने कन्फर्म थिएन। फेसबुक र मिडियातिर आएपछि थाहा त पाए, तर आधिकारिक रूपमा कसैले भनिदिएनन्। शपथका क्रममा मात्र थाहा पाएँ।

**तपाईंको उमेर र अनुभवअनुसार त शिक्षा तथा युवा मन्त्रालय उपयुक्त हुन्थ्यो कि ?**

उपयुक्तताका हिसाबले अरू मन्त्रालय पनि हुन सक्थे तर यो मन्त्रालयको महत्व बढी छ भन्ने कुरा म यहाँ आएपछि मात्र थाहा भयो। म अहिले आफ्ना लागि योभन्दा उपयुक्त मन्त्रालय अर्को हुँदैनथ्यो भन्ने निष्कर्षमा पुगेकी छु। युवा र खेलमा पनि मेरो रुचि छ भने विद्यार्थी आन्दोलनबाट आएका कारण शिक्षा मन्त्रालय मेरो पेसासँग नजिक छ। अर्कै क्षेत्रको विज्ञ हुँदाहुँदै पनि पार्टीले मलाई यो मन्त्रालय जिम्मा दियो। यो मन्त्रालयको टेस्ट फरक छ।

**यो नै मन्त्रालय सम्हाल्न पाए हुन्थ्यो भन्ने कुनै रहर थियो कि ?**

म नेतृत्व र पार्टीले दिएको जिम्मेवारी सही ढंगले कार्यान्वयन गर्नुपर्छ भन्ने कुरामा दृढ छु। बढीभन्दा बढी आफ्नो क्षमता देखाउनुपर्छ भन्ने छ। यो वा त्यो मन्त्रालय भन्ने कुरै भएन।

**पानी महिला तथा गृहिणीहरूसँग प्रत्यक्ष रूपमा जोडिन्छ। उहाँहरूको जीवनस्तर उकास्न केही फरक योजना बनाउनुभएको छ ?**

यो निकै महत्वपूर्ण विषय हो। यो हामीले गाउँघरमा भोगेर आएको विषय पनि हो। तल खोलामा जति पनि पानी बगिरहेको हुन्छ, माथि डाँडामा रहेको घरमा त्यहाँको पानी ल्याउन घण्टौं लाग्छ। गाउँघरका दिदीबहिनीहरूलाई ठूलो असुविधा छ। गृहिणीहरू पानी लिन घण्टौं कठोर श्रम गर्नुपर्ने कुराको प्रत्यक्ष मारमा हुन्छन्। पहाडी क्षेत्रमा कसरी खानेपानीको उपलब्धता सहज बनाउने र समस्या न्यूनीकरण गर्ने भनेर बृहत् योजना बनाउनुपर्छ। तराईमा त ट्युबेलका कारण अलि कम समस्या छ तर, त्यो पानी पिउन योग्य छैन, त्यसमा शुद्धीकरण जरुरी छ। भूकम्पपछि पहाडी क्षेत्रका कतिपय गाउँबस्ती पानीको मुहान सुकेर काकाकुल छन्, यसले हाम्रो जनजीवनलाई नै प्रभावित तुल्याएको छ। हामी यस्ता पक्षमा ध्यान दिँदैनौं। यो स्वास्थ्य, सरसफाइ एवं महिलाको शारीरिक पक्षसँग जोडिएको गम्भीर विषय पनि हो। यसलाई सहजीकरण गर्न मलाई केही समय लाग्छ।

**३४ वर्षको उमेरमा फूलमन्त्री हुनुभयो। तपाईंको राजनीतिक जीवनको उच्चतम लक्ष्य के हो ?**

मेरो राजनीतिक जीवनको उच्चतम लक्ष्य जनताको सेवा गर्नु हो। जनताको सेवा गर्ने कुरालाई नै प्राथमिकतामा राखेर आउने जिम्मेवारीहरूलाई सही ढंगले निर्वाह गर्नु मुख्य कुरा हो।

> उहाँ मेरो आदर्श हो, नेता हो । हामी उहाँको निर्देशनमा मर्न तयार युवा हौं । त्यसकारण उहाँसँग जोड्ने विषयलाई म अस्वभाविक मान्दिनँ । यद्यपि मेरो व्यक्तिगत राजनीतिलाई जोड्नु उपयुक्त होइन, नातागोता-सम्बन्ध एक ठाउँमा छ । त्योभन्दा ठूलो कुरा उहाँ मेरो आदर्श हुनुहुन्छ । म उहाँको कमान्डमा लडिएको विद्रोहको एउटी सिपाही हुँ । उहाँसँग जोडिने कुरालाई म सकारात्मक लिन्छु, तर आफ्नो राजनीतिलाई परिवारसँग जोड्ने विषयमा भने पीडाबोध गर्छु ।

**मन्त्रालयमा तपाईंको बुवाको उमेरका कर्मचारीहरू हुनुहुन्छ। उहाँहरूसँगको समन्वय अप्ठ्यारो हुँदैन ?**

त्यति अप्ठ्यारो नपर्नुपर्ने हो किनभने एकले अर्कोलाई सहयोग र समन्वय गरेर नै प्रभावकारी काम गर्न सकिन्छ।

**नेपालको कर्मचारी तन्त्र एक खालको छ। तपाईंलाई सपोर्ट मिल्ला र ?**

एकले अर्कालाई सहयोग गर्ने ढंगमा गयौं भने सहज हुन्छ तर असहयोग गर्ने तरिकाले गयौं भने अव्यवस्थित र भद्रगोल हुन्छ। जुन ढंगले यहाँका सिस्टमहरू चलिरहेका छन् त्यसलाई व्यवस्थित गर्न आजैदेखि काम सुरु गरिसकेकी छु। टिम पनि कामलाई व्यवस्थित गर्न लागिपरेको छ। मेरो मन्त्रालयमा सेतै फुलेका बूढापाकाहरू पनि हुनुहुन्छ। हाम्रो उमेरका युवाहरू त एक दुई जना मात्र हुनुहुन्छ। बूढापाकाहरूका अगाडि हामी हात जोड्छौं, नमस्ते गर्छौं। संस्कारका कारण हामी उहाँहरूका अगाडि झुक्छौं। उहाँहरू मेरो मातहतमा हुँदा एउटा रेस्पेक्टको भावना हुन्छ नै। त्यसका साथसाथै उहाँहरूका अनुभव पनि महत्वपूर्ण छन्। म केश फुलाएका अग्रजहरूको अनुभवको भरपुर सदुपयोग गर्न चाहन्छु।

**कञ्चनपुरको सामान्य परिवारबाट सानै उमेरमा देशको केन्द्रीय मन्त्रीसम्म आइपुगेको श्रेय कसलाई जान्छ ?**

श्रेय त सिंगो आन्दोलन र नेतृत्वलाई जान्छ, सिंगो पार्टीलाई जान्छ। कञ्चनपुरबाट मैले जुन हिसाबमा राजनीति सुरु गरे त्यतिबेला राजनीति नै गर्छु भन्ने थिएन। ११ वर्षको उमेरमा कक्षा ५ को परीक्षा दिएर बसेका बेला म जनयुद्ध तयारीको अभियानमा बालकलाकारका रूपमा होमिएँ। मेरो बुबा त्यहाँको संस्थापक जिल्ला सदस्य हुनुहुन्छ। उहाँले मलाई माओवादी पार्टीको अभियानमा आफैले खर्च दिएर पठाउनुभएको हो। त्यतिबेला दीर्घकालीन जनयुद्ध किन आवश्यक छ र किन माओवादीले यो आन्दोलन गर्दैछ भनेर कला-संस्कृति मार्फत जनतालाई बुझाउने काम हुन्थ्यो, तर मलाई त्यतिबेला धेरै कुरा थाहा थिएन। यद्यपि म पनि त्यो ऐतिहासिक आन्दोलनमा जोडिएँ, अहिले गर्वको अनुभूति हुन्छ। हाम्रा गाउँबस्ती भनेका जटिलता र कठिनाइ भएका ठाउँ हुन्। मलाई हाम्रा भौगोलिक कठिनाइ राम्रोसँग थाहा छ। तराई हुँदाहुँदै पनि विकासबाट ओझेलमा परेका ठाउँ पनि प्रशस्तै छन्। तराईका सीमावर्ती क्षेत्रमा अत्याचार भोगिरहेकाहरू पनि प्रशस्तै छन्। जन्मसिद्ध राष्ट्रभक्त खोज्न तिनै सीमावर्ती गाउँबस्ती पुग्नुपर्छ भन्ने मलाई लाग्छ। त्यहाँका मानिसहरू जन्मदै राष्ट्रभक्त भएर जन्मिएका हुन्छन्। हाम्रा निम्ति दुर्भाग्य नै भन्नुपर्छ सधैं त्यही वातावरण छ त्यहाँ। म पनि त्यस्तै वातावरणमा हुर्किएकी हुँ। यस्तो स्थितिको अन्त्य हुनुपर्छ।

**तपाईंको जीवन भोगाइ धेरैलाई थाहा छ। तपाईंले एउटा बालकलाकारदेखि सैनिक हिरासतका चरम यातनासम्म भोगेको सबैले देखेका छन्, तैपनि तपाईंको सफलतालाई पारिवारिक नातासँग जोडिँदा कस्तो अनुभूति हुन्छ ?**

अध्यक्ष प्रचण्डसँग जोड्ने कुरालाई म अस्वभाविक मान्दिनँ। पारिवारिक नाता सम्बन्ध एउटा कुरा भयो। अध्यक्ष प्रचण्ड मेरो आदर्श पनि हुनुहुन्छ। हिजो उहाँले जनयुद्ध थालनी नगरेको भए नेपाली समाज यहाँसम्म आइपुग्दैनथ्यो। गणतन्त्र नेपाल, संघीय राज्य पुनर्संरचनाका विषयहरू, धर्मनिरपेक्षताका कुराहरू, महिला तथा जनजातिका विषयहरू, स्थापित हुन सक्दैनथे। त्यही कारणले उहाँ मेरो आदर्श हो, नेता हो। हामी उहाँको निर्देशनमा मर्न तयार युवा हौं। त्यसकारण उहाँसँग जोड्ने विषयलाई म अस्वभाविक मान्दिनँ। यद्यपि मेरो व्यक्तिगत राजनीतिलाई जोड्नु उपयुक्त होइन, नातागोता-सम्बन्ध एक ठाउँमा छ। त्योभन्दा ठूलो कुरा उहाँ मेरो आदर्श हुनुहुन्छ। म उहाँको कमान्डमा लडिएको विद्रोहको एउटी सिपाही हुँ। उहाँसँग जोडिने कुरालाई म सकारात्मक लिन्छु, तर आफ्नो राजनीतिलाई परिवारसँग जोड्ने विषयमा भने पीडाबोध गर्छु।

**तपाईंको परिवारमा एउटा अकल्पनीय घटना घट्यो। त्यो दुःखको क्षणमा पनि यहाँले आफूलाई सम्हाल्दै चुनाव जितेर मन्त्रीसम्म हुनुभयो ? त्यो क्षणमा आफूलाई काबुमा राख्न के कुराले ऊर्जा दियो ?**

जीवनलाई कसरी बुझ्ने भन्ने कुरा महत्वपूर्ण रहेछ। सानै उमेर भए पनि मैले जीवनमा ठूलो उतारचढाव भोग्नुपऱ्यो, धेरै उथलपुथल बेहोर्नुपऱ्यो। मलाई के लाग्थ्यो भने जब मैले भैरवनाथ गणमा चरम यातना खेपिसकेकी थिएँ, जहाँ २७ महिना बेपत्ता जीवन बिताइयो, त्यो नै जीवनको सबैभन्दा ठूलो दुःख हो। नेपालको इतिहासमा आर्मी ब्यारेकमा सबैभन्दा लामो समय हिरासतमा बस्ने सम्भवतः हामी नै थियौं। कृष्ण केसी, हिमाल शर्मा, म, वीरेन्द्र बस्नेत आदिको टिम। त्यसरी मेरो जीन्दगी अघि बढेको हो। त्यहाँबाट निस्किएर यसरी समाजसेवामा लाग्छु भन्ने मैले कल्पनासम्म गरेकी थिइनँ। अर्को पक्ष के भने त्यहाँबाट निस्किसकेपछि मैले जीवनलाई फरक ढंगले हेर्ने र बुझ्न थाले। जिन्दगीमा सबैभन्दा दुःखको क्षण, सबैभन्दा पीडाको पल त्यही गणभित्रको चरम यातना होला भन्ने लाग्थ्यो। अब आउने हरेक पल सुखको होला, हरेक दिन शान्तिको होला र हरेक क्षण आनन्दको होला भन्ने सोच्थे, तर जीवन त्यसरी चल्दो रहेनछ। जब यो घटना घट्यो त्यसले मलाई यसरी झस्काइदियो कि मेरो जीवनको परिभाषा नै बदलियो। जीवन मैले पहिले सोचेजस्तो होइन रहेछ। पहिले मैले खेपेका पीडाहरू अन्तिम होलान् भन्ने कल्पना गरेकी थिएँ, तर त्यस्तो हुँदैन रहेछ। मैले अहिले जुन पीडा बेहोर्नुपरेको छ त्यसको सामना गर्न मैले आफ्नो जीवनको परिभाषा नै परिवर्तन गरेकी छु। अझ त्योभन्दा ठूलो चुनौती र घटना, त्योभन्दा अझ ठूला बज्रपातहरू सहन तयार भएर बसेकी छु। त्यस्ता हरेक बज्रपात सहन सक्ने तयारी नै प्रमुख कुरा रहेछ। अहिले त यही नै जीवन हो जस्तो लाग्छ।

**निकै गाह्रो होला नि यसरी सम्हालिन ?**

प्रकाशजी नहुँदा मैले जुन समस्या भोगे त्यो मेरा निम्ति ज्यादै कठिनाइको पल हो। तर युवा भएका नाताले पनि आफूलाई जबरजस्ती बलियो देखाउनुपर्ने रहेछ। सकभर आँसु लुकाउनुपर्ने अवस्था आउँदो रहेछ। त्यसैले पनि म बाहिर दह्रो रूपमा प्रस्तुत हुन्छु। प्रकाशजीले राजनीतिमा मलाई जसरी गाइड गर्नुहुन्थ्यो। मसँगै काम गरेका धेरै साथीहरू अझै बेपत्ता हुनुहुन्छ। धेरै त्यही भैरवनाथ गणबाट बेपत्ता हुनुभएको छ। उहाँहरूले सहिदको सम्मान समेत प्राप्त गर्न सक्नुभएको छैन। मनमा त्यो पीडा पनि छ। धेरै सहिद परिवार हुनुहुन्छ, घाइते साथीहरू हुनुहुन्छ। सबैको सपना साकार तुल्याउन लागिपर्छु भनेर तयारी गर्दैछु।

**अन्त्यमा एउटा फरक प्रसंग, अहिलेको सरकारले तत्काल समेट्नै पर्ने युवाहरूको मुद्दा के-के हुन् ?**

पहिलो कुरा समाजवादी लक्ष्य पूरा गर्न सबैभन्दा ठूलो अवरोधका रूपमा रहेको युवाहरूको विदेश पलायन रोक्नु पर्छ। पहिलो स्टेपमा विदेसिएका युवाहरूलाई नेपाल भित्र्याउने वातावरण बनाउने अनि नेपालमा भएकाहरूलाई विदेश जान निरुत्साहित गर्ने। युवाहरूलाई उनीहरूको सीप र कौसल प्रदर्शन गर्न सक्ने वातावरण निर्माण गरी दिनुपर्छ।



MISS NEPAL
The Hidden Treasure
MISS NEPAL 2018
BROUGHT BY
Ruslan FM 95.2
POWERED BY
colors
STYLED BY
LIVON serum
BE BEAUTIFUL ... BE THE CHANGE !!!
VOTE NOW
SEND YOUR FAVORITE CONTESTANT DIRECTLY TO THE FINAL ROUND.
1 MAHIMA
2 RONALI
3 KASHYA
4 ANUPAMA
5 SANDHYA
6 SHARVANI
7 SUSMITA
8 PRIYA
9 SHIKSHYA
10 MANITA
11 ANASHRUT
12 JYOTSNA
13 LAXMI
14 SUVEKSHYA
15 LAXMI
16 AASTHA
17 MAMATA
18 SAYARA
19 ASHMA
20 MEGHA
21 SHRISTI
22 ALISHA
23 ALISHA
24 ANJILA
25 SHRINKHALA
VOTE FOR N-MAG MISS POPULAR CHOICE
VOTING OPEN TILL 8:00 P.M, WEDNESDAY, APRIL 11,2018
Type MN <space> CONTESTANT NUMBER and send it to 33001 or Download Nmag app to Vote
OFFICIAL PRINT MEDIA PARTNER
kathmandupost
OFFICIAL CROWN SPONSOR
R.B. Diamond Jewellers
HOSPITALITY PARTNERS
Hotel Annapurna
OFFICIAL CAR SPONSOR
HYUNDAI
MEDIA PARTNERS
SUB TITLE SPONSORS
YAMAHA Fascino
Berger
GoldStar
N-MAG
OFFICIAL DRESS DESIGNERS
SUPPORTERS
NTNC
smile
Accessories Nepal
Sparrow
DECC
vianet
dreams&ideas
POKHARA HOSPITALITY PARTNER
Waterfront
AIRLINE PARTNERS
Nepal Airlines
TURKISH AIRLINES
THAI
Philippine Airlines
airarabia.com
WEEKLY ONE LUCKY VOTER WILL GET ONE INVITATION FOR THE GRAND FINALE.
For More Details: The Hidden Treasure, Kupondole, lalitpur 01-5538878 info.missnepal@gmail.com www.missnepal.com.np /missnepalofficial

# जेनेभा मोटर शोमा नयाँ कार र प्रविधि

संसारकै सर्वाधिक ठूलो अटो इभेन्ट जेनेभा मोटर शो गत मार्च ८ देखि १८ सम्म सञ्चालन भएको थियो । १ सय १३ वर्ष पुरानो उक्त इन्टरनेसनल इभेन्टमा स्विट्जरल्यान्डसमेत संसारका सबै ठूला कम्पनीले आफ्नो कार तथा अन्य गाडी लन्च एवं प्रदर्शन गरे । उक्त अटो शोमा १ सय ५० भन्दा बढी प्रदर्शनकर्तले आफ्ना गाडी प्रदर्शनमा राखेका थिए । अटो शो को यो ८८औं संस्करण हो । यो वर्ष करिब ७ लाख भिजिटरले उक्त शो अवलोकन गरे भने यो अटो शो साढे ८ लाख वर्गफिट क्षेत्रफलमा फैलिएको थियो ।




## आकर्षक डिजाइनको कार

स्वीडेनको हाई पर्फमेन्स स्पोर्ट्स कार निर्माता कम्पनी कोइनिग्सेग अटोमोटिभले प्रदर्शन गरेको आकर्षक डिजाइनयुक्त कार हेर्न धेरै मानिस झुम्मिएका देखिन्थे । रेगेरा नामक यो कारको विशेषता यसले दुई स्रोतबाट पावर लिएर २० सेकेन्डमै शून्यदेखि ४ सय किलोमिटरसम्मको स्पिड समात्न सक्नु हो ।

## आई-पेस एसयूभी

अटो शोमा टाटाको स्वामित्वमा रहेको ज्यागुअरले अल इलेक्ट्रिक भेइकल आई-पेस प्रदर्शन गरेको थियो । यसले हाल प्रचलित टेस्ला मोडल थ्रीलाई कडा टक्कर दिने अनुमान गरिएको छ । उक्त अल इलेक्ट्रिक एसयूभीमा ९० किलोवाट आवरको ब्याट्री प्रयोग गरिएको छ । यो कार एक पटक फुल चार्ज गरेपछि करिब ३ सय ८६ किलोमिटर गुड्न सक्छ । यो एसयुभीको अर्को विशेषता

## हावा सफा गर्ने गुडइयर टायर

अमेरिकी टायर निर्माता कम्पनी गुडइयरले हावामा भएको कार्बन डाइअक्साइडलाई सोसेर अक्सिजन फ्याँक्ने टायर प्रदर्शन गरेको थियो । यसले हावामा भएको कार्बन डाइअक्साइड र जमिनको चिसो पानी सोस्छ भने हावामा अक्सिजनको मात्रा बढाउँछ । गुडइयरका अनुसार पेरिसको सडकमा प्रत्येक दिन २५ लाख गाडी गुड्छन् । यस्तो अवस्थामा गुडइयरको उक्त टायरले ४ हजार टन कार्बन डाइअक्साइड सोस्नुका साथै ३ हजार टन अक्सिजन उपलब्ध गराउनेछ ।

## पानीमा चल्ने कार

हुन्डाईले सडकका साथै पानीमा समेत चलाउन सकिने काइट नामक कार प्रदर्शन गरेको छ । यो पूर्ण रूपमा इलेक्ट्रिक कार हो र यसमा भएको

## तीव्र गतिको हाइपर कार

इटालियन सुपरकार निर्माता कम्पनी कर्बेलाटीले प्रदर्शन गरेको मिसाइल कार संसारकै सर्वाधिक तीव्र गतिको हाइपर कार भएको दावी गरिएको छ । यसको एरोडाइनामिक डिजाइन कार्बन फाइबरको सहयोगले निर्माण गरिएको छ, जसले गर्दा ५ सय किलोमिटर प्रतिघण्टाको गतिमा पनि यसको सन्तुलन बिग्रन पाउँदैन ।

## कन्सेप्ट अफ द इयर

मोटर शोमा माज्दा भिजन कुप कारले 'कन्सेप्ट अफ द इयर' अवार्ड प्राप्त गरेको छ । प्रत्येक वर्ष प्रदान गरिने यो पुरस्कार छनौटमा १७ जना निर्णायक हुन्छन् । माज्दाको भिजन कु कारले पेरिसपश्चात् हाल जेनेभामा यो पुरस्कार पाएको हो । यो कारलाई विश्वस्तरका डिजाइनरहरूले निर्माण गरेका हुन् र भविष्यमा यही डिजाइनका कार विश्वभर फैलने विश्वास गरिन्छ ।

## ए-६ लक्जरी सेडान

आउडीको ए-६ लक्जरी सेडान कारमा एमएमआई नेभिगेसन प्लस फिचर उपलब्ध छ । यसले आफ्नो रुटिनमा चलिरहेको गाडीको रुटलाई सेभ गरेर राख्छ र इन्टरनेटको सहयोगले दैनिक उक्त सडकमा ट्राफिकको अवस्था के छ चेक गर्छ । यदि सडक जाम छ भने एमएमआई इन्फोटेनमेन्ट सिस्टमले अर्को सडकबाट जान सल्लाह दिन्छ ।

## मार्टिनको रेसिङ कार

ब्रिटिस लक्जरी स्पोर्ट्स कार निर्माता कम्पनी एस्टन मार्टिनले रेसिङ कार भल्काइर एएमआर प्रो एडिसन सार्वजनिक गरेको छ । ३ सय ६२ किलोमिटर प्रतिघण्टाको स्पिडमा कुद्न सक्नु यसको महत्वपूर्ण विशेषता हो । यसको पर्फमेन्स उत्कृष्ट बनाउन ६ दशमलव ५ लिटरको भी १२ इन्जिन राखिएको छ, जसले ११ सय बीएचपीको पावर दिन्छ । कम्पनीले यसको २५ युनिट मात्र निर्माण गर्नेछ भने यो कार सन् २०२० मा मात्र बजारमा आउने छ ।

## तीन पांग्रे इलेक्ट्रिक भेइकल


अटो शोमा प्रदर्शन गरिएको कुडर ई-भेइकलले ब्याट्री कम भयो भने चार्जिङ स्टेसन कहाँ छ भन्ने जानकारी दिन्छ । स्वीस कम्पनी क्वाड्रो भेइकल्सले प्लेटफर्म निर्माता कम्पनी रुटर २२० सँगको सहकार्यमा निर्माण गरेको यो गाडी नयाँ मोबिलिटी कन्सेप्टमा आधारित रही निर्माण गरिएको बताइएको छ । यसको अर्थ यसलाई कार र मोटरसाइकलमा उपलब्ध फिचरलाई ध्यानमा राखेर निर्माण गरिएको छ ।

## आफैं चल्ने रोबोट्याक्सी

फ्रान्सको अटोनोमस भेइकल निर्माता कम्पनी नाव्यले प्रदूषणरहित इलेक्ट्रिक अटोनोमस क्याब प्रदर्शन गरेको छ । यसमा ड्राइभर बस्ने स्थान, स्टेयरिङ ह्विल्स तथा पेडल छैन । यसलाई मोबाइल एपको सहयोगले बुक गर्न सकिन्छ र यसमा भएका ६ वटा क्यामेरा, ४ वटा राडार तथा इन्टरनेटको सहयोगले यो कार बुकिङ गर्ने व्यक्तिसम्म आफैं आइपुग्छ । यसमा ६ जना बस्न सक्छन् । यो कारले आफूले भनेको स्थानमा आफैं पुर्‍याइदिन्छ । यसलाई पब्लिक रोबोक्याब अर्थात् रोबोट्याक्सी पनि भनिएको छ ।

## अनुहार स्क्यान गरी अन हुने कार

जेनेभा अटो शोमा क्रोसियाको इलेक्ट्रिक कार निर्माता कम्पनी रिम्याक अटोमोबिलले कन्सेप्ट टु नामक इलेक्ट्रिक हाइपर कार प्रदर्शन गरेको थियो । यसमा भएको क्यामेराको सहायताले




चालकको अनुहार स्क्यान गरेर मात्र इन्जिन अन हुन्छ । त्यसैले यो कार चोरी हुने डर छैन । यो कार पनि ४ सय १५ किलोमिटरको टप स्पिडमा कुद्न सक्छ भने यस १ सय ५० युनिट मात्र निर्माण गरिने बताइएको छ ।

## फ्लाइङ ट्याक्सी

आउडीले एयरबससँगको सहकार्यमा फ्लाइङ ट्याक्सी निर्माण गरेको छ । पप अप नेक्स्ट नामक यो दुईसिटे ट्याक्सीमा भएको ८० एचपीको इलेक्ट्रिक मोटर १ सय किलोमिटर प्रतिघण्टाको गतिमा कुद्न सक्छ । फुल चार्ज गर्दा यसले १ सय ३० किलोमिटर दूरी पार गर्छ ।

यसमा भएको एयर मोड्युलका कारण यो कार हेलिकोप्टरजस्तै हावामा उड्न सक्छ । यसको भित्री भागमा भएको ४९ इन्चको टचस्क्रिन डिस्प्लेले आई ट्याकिङ, स्पिच तथा फेसियल रिकग्निसन सपोर्ट गर्छ । त्यसैगरी यसले म्यापको सहयोगले पुग्नु पर्ने स्थान पत्ता लगाउँछ र निश्चित स्थानमा पुऱ्याउन सहयोग गर्छ ।

के छ भने यसमा १०० किलोवाट डीसी फास्ट चार्जर जोडेर ४० मिनेटमै ८० प्रतिशतसम्म चार्ज गर्न सकिन्छ । यो कारको बिक्री सन् २०१८ को जुलाई पश्चात् अमेरिकाबाट प्रारम्भ हुने अनुमान गरिएको छ ।

## कार भन्दा महँगो घडी

लक्जरी स्वीस घडीका लागि प्रसिद्ध स्विट्जरल्यान्डको कम्पनी रिचर्ड मिलीले म्याकलरेन अटोमोटिभसँगको सहकार्यमा लक्जरी कारभन्दा पनि महंगो घडी निर्माण गरेको छ । आरएम ११-०३ म्याकलरेन अटोमेटिक फ्लाइब्याक कोनोग्राफ नामक उक्त घडीको मूल्य करिब २ करोड रुपैयाँ छ । कार तथा घडी निर्माता कम्पनीले संयुक्त रूपमा निर्माण गरेको यो विश्वकै पहिलो घडी हो । यो घडी कार्बन टीपीटी, कार्बन फाइबर, सिलिका फाइबर, ह्वाइट गोल्ड टाइटेनियम तथा रबरले बनेको छ । कम्पनीले यो घडीको ६ सय युनिट मात्र बजारमा पठाउने कुरा बताइएको छ ।

मोटरले चार वटै पाङ्ग्रामा बराबर पावर दिन्छ । पछिल्लो भागमा भएको जेट टर्बाइन मोटरका कारण यसलाई पानी भएको ताल वा सागरमा समेत चलाउन सकिन्छ । यो कन्सेप्ट कारलाई पर्सनल वाटरक्राफ्टका रूपमा प्रदर्शन गरिएको थियो ।

## ई-भिजन कन्सेप्ट

भारतको टाटा मोटर्सले अटो शोमा आफ्नो इलेक्ट्रिक कार ई-भिजन कन्सेप्ट कार प्रदर्शन गरेको थियो । यो कारले एक पटकको फुल चार्जमा ४ सय ५० किलोमिटर पार गर्न सक्छ । टाटाले यो कारलाई ओमेगा आर्च प्लेटफर्ममा निर्माण गरेको छ । मानिसको भविष्यको रोजाइ एवं चाहना पूरा गर्ने गरी यसको डिजाइन गरिएको कम्पनीले बताएको छ । टाटाले सन् २०२० देखि यो कारको व्यवसायिक उत्पादन बजारमा ल्याउने योजना बनाएको छ ।

एकराज सुवेदी

केवल एक प्रश्न

# तपाईं कवि बन्नुभयो भने पहिलो कविता कस्तो होला ?



एउटी नारीका रूपमा आफ्नै संघर्षमा आधारित कविता लेख्ने थिएँ ।

**महिमा सिलवाल, नायिका**

म नेपाली हुनुमा गर्व गर्छु । म नेपालमै जीवनयापन गर्छु । जस्तोसुकै विपत्मा पनि नेपाल र नेपालीको सान बढाइरहन्छु । न झुक्छु कहीँ, न बिना कारण झुकाउँछु कसैलाई । मर्नै परेछ भने पनि नेपालकै निम्ति बलि चढाउँछु, आफैँलाई- यस्तै कविता लेख्ने थिए ।

**चिरञ्जीवी भण्डारी, गायक**

यता देशको चिन्ता लाग्छ
उता तिम्रो झनै
यता छोडे देश बिग्रन्छ
उता छोडे घरै ।

**पुष्कर सुनुवार, गायक**

इमान्दार र मेहनती मान्छे हुँ म एउटा
भर्खर-भर्खर टेक्दैछु चलचित्रमा खुट्टा
धेरै पसिना बगाइरा'छु आएको होइन फुत्त
सुख-दुःख हिँड्दैछु लगाई आफ्नै फाटेको जुत्ता ।

**निकेश खड्का, निर्देशक**

मानिसकै विषयमा कविता लेख्ने थिएँ ।

**सुष्मा कार्की, नायिका**

पाएको थेँ जिन्दगी
कसैलाई काम लाग्नका लागि
तर समय बितिरहेको छ
कागजको टुक्रा कमाउनका लागि
के गर्छौं साथी धेरै पैसा कमाएर
न कात्रोमा छ खल्ती न जमिनमा छ दराज
फेरि यो मृत्युको विधाताले त घूस पनि लिँदैन ।

**जीसी अमर, गायक**

म कवि बनिसकेको छु, त्यो पनि सानैमा । त्यतिबेला मैले स्कुलमा लेखेको कविता भानुभक्त आचार्यका बारेमा थियो । त्यो नै मेरो पहिलो कविता थियो ।

**सत्यराज आचार्य, गायक**

मलाई मायाले भरिएको सुन्दै मीठो लाग्ने गीत गाउन मन लाग्छ । जोकसैको मन छुन सक्ने शब्द रचना गर्न मन लाग्छ । मेरो स्वभाव नै सफ्ट छ, त्यसैले म कवि भएँ भने मेरो रचना पनि मजस्तै हरकसैको मन छुन सक्ने माया नै मायाले भरिएको हुने थियो ।

**कृष्ण काफ्ले, गायक**

एकदमै रोमान्टिक । त्यो पनि इलामको कन्याम चिया बगानमा बसेर त्यहाँको प्राकृतिक सुन्दरता र मायालुलाई सम्झँदै
बादलुको घुम्टोले
इलाम बजार
छोपिँदा मैले सबैलाई
बिर्सिएछु तिमीलाई
सम्झिँदा भने
जस्तै ।

**यम बराल, गायक**

जन्म दिने आमाभन्दा ठूलो को नै हुन सक्ला ? त्यसैले मैले लेख्ने कविता पनि आमासम्बन्धी नै हुने थियो ।

**विशाल निरौला, गायक**

देश र राजनीतिका सम्बन्धमा केही लेख्ने थिएँ । किनभने देश र राजनीति देखेर म निकै हैरान छु । देश चलाउने व्यक्ति राम्रो भएको भए बिदेसिएका नेपालीहरू घर फर्कन्थे । बिदेसिन खोज्नेहरू नेपालमै बस्ने थिए ।

**सविन श्रेष्ठ, अभिनेता**

मैले लेख्ने कविता देशसम्बन्धी नै हुने थियो ।

**सुजना ढकाल, मोडल**

सच्चा नागरिकले देशप्रति निर्वाह गर्नुपर्ने उत्तरदायित्वका विषयमा लेख्ने थिएँ । देशलाई कसरी अघि बढाउनुपर्छ भन्ने विषयमा लेखिने कविता सम्भवतः रोचक समेत हुने थियो ।

**मदन खड्का, निर्देशक**

नारी सौन्दर्यका बारेमा लेख्ने थिएँ । पुरुषको ओठ, आँखा, केशजस्ता कुनै पनि अंगको चर्चा हुँदैन, तर नारीका सबै अंगका बारेमा लेखिएको छ । संसारमा बनेका कविता, गीत अथवा साहित्यका किताबमध्ये ७० प्रतिशत त नारीका सम्बन्धमै केन्द्रित छन् ।

**निर्मल शर्मा, निर्देशक**

म संस्कृत पढेको विद्यार्थी हुँ । त्यसैले छन्दमा माया-प्रेमसम्बन्धी कविता लेख्ने थिएँ ।

**कृष्ण कोइराला, प्रोडक्सन डिजाइनर**

आमाका बारेमा कविता लेख्ने थिएँ । 'आमा' दुई शब्दको भए पनि यसको बयान लाखौं शब्द लेखेर पनि गर्न सकिँदैन ।

**मदन खनाल, पत्रकार**

मेरो कविता कि आमा-बाप्रति समर्पित हुने थियो, कि त मातृभूमिप्रति । त्यो पनि नभए कुनै प्रेमिकाको 'कल्पना' गरी कोरिएको हुने थियो अथवा फूल वा जूनलाई सम्झी लेखिएको हुने थियो ।

**ईश्वर पोखरेल, गायक**

समीपमा जब तिम्रो स्पर्श हुन्छ
शीतलताको महसुसले मन छुन्छ
तिम्रो आगमन जब मनको कुनामा हुन्छ
अनि ममताको सागर भरिन्छ
भरिएको त्यो ममताको सागर
हृदयको कुना-कुना छछल्किन्छ
जब अनि आनन्द आउँछ
हर पीडा हर कस्ट पनि
सन्चो भए जस्तो लाग्छ ।

**विष्णुजी पाण्डे 'माइला बा', हाँस्यकलाकार**

समाजका जति पनि विकृति-विसंगति छन्, त्यसका विरुद्ध लेख्ने थिएँ । यो विषयमा त्यति कविता लेखिएका छैनन् ।

**देवराज गैह्रे, गीतकार**

आफ्नै जीवनमा आधारित भएर लेख्ने थिएँ । किनभने मैले आफ्नै जीवन चिन्न सकिरहेको छैन । कविता लेखेपछि आफ्नो जीवन चिन्न सजिलो होला कि ?

**वसन्त निरौला, निर्माता**

प्रकृतिसम्बन्धी कविता लेख्ने थिएँ । किनभने म प्रकृतिप्रेमी हुँ ।


**जीवन भट्टराई, अभिनेता**

प्रस्तुति : रामजी ज्ञवाली

## ह्याप्पी बर्थ डे


दिपेशकिशोर भट्टराई
चैत ९ गते


अमृत सुनुवार
चैत १० गते


राजेन्द्र रिमाल
चैत १० गते


राज आर्यन
चैत १० गते


नारायण त्रिपाठी
चैत १० गते


मञ्जु श्रेष्ठ
चैत १० गते


लोकराज अधिकारी
चैत ११ गते



मानस राज
चैत १२ गते


झरना थापा
चैत १२ गते


अमृत ढुंगाना
चैत १२ गते


सुनिल सिंह ठकुरी
चैत १२ गते


सुदन गैरे
चैत १२ गते


राजेन्द्र बजगाईं
चैत १३ गते


निशा देसार
चैत १३ गते


करीना भट्टराई
चैत १३ गते


अभिनाश घिसिङ
चैत १५ गते


नव ढुंगेल
चैत १५ गते


अनुप रेग्मी
चैत १५ गते

संगीत

# महत्वाकांक्षी अभियानमा संगीतकर्मी

कृष्ण भट्टराई






नेपाली सांगीतिक क्षेत्रका स्थापित अनुहारहरू यतिबेला एउटा महत्वाकांक्षी योजनालाई मूर्त रूप प्रदान गर्न दिनरात मेहनत गरिरहेका छन्। आठ वर्षअघि स्थापना भएको नेपाली संगीतकर्मीहरूको एउटा संस्थाले पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका विभिन्न स्थानमा बृहत् सांगीतिक कार्यक्रम सञ्चालन गर्ने घोषणा गरेको छ। संगीतकार संघ नेपालले आगामी वैशाखमा प्रारम्भ भै माघमा सम्पन्न हुने 'मेची-महाकाली सांगीतिक अभियान-२०७५' को घोषणा गरेको छ, जहाँ देशका लोकप्रिय गायक-गायिकाका साथै संगीतकारहरूले लोकप्रिय गीतहरू प्रस्तुत गर्नेछन्।

सात वर्षअघि स्थापना भएको संगीतकार संघले नेपाली गीत-संगीतको जर्गेना एवं प्रवर्द्धन गर्ने तथा त्यसको महत्व र गरिमालाई विश्व सामु चिनाई नेपालको पर्यटन विकासमा समेत टेवा पुऱ्याउने उद्देश्यले यो सांगीतिक अभियान सञ्चालन गर्न लागिएको संघका अध्यक्ष संगीतकार लक्ष्मण शेष बताउँछन्। शेषका अनुसार स्रष्टा तथा सर्जकहरूको बौद्धिक सम्पत्तिमाथिको मौलिक हकलाई २०७२ सालको संविधानको धारा २५ मा स्थापित गराउन सफल आफ्नो संस्थाले संगीतकर्मीहरूको प्रतिलिपि अधिकार तथा रोयल्टीमाथिको विश्वव्यापी मान्यताअनुरुपको अधिकारलाई संसद, सरकार तथा विभिन्न सरोकारवाला मन्त्रालय एवं मातहतका विभागदेखि सामान्य प्रयोगकर्तासम्म पुऱ्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। संस्थाले आफ्नो महत्वाकांक्षी योजनाका रूपमा मेची-महाकाली सांगीतिक अभियान सञ्चालन गर्न लागेको अध्यक्ष शेषको भनाइ छ।

नेपाल बहुभाषिक, बहुसांस्कृतिक तथा बहुजातीय देश भएकाले यो सांगीतिक अभियानले देशको उक्त मौलिकतालाई थप मलजल गर्ने आयोजक संस्थाको दावी छ। भाषा, संस्कृति, मौलिक परम्परा तथा सम्पदाहरूको संरक्षण र प्रवर्द्धनमार्फत राष्ट्रिय एकता एवं सद्भावना कायम गरी टुटेका नेपाली मनहरूलाई जोड्दै अघि बढ्ने योजना संगीतकर्मीहरूको छ। देश राजनीतिक स्थायित्वतर्फ अघि बढिरहेको अवस्थामा हरेक नेपालीले आ-आफ्नो ज्ञान तथा क्षमता प्रदर्शन गर्दै अहोरात्र काम गरी आर्थिक समृद्धितर्फ लम्किनुपर्ने आजको आवश्यकतालाई चित्रण गर्न यो सांगीतिक अभियान थालनी गर्न लागिएको हो। सांस्कृतिक तथा सांगीतिक अभियानका रूपमा सञ्चालन हुने यो कार्यक्रमले तराई, पहाड तथा हिमाललाई एकै सुत्रमा बाँध्ने लक्ष्य लिएको छ।

विभिन्न जातजाति तथा भाषा-भाषीको लोपोन्मुख कला, संस्कृति, परम्परा एवं गीत-संगीतको संरक्षण-संवर्द्धन गर्ने उद्देश्य बोकेको यो सांगीतिक अभियानमार्फत मेचीदेखि महाकालीसम्मका नेपालीहरूलाई कला, संगीत तथा सांस्कृतिक कार्यक्रमको माध्यमबाट गोलबन्द गर्ने आयोजकहरूको योजना छ। नेपाली गीत, संगीत, कला तथा संस्कृतिको विकास गर्दै त्यसलाई अन्तर्राष्ट्रियस्तरम्म पुऱ्याउने कार्यक्रमको लक्ष्य छ।

मेची-महाकाली सांगीतिक अभियानको पहिलो चरण वैशाख ७ र ८ गते काठमाडौंमा सम्पन्न हुने छ। त्यसपछि जेठ ४ र ५ गते हेटौंडा, जेठ ११ र १२ गते चितवन, जेठ २५ र २६ गते बाग्लुङ तथा असार १ र २ गते पोखरामा यो कार्यक्रम सञ्चालन गरिनेछ। अभियानको दोस्रो चरण भदौ २९ गते विर्तामोडबाट प्रारम्भ हुनेछ। असोज ५ र ६ गते इटहरीमा सञ्चालन हुने यो अभियान असोज १२ र १३ गते लहान, असोज १९ र २० गते बर्दिबास तथा कात्तिक ३० र ३१ गते बुटबलमा सञ्चालन हुने बताइएको छ।

अभियानको तेस्रो चरणअन्तर्गत मंसिर २१ र २२ गते दाङमा कार्यक्रम प्रस्तुत हुनेछ भने त्यसपछिको साता नेपालगञ्जमा कार्यक्रम हुनेछ। सुर्खेतमा पुस २० र २१ गते, धनगढीमा पुस २७ र २८ गते कार्यक्रम सञ्चालन गरिएपछि माघ ४ र ५ गते अभियानको अन्तिम कार्यक्रम पश्चिम नेपालको कञ्चनपुरमा सञ्चालन गरिनेछ।

यो अभियानमा पुरानादेखि नयाँ पुस्तासम्मका संगीतकर्मीहरूको सहभागिता रहनेछ। अभियानका क्रममा प्रेमध्वज प्रधान, दीप श्रेष्ठ, दीपक बज्राचार्य, जेम्स प्रधान, प्रमोद खरेल, शिव परियार, कुन्ति मोक्तान, अञ्जु पन्त, राजेशपायल राई, एड्रियन प्रधान, मीना निरौला, उदय-मनिला सोताङ, सत्य-स्वरूपराज आचार्य, हरि लम्साल, वसन्त सापकोटा आदिको सहभागिता रहनेछ। हरेक स्थानका सांगीतिक कार्यक्रममा स्थानिय गायक-गायिकाहरूलाई प्राथमिकता दिइने आयोजक संस्थाले जनाएको छ।

## म्यूजिक डायरी



### त्रिशलाले गुञ्जाइन् पोखरा

शनिबार पोखरामा त्रिशला गुरुङको आवाज गुञ्जियो। युट्युबबाट चर्चामा आएकी गुरुङ पोखरा आउने कुरा थाहा पाएकाहरू उनलाई हेर्न र सुन्न लेकसाइडको अक्सिजन लाउञ्जबार पुगेका थिए। कभर गीत गाएर लाखौं प्रशंसक कमाएकी त्रिशलाले आफ्नो प्रस्तुतिबाट पोखरेली दर्शकहरूलाई भरपुर मनोरञ्जन प्रदान गरेकी थिइन्। उक्त अवसरमा उनले चारवटा नेपाली तथा चारवटा अंग्रेजी गीत सुनाइन् भने कार्यक्रममा थप आकर्षणका रूपमा काठमाडौंको अकस्टिक्स ब्यान्डले प्रस्तुति दिएको थियो।

### करोडको माछी

अभिनेत्री प्रियंका कार्कीसँग कार्टुन्ज क्रुका सरोज अधिकारी तथा आश्मा विश्वकर्माको अभिनय तथा नृत्य समेटिएको 'माछीले खाने खोलीको लेऊ' गीतको म्युजिक भिडियो १ करोड पटक हेरिएको छ। भिडियोले पाएको कीर्तिमानले उक्त गीतको युनिटले केक काटेर सेलिब्रेट गरेको छ। एक महिनाअघि अपलोड गरिएको उक्त गीतमा सरोज ओली तथा मेलिना राईको स्वर सुन्न सकिन्छ भने त्यसमा वसन्त सापकोटाको संगीत तथा दिनेश थपलियाको शब्द छ। उक्त भिडियोको निर्देशन कविराज गहतराजले गरेका हुन्।

### पाँचथरमा भिडियो

पूर्वी पहाडी जिल्ला पाँचथरका विभिन्न रमणीय स्थानमा नेपाली गीतका म्युजिक भिडियोको छायांकन गर्ने क्रम बढेको छ। हालसालै उक्त क्षेत्रमा आधा दर्जन म्युजिक भिडियो छायांकन गरिएको बताइन्छ। छायांकन गरिएका ती गीत आधुनिक, लोक तथा लिम्बू भाषाका हुन्। ती भिडियोलाई सागर केरुङ, नारायण तुम्बापो, मिलन विश्वकर्मा तथा पदम सुनुवारले निर्देशन गरेका थिए, जसमा उदय नेम्वाङ तथा सुरज मानेदको स्वर सुन्न सकिन्छ।

### संगीत प्रतियोगिता

रेडियो नेपाल, क्षेत्रीय प्रसारण केन्द्र, पोखराले आयोजना गरेको चार नम्बर प्रदेशस्तरीय खुला आधुनिक संगीत प्रतियोगितामा गंगाधर पराजुली प्रथम भएका छन् भने विजय गुरुङ दोस्रो तथा केशव सुवेदी तेस्रो भएका छन्। यी तीनै जना विजेता चैत १८ र १९ गते काठमाडौंमा सञ्चालन हुने राष्ट्रव्यापी आधुनिक संगीत प्रतियोगितामा सहभागी हुनेछन्।

### दीपकको तयारी

गायक दीपक लिम्बू यतिबेला आफ्नो छैटौं एकल गीति एल्बमको तयारीमा छन्। पहिलो नेपाली तारा लिम्बूले नयाँ वर्ष २०७५ को अवसर पारेर आफ्नो उक्त एल्बम सार्वजनिक गर्ने तयारी गरेका हुन्। हाल रेकर्डिङमा सक्रिय गायक लिम्बूले एल्बममा संख्यात्मक रूपमा थोरै तर गुणस्तीय गीत समावेश गर्ने योजना बनाएका छन्। लिम्बू अहिले विशेषत: विदेशका सांगीतिक कार्यक्रमहरूमा सक्रिय रहँदै आएका छन्।

## विमोचन /प्रिमियर



### जेम्सको क्रम

गायक जेम्स प्रधान लामो समयपछि नयाँ गीति एल्बम 'क्रम' लिएर श्रोतामाझ आएका छन्। मंगलबार काठमाडौंमा सार्वजनिक गरिएको प्रधानको उक्त छैटौं एकल एल्बममा नौवटा गीत समावेश छन्। समारोहमा दुईवटा गीतको म्युजिक भिडियो प्रिमियर गरिएको थियो, जसको निर्देशन गायक प्रधान स्वयंले गरेका हुन्।

### बुद्धको गजल

नेपाल आइडल बुद्ध लामाको पहिलो मौलिक गीत 'तिमी साथ भएपछि...' को म्युजिक भिडियो सार्वजनिक भएको छ। सुरेश वाग्लेद्वारा रचित उक्त गजलमा हरि लम्सालको संगीत सुन्न सकिन्छ। उक्त भिडियो युट्युबमा कम समयमै लाखौं पटक हेरिएको छ।

### जय माया प्रेम

संगीतकार चेतन सापकोटाको एकल संगीत, नारायण धितालको स्वर तथा अर्जुनरत्न भिकारीका शब्दहरूको भिडियो एल्बम 'जय माया प्रेम' को लोकार्पण काठमाडौंमा सम्पन्न भएको छ। एल्बममा चारवटा म्युजिक भिडियो समावेश छन्, जसलाई निकेश खड्का तथा युवराज वाइबाले निर्देशन गरेका हुन्। ती भिडियोमा प्रियंका कार्की, बेनिशा हमाल, सुष्मा अधिकारीसहित झन्डै दुई दर्जन कलाकारले अभिनय गरेका छन्।

### लाग्छ शून्य

गायक शिव गुरुङको स्वरको 'लाग्छ शून्य आजकल' गीतको म्युजिक भिडियो सार्वजनिक भएको छ, जसमा अभिनेत्री केकी अधिकारी तथा अभिनेता एनजे सागर शाहले अभिनय गरेका छन्।

## फिल्मी डायरी



**बन्ने भो चौका दाऊ :** वरिष्ठ संगीतकार एवं नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भुजित बासकोटाको कथा तथा संगीतको चलचित्र चौका दाऊलाई उनकै छोरा सौर्यजित बासकोटाले निर्माण गर्ने छन् । वैशाखदेखि छायांकनमा जाने चलचित्र चौका दाऊ आगामी तिहारमामा प्रदर्शनमा हुने निर्माता सौर्यजितले जानकारी दिए । 'चौका दाऊ' को निर्देशन पूर्णेन्दु झाले गर्दैछन् भने यो चलचित्रमा विल्सनविक्रम राई, रवीन्द्र झा, सन्तोष पन्त, तैयब शाह, निर्मल शर्मा, रमेशरञ्जन झा, पुष्करबहादुर गुरुङ आदिको अभिनय रहनेछ ।

### निर्माताको स्टुडियो

चलचित्रको प्राविधिक कार्यका लागि उच्च प्रविधिसहित सुविधासम्पन्न स्टुडियो 'रिङ' सञ्चालनमा आएको छ । ललितपुरको एकान्तकुनास्थित स्टुडियो 'रिङ' का सञ्चालक निर्माता तथा संगीतकार दीपक रमण हुन् जसमा दिवाकर खड्का, लोकबहादुर शाक्य, गंगा खड्गी तथा राजकुमार महर्जनले सहकार्य गरेका छन् । यो स्टुडियोमा गीत-संगीतका सबै कामदेखि चलचित्रको डविड र पोस्ट प्रोडक्सनको काम समेत हुने सञ्चालक रमणले जानकारी दिएका छन् ।

### वर्ष व्यक्तिको घोषणा

'फिल्मीखबर' साप्ताहिकले आफ्नो नवौं वार्षिकोत्सवका अवसरमा आयोजना गरेको एक समारोहमा अभिनेता सीताराम कट्टेल 'धुर्मुस' तथा अभिनेत्री कुन्जना घिमिरे 'सुन्तली' लाई वर्ष व्यक्ति घोषित गरिएको छ । समारोहमा सम्मानित कलाकार तथा समाजसेवी सीतारामले यो सम्मानले आफूलाई अझ हौसला प्रदान गरेको कुरा बताएका थिए ।

### अर्को सिक्वेल

'नाइ नभन्नु ल' सिरिजमा एउटा सिरिज थपिने भएको छ । निर्माता एवं निर्देशक विकास आचार्यले नै नाइ नभन्नु ल-५ को निर्माण गर्दैछन् । यो चलचित्रमा अभिनेत्री प्रियंका कार्की, स्वस्तिमा खड्का, अभिषेक नेपाल, बुद्धि तामाङ, जयनन्द लामा, दिलीप रायमाझी, उत्तम केसी तथा अनुभव रेग्मी आदि कलाकारले अभिनय गर्नेछन् । 'नाइ नभन्नु ल-५' मा बसन्त सापकोटाको संगीत, पुरुषोत्तम प्रधानको छायांकन, कविराज गहतराजको कोरियोग्राफी तथा अर्जुन जीसीको सम्पादन रहनेछ ।

### सारा र सलोनको रोमान्स

कलाकार सलोन बस्नेत र सारा शिर्पाली अहिले पोखरामा रोमान्स गरिरहेका छन् । उनीहरूको रोमान्स वास्तविक जीवनमा नभएर पोखरामा छायांकन भैरहेको चलचित्र सुश्री सम्पत्तिका लागि हो । चलचित्रको झन्डै ८० प्रतिशत छायांकन पूरा भैसकेको निर्देशक सुब्रत आचार्यले बताए । यो चलचित्रमा दुई जना युवकको जीवनमा आउने विभिन्न आरोह-अवरोहहरू प्रस्तुत गरिएको छ । चलचित्रको मुख्य पात्र सारा शिर्पाली हुन् । सुश्री सम्पत्ति आगामी भदौमै प्रदर्शनमा आउने बताइएको छ, जसमा प्रियंका कार्की विशेष भूमिकामा प्रस्तुत हुनेछिन् ।

### चंगाचेटमा परमिता

चलचित्र 'चंगाचेट' मा हटकेक जोडी आयुष्मान देशराज जोशी र प्रियंका कार्कीपछि नयाँ अभिनेत्री परमिता राना भित्रिएकी छिन् । परमिता र आयुष्मानले यसअघि चपलीहाइट-२ मा सँगै काम गरेका थिए । उनीहरू विगतमा गहन सम्बन्धमा रहेको समेत बताइँदै आएको छ । निर्देशक दीपेन्द्र के. खनालले 'चंगाचेट' मा उक्त 'एक्स कपल' ले सँगै काम गर्ने पक्का भएको जानकारी दिएका हुन् । रवीन्द्र झा, ऋचा शर्मा, सन्दिप क्षेत्री, सन्ध्या केसी आदि कलाकारले समेत अभिनय गर्ने यो चलचित्र कमेडी विधाको हुने निर्देशक खनाल बताउँछन् ।

## ट्रेलर/पोस्टर

### तिमीसँगको गीत




चैत २३ गते प्रदर्शनमा आउने चलचित्र 'तिमीसँग' को शीर्ष गीत सार्वजनिक भएको छ । काठमाडौंमा एक कार्यक्रमबीच सार्वजनिक गरिएको 'तिमीसँग' बोलको उक्त गीतमा साम्राज्ञी तथा आकाश श्रेष्ठको प्रेम समेटिएको छ । मधुरा भट्टाचार्य र राहुल मुखर्जीको स्वर तथा राहुल मुखर्जीको संगीतको यो गीतमा लेखु सहयात्रीको शब्द सुन्न सकिन्छ । चलचित्रमा समावेश दुईवटा गीत तथा ट्रेलर यस अघिनै सार्वजनिक भैसकेका छन् । राई, ए गुरुङ, बुद्धि तामाङ आदि कलाकार 'फिचर' छन् । किरण माइकलको पटकथा एवं संवादको यो चलचित्रलाई देवकुमार श्रेष्ठले निर्देशन गरेका हुन् ।

### फेरि-फेरिको फर्स्ट लुक्स

८५ प्रतिशत छायांकन सकिएको चलचित्र 'फेरि-फेरि' को फर्स्ट लुक्स सार्वजनिक भएको छ । उक्त फस्ट लुक्समा अभिनेता अर्पण थापा आक्रामक मुद्रामा प्रस्तुत भएका छन् । आधा लभ, चक्कर, सुनकेसरी, फिर्के'आदि चलचित्रमा एकसाथ काम गरिसकेका अर्पण र ऋचा शर्माले यो चलचित्रमा पनि सँगै काम गरेका छन् । पुरन थापाको लेखन, निर्माण एवं निर्देशनको चलचित्र फेरि-फेरिमा पुरनसहित धर्मेन्द्र आचार्य, निक शर्मा, ओमप्रतिक गुरुङ, लय संग्रौला, रश्मी पाण्डे, ध्रुव कोइराला, एलिना बास्कोटा, सोनीका बास्तोला, राम बुढाथोकी आदिको अभिनय हेर्न पाइनेछ । यो चलचित्रको प्रदर्शन मिति भने तय भैसकेको छैन ।

### नेप्टेको पोस्टर

चलचित्र 'नेप्टे' को पोस्टर सार्वजनिक भएको छ । यो चलचित्र चैत ३० गते प्रदर्शनमा आउने छ । 'सुपारी काँचो' र 'दिल रानी' गीतसँगै हास्यप्रधान ट्रेलरका कारण प्रतिक्षित चलचित्र बन्न सफल नेप्टेको पोस्टरमा रोहित रुम्बा, छुल्टिम गुरुङ, दयाहाङ

### हिरोजको गीत

करिश्मा मानन्धर अभिनित चलचित्र 'हिरोज' को गीत सार्वजनिक भएको छ । 'यो प्रित' शीर्षकको उक्त गीतमा करिश्मा तथा मुकेश ढकालालाई ' फिचर' गरिएको छ । प्रल्हाद तिमिल्सिना तथा प्रविशा अधिकारीले गाएको यो गीतको कोरियोग्राफी रामजी लामिछानेले गरेका छन् । चैत २३ गतेदेखि प्रदर्शनमा आउने चलचित्र हिरोजलाई एनबी महर्जनले निर्देशन गरेका छन् ।

### अमेरिका ब्वाइजको टिजर

जेठ १८ गते प्रदर्शनमा आउने चलचित्र 'अमेरिका ब्वाइज' को अफिसियल टिजर सार्वजनिक भएको छ । हास्यले भरिपूर्ण उक्त टिजरमा अभिनेता अर्पण थापा अमेरिकाबाट फर्किरहेका युवाका रूपमा प्रस्तुत भएका छन् जसको बाटोमा कामेश्वर चौरासिया, सन्दिप क्षेत्री, सुनिल थापा तथा हरिहर शर्मा आदि अवरोधका रूपमा देखिन्छन् । प्रवेश पौडेलको निर्देशनमा तयार भएको यो चलचित्रमा श्रृष्टि कार्की, अभय बराल, आशिष प्रसाईं एवं शारदा गिरी आदि कलाकारले पनि अभिनय गरेका छन् ।



बलिउड



## दीपिकासँग लिपलकको रहर

दक्षिण भारतीय अभिनेता धनञ्जय आफ्नो चलचित्र 'तगारु' को सफलताबाट निकै खुःसी छन् । उनी अहिले उक्त सफलता सेलिब्रेट गरिरहेका छन् । हालै एक रियालीटी शोमा पुगेका धनञ्जयले आफ्नो मनभित्र गुम्सिएको रहर व्यक्त गरेका छन् । धनञ्जयले भनेका छन्, 'दीपिका पोदुकोणका साथ लिप-लकमा देखिने ठूलो रहर छ ।' धनञ्जय हालै रियलिटी शो 'नम्बर-१ यारी' को एक एपिसोडको छायांकनका क्रममा दीपिकाको प्रशंसा गरेका थिए । उक्त शोमा उनीसँग एउटा खेल खेलिएको थियो । उक्त खेलमा सोधिएको थियो, कुन अभिनेत्रीका साथमा लिप-लकमा काम गर्न चाहनुहुन्छ ? उनको तुरुन्त जवाफ दिए, 'दीपिका पादुकोण ।' आशा गरौं दीपिकासँग काम गर्ने धनन्जयको रहर चाँडै पूरा हुनेछ ।

## कपिलले फेला पारे हिरोइन



कपिल शर्मा चाँडै सोनी टिभीमार्फत आफ्नो शो 'फेमली टाइम विद कपिल शर्मा' लिएर कमब्याक गर्दैछन् । २५ मार्चदेखि प्रसारणमा आउन लागेको उक्त कमेडी शो विगतको तुलनामा थप हेर्न लायक हुने कपिलको दावी छ । कपिल आफ्नो नयाँ शोलाई लिएर निकै उत्साहित पनि छन् । खबरअनुसार यो शोमा सबैभन्दा पहिले अजय देवगन उपस्थित हुनेछन् । त्यसबाहेक शोका लागि कपिलले नयाँ कलाकारसमेत फेला पारेका छन् । कपिलको शोमा नेहा पेडसे देखिने कुरा पक्का भएको हो । यता नेहा पनि कपिलको शोमा काम गर्न पाउँदा निकै खुसी छिन् । उनले भनेकी छिन्, 'उक्त शोमा मेरो काम के हो पक्का छैन, तर म कपिलको ठूलो प्रशंसक हुँ । पहिल्यैदेखि उहाँसँग कम गर्ने मेरो सपना बल्ल पूरा भएको छ ।' नेहाले यसअघि केही हिन्दी, तमिल, मलयालम, मराठी तथा तेलुगु चलचित्रमा काम गरिसकेकी छिन् ।

## बच्चनको आक्रोश

बलिउडका मेगास्टार अमिताभ बच्चनले भारतीय कपिराइट कानुन नमान्ने घोषणा गरेका छन् । सन् १९५७ देखि लागू भारतको कपिराइट कानुनअनुसार कुनै पनि कृति वा उपलब्धिमा सर्जकको ६० वर्षसम्म मात्र अधिकार रहन्छ । त्यसपछि उक्त कृति सार्वजनिक सम्पत्ति मानिन्छ । आफ्ना पिताका कतिपय रचनाको कपिराइट सकिनै लागेको अवस्थामा बच्चनले उक्त कानुनविरुद्ध प्रतिक्रिया जनाउँदै भनेका छन्- मेरा पिताजीका कृतिहरूमाथि मेरो मात्र नभै मेरा सन्तान-दरसन्तानको समेत त्यति नै अधिकार छ, जति ती कृतिमा मेरा पिताजीको अधिकार थियो ।



## राधिकाको आरोप

चलचित्र 'प्याडम्यान' मा अक्षयकी जोडी थिइन्– राधिका आप्टे । तिनै राधिकाले अहिले एउटा रहस्यको खुलासा गरेकी छिन् । राधिकाका अनुसार एउटा तमिल चलचित्रको छायांकनका बेला एउटा डरलाग्दो दुर्घटना भएको थियो । उनले उक्त त्रासदीपूर्ण घटनाका बारेमा जानकारी दिँदै भनेकी छिन्, 'त्यो छायांकनको पहिलो दिन थियो, साउथका एक चर्चित अभिनेता छायांकन स्थलमा आए । म हैरान भए । मैले ती कलाकारसँग पहिले कहिल्यै भेटेकी थिइनँ, तर अचम्मको कुरा उसले मसँग नचाहिँदो हर्कत देखायो ।' राधिका अहिले आफ्नो एउटा तस्विरलाई लिएर शोसल मिडियामा ट्रोल बनेकी छिन् । उनले साथीसँग आफ्नो गोवा भ्रमणको तस्बिर इन्टाग्राममा पोस्ट गरेकी थिइन् । उक्त तस्विरसँगै विभिन्न अनलाइन तथा सामाजिक सञ्जालहरूमा उनको ट्रोल सुरु भएको हो ।



## माधुरीलाई जित्न असम्भव

चलचित्र मात्र होइन, ज्याकलिन फर्नाडिजले काम गरेका अधिकांश गीतलाई प्रशंसकहरूले निकै रुचाएका छन् । 'बागी-२' को एउटा गीतमार्फत ज्याकलिन फेरि आफ्ना प्रशंसकहरूको मन जित्ने तयारीमा छिन् । प्रदर्शनको तयारीमा रहेको उक्त गीत सुपरहिट गीत 'एक दो तीन' को रिमेक हो । माधुरी दीक्षितले चलचित्र तेजाबमा नृत्य गरेको उक्त गीतको प्रभाव अहिलेसम्म कायम छ । सोही गीतको रिमेकमा ज्याकलिनले ठुम्का लगाएकी छिन् । ज्याकलिनले उक्त गीतको रिमेकमा आफूले राम्रो काम गरे पनि माधुरी दीक्षितले जस्तो नृत्य गर्नु आफ्ना लागि असम्भव भएको बताएकी छिन् । ज्याकलिनले यसअघि चिट्टियाँ कलाइयाँ, टन टना टन, ऊची है बिल्डिङ, सुरज डुबा है जस्ता गीतमा नृत्य गरेर आफूलाई अब्बल नृत्याङ्गनाका रूपमा चिनाइसकेकी छिन् ।

प्रसंग

# मिस नेपाल-२०१७ : विजेताहरूको फरक अनुभव

कृष्ण भट्टराई

गत जेठ १९ गते राति काठमाडौंको अन्नपूर्ण होटलमा मिस नेपाल वर्ल्ड-२०१७ को उपाधि जित्नुअघि उर्लाबारी, मोरङकी निकिता चाण्डक आफ्नै सामान्य जीवनमा रमाइरहेकी थिइन्। भारतमा अध्ययन तथा मोडलिङको प्रारम्भिक चरणमा रहेकै बेला उनले काठमाडौं आएर मिस नेपाल-२०१७ मा प्रतिस्पर्धा गरेकी थिइन्। डेढ महिना लामो प्रशिक्षण, कठोर मेहनत तथा आत्मविश्वासका कारण उनले मिस नेपालका अन्य १८ जना उत्तिकै प्रतिभाशाली प्रतिस्पर्धीलाई पछि पार्दै मिस नेपाल वर्ल्ड-२०१७ को उपाधि जितेकी थिइन्।

सोमबार बिहान कुपन्डोलस्थित हिडन ट्रेजरको कार्यालयमा साप्ताहिकसँग कुराकानीको सुरुवातमै निकिताले भनिन्- 'कति छिटो यो दस महिना बितेछ। हिजोजस्तो लाग्दैछ मेरो शिरमा मिस नेपालको क्राउन सजिएको, अबको दुई साताापछि यो क्राउन मिस नेपाल वर्ल्ड-२०१८ को शिरमा हुनेछ।' यो कुरा भन्दा निकिताको आँखामा बेग्लै प्रकारको चमक देखिन्थ्यो। 'मिस नेपालको उपाधि जित्नुअघि र उपाधि जितेपछिकी निकितामा धेरै नै परिवर्तन आइसकेको छ,' एउटा जिज्ञासामा निकिताले भनिन्- 'म अहिले जिम्मेवार नागरिक मात्र होइन, आफ्नो देशलाई प्रतिनिधित्व गर्दै मिस वर्ल्डमा प्रभावकारी सहभागिता जनाउने चेलीसमेत हुँ।' मिस नेपाल भएपछि आफूमा सकारात्मक सोचको विकास हुन थालेको अनुभव गरेकी निकिताका अनुसार त्यसअघि उनी स-साना कुरामा पनि चिढिने स्वभावकी थिइन्। 'उपाधिले मलाई मानसिक तथा शारीरिक रूपमा सकारात्मक बनाइदियो, निकिता भन्छिन्- 'मिस नेपालको क्राउन मेरा लागि हरेक अँध्यारो दिनपछि उज्यालो बिहानी आउँछ भनेजस्तै भैदियो।' उपाधिले आफूलाई नम्र हुन सिकाएको कुरा बताउने निकिता त्यही नम्रताका कारण आफूले धेरै मानिसको मन जित्न सकेको दाबी गर्छिन्। निकिताले पछिल्लो एक वर्षको अवधिलाई एउटा सम्पूर्ण जीवनसँग तुलना गरेकी छिन्। 'यो दस महिनाबीच मैले एउटा नयाँ जीवन पाएको अनुभव गरेकी छु, निकिता भन्छिन्– 'जसरी जीवनमा थुप्रै उतार-चढाव आउँछन्, उपाधिपछि मैले पनि त्यस्तै अनुभव गरें। मिस नेपालको उपाधि मेरा लागि उपलब्धि थियो भने मिस वर्ल्डमा कुनै उपाधि जित्न नसक्नु मेरो असफलता थियो। मिस नेपाल बन्नेबित्तिकै कतिपय मानिसले गरेको आलोचनाले मलाई केही कमजोरसमेत बनाएको थियो। यद्यपि म ती सबै अप्ठ्यारा परिस्थितिको सामना गर्दै यहाँ सम्म आइपुग्न सफल भएकी छु।'

निकिताले मिस वर्ल्ड-२०१७ का लागि आफूले तयार पारेको परिचयात्मक भिडियोले चौतर्फी प्रसंसा पाएकोमा खुसी व्यक्त गरिन्। 'उक्त भिडियोमा मैले नेपाललाई नै चित्रण गरेकी थिएँ,




तस्बिर : कृष्ण भट्टराई

निकिता भन्छिन्- 'उक्त भिडियो मिस वर्ल्डका प्रतिस्पर्धीहरूले तयार पारेका भिडियोहरूमध्ये सबैभन्दा धेरै हेरिएको, लाइक गरिएको तथा प्रशंसा पाएको भिडियो बन्न सफल भएकोमा म गौरवान्वित छु।' मिस नेपाल भएपछि आफू सामाजिक कार्य तथा सचेतनामूलक अभियानमा सक्रिय रूपले सहभागि भैरहेको जनाउँदै निकिता यही चैत २८ गते सम्पन्न हुने मिस नेपाल-२०१८ को ग्रान्ड फिनालेसँगै आफू पूर्व मिस नेपाल हुने तथा त्यसपछिको यात्राका बारेमा अहिले नै कुनै योजना बनाइनसकेको कुरा बताउँछिन्। 'पहिले आफ्नो अध्ययन पूरा गर्छु, निकिताले भनिन्- 'त्यसबाहेक चलचित्र क्षेत्रमा करियर बनाउन सक्रिय हुनेछु। नेपाली चलचित्रबाट प्रारम्भ हुने मेरो यात्रा बलिउडसम्म पुग्यो भने अचम्म नमाने हुन्छ।'

मिस अर्थ नेपाल-२०१७ को उपाधि विजेता रोजिना श्रेष्ठलाई पनि यो दस महिनाको अवधि अति नै छिटो बिते जस्तो लागेको छ। फिलिपिन्समा सम्पन्न मिस अर्थ-२०१७ मा नेपालको प्रतिनिधित्व गर्ने अवसर पाएकी रोजिनाले उक्त अवसरमा नेपाललाई चिनाउन पाउनुलाई गौरवमय क्षणका रूपमा अर्थ्याइन्। 'मिस नेपालमा भाग लिनुअघि ममा केही कमी-कमजोरी थिए, रोजिना भन्छिन्- 'प्रशिक्षणले ती सबै कमी-कमजोरी हटाउन सहयोग पुर्‍यायो। मिस नेपाल अर्थको उपाधिले चाहिं ममा नयाँ आत्मविश्वास पैदा गर्‍यो।' मिस अर्थको सहभागितालाई आफ्नो जीवनकै ठूलो उपलब्धिका रूपमा बुझ्केकी रोजिनाले उक्त अवधिमा विश्वका हरेक देशबाट आएका प्रतिस्पर्धीसँगको भेटघाट, विभिन्न प्रतिस्पर्धा तथा सेमिनार आदिले विश्वभरिकै वातावरणीय प्रभाव बुझ्ने अवसर प्रदान गरेको जानकारी दिइन्। मिस नेपाल प्रतियोगिता नेपाली युवतीहरूका लागि उत्कृष्ट प्लेटफर्म भएको दाबी गर्दै रोजिना भन्छिन्– यो प्रतियोगिताका महत्वपूर्ण चार-पाँचवटा उपाधि विजेताको जीवनमा आमूल परिवर्तन आउँछ। 'यो उपाधिले हामीलाई जिम्मेवार हुन सिकाएको छ, समाजप्रति उत्तरदायी हुन सिकाएको छ,' रोजिनाका अनुसार प्रतियोगितामा सहभागिता जनाएको भोलिपल्टदेखि नै हामीले त्यस्ता धेरै कुरा सिक्ने मौका पायौं, जुन जीवनोपयोगी छ। पोखरा विश्वविद्यालयबाट सूचना-प्रविधिमा स्नातक गरेकी रोजिना भविष्यमा आफूले अध्ययन गरेकै क्षेत्रमै करियर बनाउन इच्छुक छिन्।

मिस नेपाल एशिया प्यासिफिक इन्टरनेसनल-२०१७ को उपाधि जित्न सफल सहारा बस्नेतले उपाधि जितेपछि मिस एसिया प्यासिफिक इन्टरनेसनलमा नेपालको प्रतिनिधित्व गर्ने अवसर प्राप्त गरिन्। फिलिपिन्समा सम्पन्न उक्त प्रतियोगिताको मुख्य नारा महिला शसक्तिकरण भएकाले आफ्नो सहभागिता उक्त विषयका सम्बन्धमा ज्ञान हासिल गर्ने राम्रो माध्यम भएको बस्नेत बताउँछिन्। 'मिस नेपालमा प्राप्त उपलब्धिले आफ्नो जीवनमै परिवर्तन ल्याएको अनुभव गर्दैछु, सहारा भन्छिन्- 'मुख्य कुरा अनुभव हासिल गर्न पाइयो अनि आत्मविश्वास बढाउन सकियो।' मानिसहरूसँग कस्तो व्यवहार गर्ने, देशलाई कसरी आफूसँगै लिएर अघि बढ्ने जस्ता कुरा समेत सिकेको दाबी गर्ने सहारा मिस एसिया प्यासिफिकमा नेपालले पहिलो पटक सहभागिता जनाएकाले आफू केही असफल भएको कुरा बताउन पनि हिचकिचाउँ दिनन्। 'तैपनि मैले आफूलाई उत्कृष्ट शैलीमा प्रस्तुत गरें, सहाराका अनुसार मिस नेपाल प्रतियोगिताले प्रत्येक प्रतिस्पर्धी युवतीलाई बोल्ड हुन सिकाएको छ। व्यवस्थापन संकायकी छात्रा सहारा आगामी दिनमा आफ्नै व्यवसाय सञ्चालन गर्ने पक्षमा छिन्।



नेपाली मोडलिङमा एउटा लोकप्रिय नाम हो– नीति शाह। मिस नेपाल-२०१७ की सबैभन्दा सुन्दर प्रतिस्पर्धीको छवि कायम गर्न सफल नीतिले प्रतियोगितामा मिस नेपाल इन्टरनेसनल-२०१७ को उपाधि जितेकी थिइन्। उक्त उपाधिसँगै नीतिले जापानमा सम्पन्न मिस इन्टरनेसनलमा नेपालको प्रतिनिधित्व गरिन्। कला-संस्कृति तथा महिला सशक्तीकरणमा केन्द्रित उक्त प्रतियोगिताले आफूलाई अझ परिपक्व बनाएको नीतिको अनुभव छ। जापानमा बसोबास गर्ने नेपालीहरूले आफूलाई प्रतियोगिता अवधिभर हौसला प्रदान गरेको क्षणलाई अविष्मरणीय बताउने नीति जापानमा आफूलाई सबैले नीतिको साटो नेपाल नामले सम्बोधन गरेको क्षण कहिल्यै बिर्सन नसक्ने जानकारी दिन्छिन्। मिस नेपालको सहभागिताले जीवनमा काम लाग्ने धेरै कुरा सिकाएको अनुभव गर्ने नीति उक्त प्रतियोगिताको एउटा महत्वपूर्ण उपाधि विजेताका रूपमा विश्वभरिका युवतीहरूले सहभागिता जनाएको प्रतियोगितामा प्रस्तुत हुन पाउनुलाई ठूलो सफलताका रूपमा लिन्छिन्। पछिल्ला दस महिनामा थुप्रै सामाजिक कार्यमा समेत सक्रिय नीति मिस नेपाल-२०१८ को ग्राण्ड फिनालेपछि पुन: मोडलिङमै सक्रिय हुने योजनामा छिन्। 'चलचित्रमा रुचि छैन, नीति भन्छिन्- 'मोडलिङ पनि सिमित मात्र गर्छु, खासगरि ब्रान्ड इन्डोर्समेन्टमा केन्द्रित हुनेछु।' त्यसका साथै नीतिले एमबीएको अध्ययन प्रारम्भ गर्ने योजना समेत बनाएकी छिन्।

नगमा श्रेष्ठ निकै कम भाग्यमानी सुन्दरीहरूमध्ये एक हुन्, जसले एउटा नयाँ अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगितामा नेपालको प्रतिनिधित्व गरिन्। नेपाली प्रतिस्पर्धीका रूपमा नगमाले पहिलो पटक मिस युनिभर्समा सहभागिता जनाइन्। मिस नेपाल प्रतियोगिता आयोजनाको २३ वर्ष पुगेको अवसरमा हिडन ट्रेजरले नगमालाई मिस युनिभर्स-२०१७ मा प्रतिस्पर्धा गर्न पठाएको थियो। त्यसअघि पनि केही अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगितामा सहभागिता जनाइसकेकी नगमाले मिस युनिभर्सको सहभागिता अविस्मरणीय रहेको प्रतिक्रिया दिएकी छिन्। नगमाले सन् २०१२ मै मिस नेपाल अर्थको उपाधि जितेकी थिइन्।

## विकेन्ड इभेन्ट

# शनिबार टेस्ट अफ हार्मोनी



भोलि चैत १० गते शनिबार पोखरामा टेस्ट अफ हार्मोनी शीर्षकको सांगीतिक कार्यक्रम हुँदैछ । उक्त अवसरमा गायिकाहरू इतु जोजीजु, कौशल्या गुरुङ, बबि सुनार, अजुदा थापा, रुबी गौली, शीतल थापा, मितु पल सिाह, रजनी रिदम राई, मालती गुरुङ प्राप्ति तुलाचन, आँचल लामा, रितु लामा, मुस्कान रानाभाट आदिले नयाँ तथा पुराना गीतहरू सुनाउनेछन् । उनीहरूले पुराना स्रष्टाका गीतका अतिरिक्त आफ्ना मौलिक गीतहरू सुनाउँदै वातावरण गुञ्जाउनेछन् । पोखरा सभागृहमा दिउँसो १ बजे प्रारम्भ हुने यो कार्यक्रममा सहभागिता जनाउन ५ सय तथा १ हजार रुपैयाँको टिकट काट्नु पर्नेछ । यो अवसर पोखरा जन्मथलो तथा कर्मथलो भएका गायिकाहरू आबद्ध हार्मोनी द मोर्डन सङस्ट्रेस अफ पोखराले जुराएको हो ।

**स्थान** : पोखरा सभागृह पोखरा
**समय** : दिउँसो १ बजे
**टिकट दर** : १ हजार तथा ५ सय रुपैयाँ
**कलाकार** : हार्मोनी ग्रुप

### लेकसाइड सातामा दुई दिन जागा रहने

पोखराको लेकसाइड अबदेखि हरेक शुक्रबार र शनिबार सातामा दुई दिन राति १ बजेसम्म जागा रहनेछ । हल्लनचोकदेखि बाराहीघाटसम्मको १ किलोमिटर क्षेत्र 'नो भेइकल जोन' घोषित भएसँगै उक्त निर्णय गरिएको हो । अब लेकसाइडका रेस्टुरेन्ट, बार, होटल आदिमा आयोजना गरिने कार्यक्रम राति १ बजेसम्म चल्नेछन् । पर्यटन व्यवसायी सूर्य भुजेलको संयोजकत्वमा करिब ६ महिनाजति नो भेइकल जोन सञ्चालन भए पनि विभिन्न कारणले बीचमै स्थगित भएको थियो । नाइटलाइफमा रम्नेहरूका साथै व्यवसायीहरूले पर्यटकीय क्षेत्र लेकसाइडलाई चौबीसै घण्टा खुला राख्नुपर्छ भनेर बेला-बेलामा आवाज उठाउँदै आएका छन् ।

राजाराम पौडेल

## विकेन्ड ब्यान्ड

# नारायणगढमा कन्दरा




कन्दरा ब्यान्डले आउने आइतबार चितवनको नारायणगढमा प्रस्तुति दिँदैछ । १९ वर्षको अन्तरालपछि यो ब्यान्ड सार्वजनिक रूपमा कार्यक्रम प्रस्तुत हुन लागेको हो । कन्दराका 'हङकङ पोखरा' जस्ता गीत आममानिसको मनमा बस्न सफल छन् । कन्दरा ब्यान्डको प्रस्तुतिसँगै गायक नितेशजंग कुँवरले पनि प्रस्तुति दिने उक्त कन्सर्टमा सन्दीप क्षेत्रीले दर्शकहरूलाई हँसाउने जिम्मा लिएका छन् ।

**स्थान** : क्याम्पचौर, नारायणगढ **समय** : दिउँसो ४ बजे **मिति** : चैत ११
**आयोजक** : कन्दरा ब्यान्ड **प्रवेश शुल्क** : २ सय

## प्रतिस्पर्धा


# मोमो च्यालेन्ज



भोलि शनिबार झम्सिखेलस्थित विक्ड स्पुन एन्ड रकमा मोमो खाने प्रतिस्पर्धा सञ्चालन हुँदैछ । मिस्टर फुडी नेपालले आयोजना गर्ने उक्त प्रतिस्पर्धामा पहिलो हुनेलाई धुलिखेल इको रिसोर्टमा एक जोडीका लागि एक रात बस्ने व्यवस्था मिलाइएको छ भने फर्स्ट रनर्सअप हुनेलाई १ हजार ५ सय रुपैयाँ बराबरको खाने कुराको भौचर तथा अन्य सबै सहभागीलाई मिस्टर फुडी नेपाल, डाँफे तथा टोटल म्याक्स पावरका तर्फबाट विभिन्न गिफ्ट ह्याम्पर प्रदान गरिने बताइएको छ ।

**स्थान** : विक्ड स्पुन एन्ड रक, झम्सिखेल
**कार्यक्रम** : मोमो खाने प्रतिस्पर्धा

## विकेन्ड लाइभ



# सिभिल मलमा नितेशजंग कुँवर

भोलि शनिबार सेन्ट्रल फुड कोर्ट, सिभिल मलमा गायक नितेशजंग कुँवरले प्रस्तुति दिँदैछन् । उक्त अवसरमा गायक नितेशसँगै अन्य कलाकारहरू पनि प्रस्तुत हुनेछन् । यस क्रममा गायक कुँवरले गीतबाहेक आफ्नो निजी जीवनका अनुभव तथा अनुभूतिहरू पनि बाँड्नेछन् ।

**आयोजक** : सेन्ट्रल फुड कोर्ट, सिभिल मल
**स्थान** : स्पोर्टस हाइभ बार एण्ड लाउन्ज
**समय** : दिउँसो २ बजेदेखि ६ बजेसम्म
**कलाकार** : नितेशजंग कुँवर
**प्रवेश** : नि:शुल्क

## विकेन्ड रेस्टुराँ





# माइतीघर मण्डलामा थिस्अल ट्र्यांगल

थिस्अल, गर्मी मौसममा फुल्ने अमेरिकी फूल हो, जसलाई धेरैले मन पराउँछन् । सिंगापुर तथा बेलायतमा बसेका रमेश बस्नेतले त्यही नाममा माइतीघर मण्डलास्थित मण्डला भवनमा रेस्टुराँ सञ्चालनमा ल्याएका छन् । यो रेस्टुराँले छोटो समयमै राम्रो बजार लिइसकेको छ । अन्यत्रभन्दा फरक स्वादका परिकार तथा वातावरणका कारण सामान्य मानिसदेखि सेलिब्रिटीहरूलाई सम्म तान्ने गरेको छ यो रेस्टुराँ । रेस्टुराँ क्षेत्रमै लामो अनुभव बटुलेका सञ्चालक बस्नेतले काठमाडौंका अन्य रेस्टुराँमा पाइने मेनुभन्दा फरक मेनु प्रस्तुत गरेका छन् । 'केही विशेष परिकार हाम्रो रेस्टुराँमा मात्र पाउनुहुन्छ ।' बस्नेत भन्छन्, 'काठमाडौंको मुख्य केन्द्रमा भएकाले यो रेस्टुराँलाई भेटघाटको थलो बनाउन पनि सजिलो छ ।' क्रिप्सी चिकेन मम, बफेलो विङ्स, मुस्ताङ आलु, पेरीपेरी चिकेन विङ्स, क्रिप्सी मम, हिमालयन चिज फिङगर, इटालियन फोकासे विद् मिक्स भेजेटेबल यहाँका केही विशेष परिकार हुन् । १ सय ५० वटा परिकार पाइने यो रेस्टुराँमा फ्रेन्च, इटाली तथा क्यालिफोर्नियाबाट आयात गरिएका पेय पदार्थ पनि उपलब्ध छन् । एक पटकमा ६५ जनासम्मलाई सर्भ गर्ने क्षमता राख्ने यो रेस्टुराँमा जन्मदिन, विवाहको वार्षिकोत्सव, कर्पोरेट तथा व्यापारिक मिटिङहरू समेत गर्न सकिन्छ ।

**स्थान** : माइतीघर मण्डला
**स्पेशल परिकार** : बफेलो विङ्स, मुस्ताङ आलु, पेरीपेरी चिकेन विङ्स, क्रिप्सी मम, हिमालयन चिज फिङगर आदि

चलचित्र

# शत्रुगते



**निर्देशक** : प्रदीप भट्टराई
**निर्माता** : किरण केसी
**संगितकार** : कालीप्रसाद बास्कोटा र टंक बुढाथोकी
**कलाकार** : हरिवंश आचार्य, मदनकृष्ण श्रेष्ठ, प्रियंका कार्की, पल शाह, आँचल शर्मा, दीपकराज गिरी, दीपाश्री निरौला, रमेशरञ्जन झा, शिवहरि पौडेल आदि ।

मदकृष्ण श्रेष्ठ तथा हरिवंश आचार्यले स्थापना गरेको महसञ्चारले ११ वर्षपछि निर्माण गरेको चलचित्र 'शत्रुगते' आज शुक्रबारदेखि नेपालभरका चलचित्र हलमा एकसाथ प्रदर्शन हुँदैछ । सामाजिक कथामा आधारित रहेर तयार पारिएको यो चलचित्र हास्यप्रधान छ । यसअघि चलचित्रका ट्रेलर, पोस्टर तथा गीत रिलिज भैसकेका छन् । चलचित्रको गीत 'रुपै मोहनी' ले निकै चर्चा कमाएको छ । सार्वजनिक ट्रेलरलाई आधार मान्ने हो भने चलचित्र शत्रुगतेले पेट मिचुन्जेल हँसाउनेछ । यसअघि कलाकारसहित देशका विभिन्न सहरमा सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेर चलचित्र निर्माण टोली काठमाडौं फर्किएको थियो । ती कन्सर्टबाट राम्रो प्रतिक्रिया पाएको कलाकार हरिवंश आचार्यले बताएका छन् । निर्माता किरण केसीले भनेका छन्, 'चलचित्रबाट दर्शकले पाउने एउटै कुरा हो, मनोरन्जन र हाम्रो उद्देश्य पनि यही हो ।' निर्देशक प्रदीप भट्टराईले कलाकारहरूको भीड लागेको यो चलचित्रलाई खुबै मेहनत गरेर तयार पारिएको दाबी गरेका छन् । यो चलचित्र दीर्घ गुरुङले खिचेका हुन् भने यसको सम्पादन मित्र गुरुङले गरेका हुन् । चलचित्र शत्रुगतेमा दीपकराज गिरी, दीपाश्री निरौला, नरेन्द्र कंसाकार, शिवहरि पौडेल, यशोधा श्रेष्ठ, रमिला आचार्य आदिले समेत लगानी गरेका छन् ।

# हिचकी



**निर्माता** : मनिष शर्मा
**निर्देशक** : सिद्धार्थ पी. मल्होत्रा
**संगीत** : जसलिन रायल
**कलाकार** : रानी मुखर्जी, आसिफ बसरा, हर्ष मेहर, सुप्रिया पिलगांवकर, शिवकुमार सुब्रमण्यम आदि ।

यश राज फिल्म्सको ब्यानरमा निर्माण भएको चलचित्र 'हिचकी' २००८ मा निर्माण भएको हलिउड चलचित्र 'फ्रंट अफ द क्लास' मा आधारित छ । यो चलचित्र भारतलगायत विश्वभरका थिएटरमा एकसाथ रिलिज हुँदैछ । चलचित्र हिचकी नैना माथुर (रानी मुखर्जी) मा देखिएको एउटा अनौठो रोगमा आधारित छ । कथाअनुसार रानीलाई केही अन्तर्वार्तामा अनुत्तीर्ण गरिन्छ । जागिरको खोजीमा रहेकी रानीलाई पटक-पटक अस्वीकार गरिए पनि उनी हार मान्दिनन् । अन्त्यमा उनले एक प्रतिष्ठित स्कुलमा शिक्षिकाको काम पाउँछिन् । जागिरमा लागेसँगै उनी यस्तै खालका समस्याबाट पीडित छात्राहरूको क्षमता उपयोग गर्ने हरसम्भव प्रयासमा लाग्छिन् । हिचकी आत्मविश्वास तथा आशा वरिपरि रहेर निर्माण गरिएको चलचित्र हो । यो चलचित्रले मानिसमा भएको खोटलाई समेत अवसरमा बदल्न सकिन्छ तथा विभिन्न खालका चुनौती सामना गर्ने हो भने जित हासिल हुन्छ भन्ने सन्देश दिन्छ ।


रंगमञ्च

# पोखरामा नाटक महोत्सव



नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको आयोजनामा पोखरामा नाटक महोत्सव प्रारम्भ भएको छ । पोखरा गैरापाटनस्थित पोखरा थिएटरको गर्न्धव नाटकघरमा हिजो चैत ८ गते बिहीबार सुरु भएको हो यो महोत्सव चैत १४ गतेसम्म चल्नेछ । महोत्सवमा आज शुक्रबार थाङ्ला तथा शनिबार र आइतबार एन्टिगोनी नाटक मञ्चन हुनेछ । यसैगरी भर्जिन कथा, नारी शिक्षा, जयगान, सान्नानीको सन्ते राजा, एक चिहान, पानीघट्ट, चाँदीको घेरा, सखी आदि नाटक क्रमशः मञ्चन हुँदै जानेछन् । फेस्टिभल अवधिभर हरेक दिन दिउँसो १ बजे तथा साँझ ५ बजे नाटक मञ्चन हुनेछ । विश्व रंगमञ्च दिवसको अवसर पारेर यो नाटक महोत्सवको आयोजना गरिएको नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका नाट्य विभाग प्रमुख रमेशनन्दन झाले बताए । महोत्सवमा नाट्य क्षेत्रका बारेमा छलफल समेत हुने पोखरा थिएटरका अध्यक्ष परिवर्तन कार्की बताउँछन् ।

# मण्डलामा मेटासिट



काठमाडौंस्थित मण्डला थिएटरमा नाटक 'मेटासिट' मन्चन भैरहेको छ । मदानी फिल्म एन्ड थिएटर प्रोडक्सन हाउसको यो नाटकका प्रमुख पात्र इमानसिंह हुन् । सामाजिक कथामा आधारित नाटक मेटासिटमा अंकित खड्का, सुप्रिया राना, रोहित पौडेल, दीपिका थापा, प्रनिशा खड्का, संयोग गुरागाईं, गोविन्द सुनार, रेशम बुढाथोकी, सीता राना तथा रियर राई आदिले अभिनय गरेका छन् । १ घण्टा २० मिनेट लामो यो नाटक चैत १८ गतेसम्म मञ्चन हुने बताइएको छ ।

# फान एवार्डको मनोनयन



चलचित्र कलाकार संघले आयोजना गर्ने दोस्रो संस्करणको 'फान एवार्ड-२०७३' को मनोनयनसार्वजनिक गरेको छ । बुधबार काठमाडौंमा आयोजित एक समारोहमा संघकी महासचिव तथा एवार्ड समारोहकी संयोजक सरिता लामिछानेले कुल २४ विधामा मनोनयनमा पर्ने चलचित्र तथा चलचित्रहरूको सूची सार्वजनिक गरिएको बताइन् । समारोहमा मनोनयनमा पर्न सफल चलचित्रकर्मीहरूलाई प्रमाणपत्रसमेत वितरण गरिएको थियो । चैत १६ गते शुक्रबार काठमाडौंमा आयोजित एक समारोहबीच प्रदान गरिने उक्त एवार्डका लागि २०७३ सालमा प्रदर्शन भएका चलचित्रले सहभागिता जनाएका थिए ।

एवार्डको सर्वोत्कृष्ट चलचित्र विधामा के म तिम्रो होइन र, गाजलु, छक्कापञ्जा, जात्रा तथा लुट मनोनीत छन् भने निर्देशन विधामा आकाश अधिकारी (के म तिम्रो होइन र), हेमराज बीसी (गाजलु), रामबाबु गुरुङ (पुरानो डुंगा), निश्चल बस्नेत (लुट-२) तथा मिलन चाम्स (वीरविक्रम) मनोनीत छन् । अभिनेता विधामा दीपकराज गिरी (छक्कापञ्जा), विपिन कार्की (जात्रा), माओत्से गुरुङ (पुरानो डुंगा), दयाहाङ राई (वीरविक्रम) तथा सौगात मल्ल (शब्द) बीच प्रतिस्पर्धा हुने भएको छ । यता अभिनेत्री विधामा भने शिल्पा पोखरेल (किस्मत-२), प्रियंका कार्की (छक्कापञ्जा), वर्षा राउत (जात्रा), सिर्जना सुब्बा (डाइङ क्यान्डल) तथा केकी अधिकारी (लभ सासा) बीच प्रतिस्पर्धा हुँदैछ । हास्य कलाकार विधामा केदार घिमिरे (छक्कापञ्जा), बुद्धि तामाङ (छक्कापञ्जा), रवीन्द्र झा (जात्रा), दयाहाङ राई (लुट-२) तथा कर्मा शाक्य (लुकामारी) ले प्रतिस्पर्धा गर्दैछन् ।

संगीतकारतर्फ कालीप्रसाद बासकोटा (लुट-२), राजनराज शिवाकोटी (छक्कापञ्जा), वसन्त सापकोटा (हाउ फन्नी), महेश खड्का (जय पर्शुराम) तथा ताराप्रकाश लिम्बू (वीरविक्रम) बीच प्रतिस्पर्धा हुँदैछ । उत्कृष्ट गायकको उपाधिका लागि उदितनारायण झा (किस्मत-२), कालीप्रसाद बाँसकोटा (पुरानो डुंगा), प्रताप दास (के म तिम्रो हैन र), राजनराज शिवाकोटी (छक्कापञ्जा) तथा दीपक लिम्बू (जय पर्शुराम) प्रतिस्पर्धामा छन् भने उत्कृष्ट गायिकाको उपाधिका लागि मीना निरौला पोखरेल (लुट-२), अञ्जु पन्त (छक्कापञ्जा), प्रविशा अधिकारी (लुकामारी), मेलिना राई (हाउ फन्नी) तथा मिलन अमात्य (जय पर्शुराम) आपसमा भिड्दैछन् । गीतकारको एवार्डका लागि किरण बराल (लुकामारी), किरण खरेल (किस्मत-२), शान्तिप्रिय (छक्कापञ्जा), एकनारायण भण्डारी (जय पर्शुराम) तथा डा. कृष्णहरि बराल (शब्द) मनोनीत छन् । नृत्य निर्देशकतर्फ रामजी लामिछाने (किड), प्रदीप श्रेष्ठ (शब्द), विक्रम स्वाँर (लुट-२), कविराज गहतराज (छक्कापञ्जा) तथा रेनेसा वान्तवा राई (छक्कापञ्जा) बीच प्रतिस्पर्धा हुनेछ ।

खलपात्र विधामा अनुप विक्रम शाही (किड), दीपकराज गिरी (छक्का पञ्जा), कमलमणि नेपाल (जात्रा), सौगात मल्ल (लुट-२) तथा अर्पण थापा (वीरविक्रम) मनोनीत छन् भने सहअभिनेत्री विधामा मेनुका प्रधान (गाजलु), वर्षा राउत (छक्कापञ्जा), ऋचा शर्मा (बाटोमुनिको फूल-२), सबिना गोपाली (के म तिम्रो होइन र) तथा गौरी मल्ल (होमवर्क) मनोनीत छन् । सहअभिनेता विधामा सलोन बस्नेत (गाजलु), जितु नेपाल (छक्कापञ्जा), शिवहरी पौडेल (छक्कापञ्जा), रवीन्द्र झा (जात्रा) तथा दिलीप रायमाझी (बाटोमुनिको फूल-२) बीच भिडन्त हुनेछ ।

नव नायकको उपाधिका लागि पृथ्वीराज प्रसाईं (किस्मत-२), आर्यन अधिकारी (के म तिम्रो होइन र), आकाश श्रेष्ठ (म त तिम्रै हुँ), आशिफ शाह (लभ सासा) तथा सुगम गुरागाईं (ब्रासलेट) बीच प्रतिस्पर्धा हुँदैछ भने नवनायिकाको एवार्डका लागि मरिश्का पोखरेल (के म तिम्रो होइन र), सृष्टि श्रेष्ठ (गाजलु), ज्योत्सना योगी (म त तिम्रै हुँ), दिया पुन (वीरविक्रम) तथा कमली वाइबा (शब्द) बीच प्रतिस्पर्धा हुँदैछ ।

लाइफ टाइम एचिभमेन्ट एवार्डसहित समारोहमा चरित्र अभिनेता, चरित्र अभिनेत्री, नवनिर्देशक, छायांकन, द्वन्द्व निर्देशक, सम्पादन, कथा, पटकथा तथा संवाद विधामा पनि कलाकारहरूलाई पुरस्कृत गरिनेछ ।

सूचना र मनोरञ्जनको सँगालो
साप्ताहिक





# रूपै मोहनी

हरिवंश आचार्य/
दीपाश्री निरौला


Log on to :
facebook
www.facebook.com/kantipursaptahik
तस्बिर : महेश प्रधान
मेकअप : अम्बु रुचाल
लोकेसन : ब्रिक्स क्याफे, कुपन्डोल
संयोजन : कृष्ण भट्टराई



# पुष्पको प्रशंसा

सयौं म्युजिक भिडियोमार्फत दर्शकमाझ पुगिसकेका अभिनेता पुष्प खड्कालाई निर्देशक तुलसी घिमिरेले चलचित्र दर्पण छायाँ-२ मार्फत रजतपटमा भित्र्याएका थिए । यद्यपि उक्त चलचित्रले व्यवसायिक सफलता हासिल नगरेपछि पुष्पको राम्रो अभिनयले पनि खासै भाउ पाएन । उक्त चलचित्रमा पुष्पले निर्वाह गरेको भूमिकाबाट निर्देशक नवल नेपाल भने प्रभावित थिए । नवलले पुष्पले कुनै पनि चरित्रलाई कतिसम्म न्याय गर्न सक्छन् भन्ने कुराको मूल्यांकन गरे । फलस्वरूप उनले आफ्नो महत्वाकांक्षी चलचित्र 'मंगलम' मा पुष्पलाई एउटा चुनौतीपूर्ण भूमिकामा प्रस्तुत गरे । यतिबेला उक्त चलचित्र प्रदर्शनको दोस्रो साता पूरा गरी तेस्रो सातामा प्रवेश गरिसकेको छ भने पुष्पले निर्वाह गरेको भूमिकाले चौतर्फी प्रशंसा पाइरहेको छ । पुष्पका समकालीन कलाकारदेखि अग्रज कलाकारसम्मले पुष्पको अभिनयको प्रशंसा गरेका छन् भने आमदर्शक पनि उनको प्रशंसक भएका छन् । मंगलमको व्यवसायिक सफलतासँगै अभिनेताका रूपमा स्थापित हुने सम्भावना देखाइसकेका पुष्पप्रति ठूलो ब्यानरका निर्माताहरूले समेत चासो देखाउन थालेका छन् ।



# घोषणा मै त हो

अभिनेत्री रेखा थापाले पछिल्ला केही वर्षयता अभिनय गरेका कुनै पनि चलचित्रले व्यवसायिक सफलता हासिल गर्न सकेका छैनन् । तथास्तु, पलाँस, डायरी, रुद्रप्रिया जस्ता चलचित्रको असफलताले उनको अभिनय करियरको पारो कसरी घटिरहेको छ भन्नेतर्फ इंगित गर्छ । आफ्नो चलचित्रमा अभिनेतालाई समेत पछि पार्ने खुबी भएकी यी अभिनेत्री अचेल अभिनयमा जम्न सकिरहेकी छैनन् । राजनीतिमा समेत खासै जम्न नसकेकी रेखाले अहिले आएर पुनः अर्को एउटा चलचित्र निर्माण गर्ने घोषणा गरेकी छिन् । आगामी तिहारमा प्रदर्शनमा आउने चलचित्र 'लाल मस्तिष्क' मा आफैंले मुख्य भूमिका निर्वाह गर्ने उनले बताएकी छिन् । अभिनेताको टुंगो नलागेको उक्त चलचित्रको निर्देशन गर्ने जिम्मा सम्झना उप्रेती रौनियारले लिएकी छिन् । त्यसो त यसअघि रेखाले रत्ना, कसले चोर्‍यो मेरो मन, कसो कसो माया बस्यो जस्ता चलचित्र निर्माण तथा अभिनय गर्ने घोषणा गरेकी थिइन् । यद्यपि ती कुनै पनि चलचित्रको काम प्रारम्भ भएको छैन । रेखाले हालै घोषणा गरेको लाल मस्तिष्क पनि घोषणामै सिमित हुने हो कि पर्दासम्म आइपुग्ने हो, यसै भन्न सकिँदैन ।

ब्याक बाइट्स

# नाइँ भन्न नजान्ने प्रियंका



अभिनेता दीपकराज गिरी तथा अभिनेत्री प्रियंका कार्कीको जोडी चलचित्रवृत्तमा सफल जोडी मानिन्छ । यो जोडीले चारवटा चलचित्रमा काम गरिसकेको छ । वडा नम्बर छ, छक्का पञ्जा तथा छक्का पञ्जा-२ मा यो जोडीलाई दर्शकहरूले मन पराइसकेका छन् । यतिबेला दीपकराज र प्रियंका चलचित्र शत्रु गतेमार्फत दर्शकमाझ आइरहेका छन् । यो चलचित्रमा पनि उनीहरूले अनस्क्रिन रोमान्स गरेका छन् । चलचित्रको पर्दामा जे-जस्तो भूमिकामा प्रस्तुत भए पनि दीपकराज र प्रियंका पर्दा बाहिरका निकटतम साथी हुन् । उनीहरु एक-अर्काको कमि-कमजोरी औंल्याउनेदेखि राम्रो कामको प्रशंसा समेत गर्छन् । साप्ताहिकको यो स्तम्भका लागि दीपकराजले प्रियंकाका असल तथा खराब पक्षका बारेमा यसरी मुख खोलेका छन् :

## असल पक्ष

**कामप्रति प्रेम**

आफ्नो काम अर्थात अभिनयप्रति अगाध प्रेम छ । प्रियंका व्यक्तिगत जीवनमा कसैकी छोरी, प्रेमिका वा दिदी-बहिनी होलिन् यद्यपि चलचित्र क्षेत्रमा उनी केवल एउटी कलाकार हुन् । कलाकारिता भने पछि रात-दिन सबै बिर्सने उनको बानी अद्वितिय छ ।

**आलु जस्तो स्वभाव**

झट्ट सुन्दा नकारात्मक सुनिएला, तर उनको स्वभाव आलु जस्तो छ अर्थात उनी जोसँग पनि मिल्न सक्छिन् । जसरी आलुलाई साग, करेला, गुन्द्रुक जेसँग मिसाएर पकाए पनि मिठो हुन्छ, उनी पनि हरेक उमेर तथा वर्गका मानिसहरूसँग सहजै घुलमिल हुन सक्छिन् ।

**ड्रेस सेन्स**

प्रियंकाको जस्तो ड्रेस सेन्स मैले अन्य नेपाली अभिनेत्रीमा फेला पार्न सकेको छैन । कस्तो अवसरमा कस्तो पहिरन लगाउने, कसरी आकर्षक अनि फिट देखिने भन्ने कुराको राम्रो ज्ञान भएकी अभिनेत्री हुन्- प्रियंका ।

**छैन घमण्ड**

लोकप्रियताको हिसाबले उनी नेपालकै नम्बर एक अभिनेत्री हुन् भन्दा फरक पर्दैन । यति हुँदा-हुँदै पनि उनमा रत्तिभर घमण्ड छैन । आफ्नो ठूलो स्टारडम भए पनि त्यसलाई प्रदर्शन गर्दिनन्, यो उनको महानता हो ।

**मित्रवत व्यवहार**

सबैसँग मित्रवत् व्यवहार गर्ने उनको बानी उदाहरणीय छ । उनको यो बानी हरेकले अनुशरण गर्दा फरक पर्दैन ।

## खराब पक्ष

**स्वास्थ्यप्रति बेवास्ता**

काममा धेरैभन्दा धेरै सचेत हुँदा उनले आफ्नो स्वास्थको ख्याल गर्नबाट चुकेकी छिन् । प्रियंका हेल्थ इज वेल्थ भन्ने कुरा मनन् गर्नुपर्छ ।

**खानेबानी**

उनको खानेबानी राम्रो छैन । अझ भनौं खाने टाइमटेबल नै छैन । फुड ह्याबिट नराम्रो भएकैले उनको स्वास्थ बिग्रन सक्ने सम्भावना पनि उत्तिकै छ ।

**नाइँ नभन्ने बानी**

उनी कसैलाई 'नो' भन्न सक्दिनन् । नाइँ नभन्ने बानीकै कारण उनले कहिलेकाहीं सोच्दै नसोचेको प्रोजेक्टमा पनि काम गरिरहेको पाइन्छ । कहिलकोहीं नो भन्ने बानी पनि बसाल्नुपर्छ । यस्तो बानी बसालिएन भने आफ्नो करियरलाई नै पुग्न हुनसक्छ ।

**चाँडो प्रतिक्रिया**

उनी हरेक कुरामा तत्काल प्रतिक्रिया दिइहाल्छिन् । हुन त मेरो पनि यस्तै बानी छ, तर म पछि पछुताउँदिन । प्रियंका चाहिँ हतारमा प्रतिक्रिया जनाउँछिन् अनि केही समय पछि नै पछुताउँछिन् ।

**प्रेम प्रसंग**

सेलीब्रेटीहरूले आफ्नो प्रेम सम्बन्धलाई सकेसम्म गोप्य राख्ने प्रयास गर्नुपर्छ । प्रियंकाले त्यसो गरेकी छैनन् । प्रियंकाले आफ्नो प्रेम प्रसंगलाई सार्वजनिक रूपमै व्यक्त गरेपछि उनको सपना देखेर सुत्नेहरूको संख्या घट्न थालेको छ अर्थात् उनले आफ्नै प्रशंसक घटाइरहेकी हुन सक्छिन् ।

प्रस्तुति : कृष्ण भट्टराई






## साम्राज्ञीको स्वीकारोक्ति

अभिनेत्री साम्राज्ञी राज्य लक्ष्मी शाहले स्तनमा खोपाएको ट्याटुका बारेमा सार्वजनिक समारोहमा पहिलो पटक मुख खोलेकी छिन् । अघिल्लो साता चलचित्र 'तिमीसँग' को ट्रेलर सार्वजनिक समारोहलाई सम्बोधन गर्दै साम्राज्ञीले स्तनमा ट्याटु खोपाएको कुरा स्वीकार मात्र गरिनन्, ट्याटुको मात्र तस्बिर खिचिनु पर्नेमा ट्याटु कलाकारले आफ्नो अनुहारसमेत आउने गरी तस्बिर खिचेर सार्वजनिक गर्नु गल्ती भएको बताइन् । 'नचाहँदा-नचाहँदै त्यो तस्बिर बाहिर आयो, साम्राज्ञीले भनेकी छिन्- 'म त्यो कुराका लागि माफी माग्न चाहन्छु ।' साम्राज्ञीले ट्याटु बनाउनु आफ्नो रहर भएको कुरा बताउँदै थपिन्- 'ट्याटु आर्टिस्टले मेरो ट्याटुको मात्र तस्बिर खिच्नुपर्ने थियो, तर अरू नै हुन गयो । अब म यो विषयमा थप कुरा गर्न चाहन्न । यो कुरा पुरानो पनि भैसकेको छ ।'

## बुद्धसँग पल र आँचल

नेपाल आइडल बुद्ध लामाले सांगीतिक क्षेत्रमा लामै समय बिताइसकेका छन् । नेपाल आइडलमा सहभागिता जनाउनुअघि नै पोखरालाई आधार बनाएर गायन कर्ममा सक्रिय यी गायक यतिबेला सांगीतिक कार्यक्रमहरूमा व्यस्त छन् । स्वदेश तथा विदेशका सांगीतिक कार्यक्रमहरूमा सक्रिय बुद्धले जीवनमै पहिलो पटक आफ्नै मौलिक गीत गाएका छन् । अमेरिकाको सांगीतिक भ्रमणका क्रममा गजलकार सुरेश वाग्लेसँग भेट भएपछि मौलिक गीत गाउने उनको बाटो खुल्यो । यसै साता सार्वजनिक भएको 'तिमी साथ भएपछि...' गजलमार्फत बुद्धले आफ्नो गायकीको नयाँ उदाहरण प्रस्तुत गरेका छन् । हरि लम्सालद्वारा संगीतबद्ध उक्त गजलको भिडियोलाई दर्शकले कम समयमै अत्यधिक मन पराएका छन् । बुद्धको पहिलो गीत भएकाले नै दर्शकहरू उक्त भिडियोप्रति आकर्षित देखिन्छन् भने अर्जुन अधिकारीको निर्देशनमा अभिनेता पल शाह तथा अभिनेत्री आँचल शर्माको अनस्क्रिन रोमान्सले पनि यो भिडियोलाई दर्शनीय बनाएको छ ।

प्रश्नोत्तर



# शम्भु प्रधानको माग जायज छैन

सदावहार नायक भुवन केसीको अदा र पर्सोनिलिटीमा मरिमेट्नेहरूको कमी छैन । नायक छोरा अनमोल केसी युवा स्टार भैसक्दा पनि उनको क्रेज र स्क्यान्डलले नेपाली सिने संसार बेला-कुबेला तात्तिइरहन्छ । काजोल फिल्म्समार्फत चलचित्र निर्माण एवं निर्देशनमा हात हालेका भुवन सफल चलचित्र निर्माता तथा निर्देशक मानिन्छन् । लामो समय लगाएर ठूलो बजेटमा निर्माण गरिएको चलचित्र कृले प्रशंसासँगै आलोचना समेत खेप्नुपर्‍यो । ट्रेलरजस्तो धमाकेदार नभएको, कथा पुरानै भएको जस्ता प्रतिक्रिया दर्शक तथा समीक्षकहरूबाट पाएको कृ चलचित्र सम्झनाको उकालीमा अघि-अघि गीत चोरेको आरोपका कारण समेत विवादमा तानियो । चलचित्र सम्झनाका निर्देशक शम्भु प्रधानले 'कृ'को ५० प्रतिशत आम्दानी आफ्नो हुनुपर्ने दाबी गरेपछि कृ टिमको तनाव बढेको हो । हङकङमा चलचित्र कृको स्पेसल शो गर्न पुगेका नायक भुवन केशीसँग साप्ताहिकका लागि अनोज रोक्काको पाँच प्रश्न :

**नेपालमा तपाईंको चलचित्र कृले मिश्रित प्रतिक्रिया पायो । हङ्कङेली दर्शकहरूले चाहिँ कस्तो प्रतिक्रिया दिए ?**

व्यस्त समयका बाबजुद नेपाली चलचित्र तथा कलाकारहरूलाई हङकङेली दर्शकहरूले सम्मान गर्नुहुन्छ । चलचित्र कृ लाई हङकङका दर्शकले निकै मन पराउनुभयो । मेकिङसँगै चलचित्रमा प्रयोग गरिएको हाई टेक्नोलोजीले नेपाली चलचित्रको स्तरवृद्धि गरेको महसुस भयो उहाँहरूलाई ।

**तपाईंको ब्यानरमा निर्माण भएका अन्य चलचित्रभन्दा कृले अलिक बढी चर्चासँगै विवादको समेत सामना गर्नुपर्‍यो होइन ?**

म यसलाई खासै ठूलो अथवा नकारात्मक आलोचना मान्दिनँ । त्यो उहाँहरूको सुझाव एवं सल्लाह हो । चलचित्र कृको कुनै पक्ष कसैलाई चित्त बुझेन होला तर समग्रमा अनमोलको हाडवर्क, प्रोगेस र प्रयोग गरिएको टेक्नोलोजीको प्रशंसा नै भएको छ ।

**चलचित्रमा समावेश गरिएको पुरानो चर्चित गीत उकालीमा अघि-अघिले चोरीको आरोप पनि खेप्नुपर्‍यो नि ?**

वास्तवमा किन त्यस्तो आरोप लागिरहेको छ, म आफैं आश्चर्यचकित छु । त्यो पुरानो कालजयी गीतमा पनि मेरै अभिनय छ । साथीभाइको करले गर्दा मेरो चलचित्रको गीतको सानो हिस्सा राखौं न त भनेर गीतको सानो टुक्रा समावेश गरेका हौं । मलाई लाग्छ, त्यसमा त उहाँहरूले गर्व गर्नुपर्छ, हामीलाई स्याबासी दिनुपर्छ । दयाहाङको एउटा चलचित्रमा पुरानो चलचित्र सपनाको 'सुन्दरीको मनमा बस्ने को होला ?' गीतको टुक्रा समावेश गरिएको थियो, हामीलाई त्यसमा खुसी लाग्यो र स्यावासी पनि दियौं ।

**अब ५० प्रतिशतको माग के हुन्छ त ?**

शम्भु प्रधान हाम्रा अग्रज हुनुहुन्छ । उहाँप्रतिको आस्था र सम्मान सदैव कायम रहनेछ । साढे ३ करोडको लागतमा निर्माण भएको चलचित्रको आधा भाग डेढ करोड माग गर्नु जायज छैन । म र मेरो निर्माण पक्षबाट उहाँलाई दुःखी बनाउने काम गरिएको छैन । यसबाट पुरानो चलचित्रलाई माया गर्ने दर्शक तथा नयाँ चलचित्रमा अपनत्व खोजिरहेका दर्शकहरूलाई जोड्ने काम मात्र गरिएको हो, सम्भवतः उहाँले कुरा बुझ्नुहुन्छ ।

**नयाँ के गर्दै हुनुहुन्छ ?**

नयाँ चलचित्र क्याप्टेनको तयारी पूरा भएको छ, अब हामी फ्लोरमा जाँदैछौं ।

अनोज रोक्का

# मिस्टर ग्लोबल टिनमा राज




१४ देखि १९ वर्ष उमेर समूहका युवाहरूमा लक्षित अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगिता मिस्टर ग्लोबल टिन– २०१८ मा नेपालका तर्फबाट सहभागिता जनाएका राज खड्काले ट्यालेन्ट विधामा सफलता हात पारेका छन् । गत फागुन ३० देखि चैत ५ गतेसम्म थाइल्यान्डको बैंककमा सञ्चालित उक्त प्रतियोगिताको मुख्य उपाधिका लागि राजले विश्वका विभिन्न मुलुकका एक दर्जनभन्दा बढी युवासँग प्रतिस्पर्धा गरेका थिए । प्रतियोगितामा राजले टप फाइभ फाइनलिस्टसम्मको यात्रा तय गरेको बताइन्छ । ५ फिट १० इन्च अग्ला १७ वर्षीय राज मिस्टर एन्ड मिस ग्ल्यामरस आइकन-२०१८ अन्तर्गत टिन विधाका विजेता हुन् । तेस्रो संस्करणको मिस्टर ग्लोबल टिन-२०१८ का लागि राजको सहभागिताको संयोजन एवं व्यवस्थापन ड्रिम सर्च एजेन्सीले गरेको हो । प्रतियोगितामा ग्वामका १६ वर्षीय किन आर आर्टेरो मिस्टर ग्लोबल टिन-२०१८ घोषित भएका थिए भने कोरियाका येवान लि फस्ट रनर्सअप तथा श्रीलंकाका पासन वीरासेकारा सेकेन्ड रनर्सअप छानिएका थिए ।

# मिस ग्लोब इन्टरनेसनल



यसै साता राजधानीमा सम्पन्न मिस ग्लोब इन्टरनेसनल नेपाल-२०१८ मा क्रान्तिशिखा धिताल विजयी भएकी छिन् । उनले बेस्ट पर्सनालिटी विधाको एवार्ड पनि आफ्नै नाममा गरिन् । प्रतियोगिताको फस्ट रनर्सअपमा ओसियन प्रधानले बाजी मारिन् भने निर्जला अधिकारीले सेकेन्ड रनर्सअपमा चित्त बुझाइन् । ओसियनले बेस्ट फिगरको उपाधिसमेत हात पारेको उक्त स्पर्धामा निर्जलाले क्याटवाक, ट्यालेन्ट तथा फोटोजेनिक विधामा पुरस्कृत भएर ह्याट्रिक गरिन् । थर्ड रनर्सअप रिना बोमजनले कन्फिडेन्ट विधाको एवार्ड प्राप्त गरेको यो प्रतियोगितामा यमुना विष्टले पपुलर विधाको उपाधि हात पारेकी थिइन् । त्यसबाहेक उनी स्पिच, फेसबुक च्वाइस तथा भ्युअर च्वाइस विधाको समेत विजेता घोषित भइन् । १४ जनाले प्रतिस्पर्धा गरेको यो प्रतियोगिता स्टार वन इन्टरटेनमेन्टको ब्यानरमा जमलस्थित राष्ट्रिय नाचघरमा सञ्चालन भएको थियो ।



# मिस टिन ग्ल्याम-२०१८

ग्ल्याम वर्ल्ड इन्टरटेनमेन्टद्वारा आयोजित मिस टिन ग्ल्याम-२०१८ शीर्षकमा प्रतियोगितामा १७ वर्षीया जेसिका ताम्राकारले मुख्य उपाधिमा कब्जा जमाएकी थिइन् । १४ जना प्रतियोगीलाई पछि पार्दै जेसिकाले उपाधि हात पारिन् । प्रतियोगितामा करुणा श्रेष्ठ फष्ट रनर्स अप, रोजिना राई सेकेन्ड रनर्सअप एवं रीतिका लिम्बू थर्ड रनर्सअप घोषित भएका थिए ।

# मिस एन्ड मिसेज फिटनेस




पोखरामा सम्पन्न दोस्रो संस्करणको मिस एन्ड मिसेज फिटनेस-२०१८ को उपाधि १८ वर्षीय एलिना जिसीले हात पारेकी छिन् । प्रतियोगितामा १७ वर्षीया चाँदनी पुनले फस्ट रनर्सअप तथा २२ वर्षीया इच्छा मल्लले सेकेन्ड रनर्सअप उपाधि प्राप्त गरिन् ।

सेपअप जुम्बाको आयोजना तथा एसटी क्रिएसनको व्यवस्थापनमा होटल पोखरा ग्रान्डमा सञ्चालित उक्त प्रतियोगिताको कोरियोग्राफी सुरज थापा एवं सौरभ थापाले गरेका थिए । फाइनल प्रतियोगितामा नृत्य, गायन तथा हास्य प्रहसनहरूसमेत प्रस्तुत गरिएका थिए ।

राजाराम पौडेल




# पूर्वाञ्चल गट ट्यालेन्ट

टिन्ज क्रिउ सेन्टर धनकुटाद्वारा आयोजित पूर्वाञ्चल गट ट्यालेन्टको उपाधि मोरङकी सोनी गुरुङले जितकी छिन् । धनकुटामा सम्पन्न फाइनलमा १२ जना प्रतिस्पर्धीलाई उछिन्दै नृत्य विधाकी गुरुङले उक्त उपाधि हात पारेकी हुन् । नृत्य, गायन तथा अभिनय विधा समेटिएको गट ट्यालेन्टको फाइनलको मुख्य निर्णायक अभिनेता दयाहाङ राई तथा गायक एवं संगीतकार अशोक मुकारुङ थिए प्रतियोगिताको दोस्रो स्थान धनकुटाकी जुनी खालिङ राई तथा तेस्रो स्थान संखुवासभाका शोभितकुमार राईले प्राप्त गरे । यो प्रतियोगिताको निर्णय भोटिङ एवं निर्णायकको निर्णयका आधारमा गरिएको बताइएको छ । उक्त अवसरमा गायक अशोक मुकारुङ, पाशाङ शेर्पा, दखिन राई, सूर्य वालिङ, हेमु स्मृति चेम्जोङ आदिले समेत सांगीतिक प्रस्तुति दिएका थिए ।

# मिस्टर तनहुँ



एम्बिसन फेसन होमको आयोजनामा सञ्चालित पहिलो संस्करणको मिस्टर तनहुँको उपाधि किरण थापा क्षेत्रीले हात पारेका छन् । ग्रान्ड फिनालेमा सहभागी १० जना प्रतियोगीलाई पछाडि पार्दै कक्षा ११ मा अध्ययनरत क्षेत्रीले उपाधि चुमेका हुन् । उक्त प्रतियोगितामा विनोद थापा फस्ट रनर्सअप तथा आकाश क्षेत्री सकेन्ड रनर्सअप घोषित भए ।



नेक्स्ट मोडल्स नेपालले आयोजना गरेको मिस नेपाल पिसका २४ जना प्रतियोगीले आ-आफ्नो प्रतिभा प्रदर्शन गरेका छन् । काठमाडौंमा आयोजित ट्यालेन्ट शोमा प्रतियोगीहरूले नृत्य, गायन, अभिनय, चित्रकला एवं वक्तृत्व कलाहरू प्रदर्शन गरेका थिए । सशक्त महिला सबल राष्ट्र भन्ने नाराका साथ सञ्चालन गर्न लागिएको नर्सिङ पेसासँग सम्बन्धित यो सौन्दर्य प्रतियोगिताको फाइनल भोलि चैत १० गते हुँदैछ ।


# प्रथम खोटाङ आइडल



फाइनल चरणमा पुगेका चार जना प्रतिस्पर्धीलाई पछि पार्दै १६ वर्षीय तेजकुमार राई प्रथम खोटाङ आइडल घोषित भएका छन् । खोटाङ आइडलमा रोहित राई दोस्रो, अमिता राई तेस्रो, सुमन राई चौथो तथा दीपा राई पाँचौं भए ।

नरेन्द्र बस्नेत

# बागलुङ कालिकामा चैतेदसैं



देशभरका शक्तिपीठमध्ये बागलुङ कालिका धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक दृष्टिकोणले महत्वपूर्ण मानिन्छ । प्रसिद्ध शक्तिपीठ भएकाले बागलुङ कालिकाको मन्दिरमा बडादसैं अनि विशेष गरी चैतेदसैंमा हजारौं भक्तजनको भीड लाग्छ । कालीगण्डकी नदीको किनारमा अवस्थित यो मन्दिरमा हजारौं नेपाली तथा भारतीय तीर्थयात्री पुग्छन् । चैतेदसैं मेलासँग पनि जोडिएर आउने बागलुङ कालिका मन्दिरमा बडादसैं पनि धुमधामका साथ मनाइन्छ ।


कालिका मन्दिर दर्शन गर्न आउनेहरू सन्तान र शक्ति प्राप्त हुने एवं मनोकांक्षा पूरा हुने आदि विश्वास गर्छन् । बागलुङ, पर्वत, म्याग्दी, कास्की, चितवन आदि स्थानबाट कालिकाको दर्शन गर्न आउनेहरूको संख्या बढी हुन्छ भने भारतीय पर्यटक तथा तेस्रो मुलुकका पर्यटक पनि त्यहाँ पुग्ने गरेका छन् ।

बडादसैं र चैतेदसैंमा बागलुङ कालिकामा ठूलो मेला लाग्छ । यतिबेला त्यहाँ हजारौं भक्तजनले पूजा गर्ने, पञ्चवली दिने एवं नाचगान गर्ने चलन छ । त्यस्तै मेलाकै अवसरमा लोकदोहोरी, झाम्रे, सालैज्यो, सोरठी आदि प्रदर्शन गर्ने, धौलागिरि क्षेत्रका मौलिक कलाका रूपमा चिनिने ठेकी, डाला, डोका, बुट्टेनली जस्ता सामग्रीको प्रदर्शन एवं बिक्री गर्ने काम हुन्छ भने विभिन्न खेलकुद प्रतियोगिताका लागि चैतेदसैंके अवसर जुराइन्छ ।

पहिलो विश्व











# योगी पाइलट

२५ वर्षीया स्वीडिस पायलट मारिया फागेस्ट्रोमको सौख भनेको योग गरिरहेको पोजमा तस्बिर खिचाएर सामाजिक सञ्जालमा अपलोड गर्नु हो । केनरी आइल्यान्डमा बसेर व्यवसायिक विमान चलाउने मारिया यात्राका क्रममा जहाँ-जहाँ पुग्छिन् त्यहाँको आकर्षक ब्याकग्राउन्डमा योगका विभिन्न मुद्रामा तस्बिर खिचाउँछिन् । यसरी खिचिएका तस्बिरलाई उनी मुख्यतयाः इन्स्टाग्राममा अपलोड गर्छिन् । उनको इन्स्टाग्राम एकाउन्टलाई करिब ३ लाख ७५ हजारले पच्छ्याएका छन् । विमान चालक बुबाको प्रेरणामा बोइङ विमान उडाइरहेकी मारिया भन्छिन्- फोटोग्राफी मेरो सौख पनि हो । मैले आफ्नो इन्स्टा एकाउन्टलाई व्यक्तिगतभन्दा पनि सामूहिक बनाउन यात्राका क्रममा खिचिएका तस्बिरहरू अपलोड गरेकी हुँ ।






# यस्ती पो शिक्षिका

लन्डनको ब्रेन्टस्थित एल्पर्टन कम्युनिटी स्कुलकी एक शिक्षिकालाई भार्की फाउन्डेसनले यो वर्षको उत्कृष्ट शिक्षिकाका रूपमा पुरस्कृत गरेको छ । ३९ वर्षीया एन्ड्रिया जाफिराकोले आफ्ना विद्यार्थीहरूलाई उनीहरूकै मातृभाषामा पढाउँदा सजिलै सिक्न र बुझ्न सक्छन् भनेर ३५ वटा भाषा सिकेकी थिइन् । हजारौं शिक्षक-शिक्षिकाबीच भएको यो प्रतिस्पर्धामा अतुलनिय योगदान दिने शिक्षक/शिक्षिकाहरूलाई सम्मानित गरिन्छ । यो पुरस्कारका लागि यसपटक ३० हजार शिक्षक/शिक्षिकाले आवेदन दिएका थिए जसमा एन्ड्रियाले १० लाख अमेरिकी डलरले पुरस्कार प्राप्त गरेकी हुन् । यो प्रतियोगितामा नेपालका शिक्षक विनोद शाही ४० औं स्थानमा पर्न सफल भए । माथिल्लो डोल्पामा कार्यरत शिक्षक शाहीले स्थानीय बालबालिकालाई पढाउन सजिलो होस् भनेर खाम तिब्बतीय भाषाको अध्ययन गरेका थिए । खाम भाषामा पढाउँदा विद्यार्थीहरूले सजिलै सिक्ने र बुझ्ने शिक्षक शाही बताउँछन् ।








# बडी बिल्डरलाई आमाको दूध


आमाको दूध शिशुका लागि अमृत समान हुन्छ, त्यसैले आफ्ना नवजात शिशुलाई स्तनपान गराऔं भन्ने सन्देश संसारको कुना-कुनामा फैलिएको छ । यद्यपि साइप्रसकी एक आमाले आमाको दूध शिशुका लागि मात्र होइन वयष्कहरूका लागि समेत अमृतसमान हुन्छ भन्ने कुरा प्रचार गर्दै लाखौं रुपैयाँ कमाइ रहेकी छिन् ।

साइप्रसकी २४ वर्षीया राफाएला लाप्रोउले पहिलो सन्तान जन्माउँदा अत्यधिक दूध आएपछि उनले उक्त दूध अपर्याप्त दूध आउने आमाका सन्तानलाई निःशुल्क उपलब्ध गराएकी थिइन् । यसरी आमाको दूध प्याकेटमा राखेर उपलब्ध गराउँदा धेरै बालबालिकाले त्यसको फाइदा लिएका थिए । हालै दोस्रो पटक आमा बनेपछि पनि उनको स्तनबाट अत्यधिक दूध आउन थाल्यो । यसै खेर जाने दूधलाई उनले बिक्री गर्ने सोच बनाइन् । निरोगी आमाको दूध धेरैनै फाइदाजनक हुने, यसले सही रूपमा मांसपेशीको विकास गर्ने जस्ता कुरा शारीरिक सुगठनका खेलाडीहरूले समेत बुझे अनि उक्त दूध किन्नेहरूको भीड लाग्न थाल्यो । शारीरिक सुगठनका खेलाडीहरूले राफाएलाको दूधका लागि जति पनि मूल्यमा तिर्न भएपछि उनले प्रतिऔंस १ यूरोमा आफ्नो दूध बिक्री गर्न थालिन् । राफाएलले अहिलेसम्म ५ सय लिटर जति दूध बिक्री गरेर ८ लाख रुपैयाँभन्दा बढी आम्दानी गरिसकेको बताइन्छ ।



# इच्छा बदलियो

युरोपका विभिन्न सहरमा सञ्चालनमा रहेका यौनशालामा यौन खेलौनाले व्यापक रूपमा प्रवेश पाउन थालेपछि सजिव यौनकर्मीहरूको पेसा संकटमा परेको छ । यस्ता यौन खेलौनाले गर्दा अहिले युरोपेलीहरूको यौन रुचिमा समेत परिवर्तन देखा पर्न थालेको छ । स्पेनको बार्सिलोनामा हालसालै सञ्चालनमा आएको यौन पुतलीको यौनशाला लुमिडल महिला ग्राहकहरूप्रति लक्षित छ । केन नामको पुरुष पुतली राखेर महिला ग्राहकलाई अकर्षित गरिरहेको उक्त यौनशालामा अहिले अपेक्षाविपरीत पुरुष ग्राहकहरूको भीड लाग्न थालेको छ । युरोपका पुरुषहरूमा समलिंगी यौनसम्बन्ध राख्ने चाहना तीव्र रूपमा बढिरहेको छ तर उनीहरू विभिन्न कारणले सजीव पुरुषसँग त्यस्तो सम्बन्ध राख्दा बेइज्जत होला कि भन्ने शंका पनि गर्छन् । यस्तो अवस्थामा उनीहरू आकर्षक पुरुषका रूपमा निर्माण गरिएको केन डलसँग सम्बन्ध राखेर समलिंगी यौनसम्बन्धको स्वाद लिन चाहन्छन्, जसका कारण महिलालाई लक्षित गरिएको यौनशालामा पुरुष ग्राहकहरूको भीड देखा परेको हो ।



# संसद्मा तन्नेरी


■ अभिषेकप्रताप साह


■ ओनसरी घर्ती


■ गौरीशंकर चौधरी


■ शान्ता चौधरी

भिषा काफ्ले/जनक तिमिल्सिना

तीन चौथाइ बहुमतसहित एमाले अध्यक्ष केपी शर्मा ओली शक्तिशाली प्रधानमन्त्री भएका छन् । सक्रिय युवाहरूको बलमा स्थापित गणतन्त्र र ०६२/६३ को जनआन्दोलनका उपलिब्ध संस्थागत गर्दै नयाँ संविधान जारी भएपछि नेपाल संविधानले निर्दिष्ट गरेको संघीय संरचनामा प्रवेश गरेको छ । पहिलो पटक संघीय शासनको अभ्यास हुन थालेको नेपालमा नयाँ संविधानअनुसार तीन तहका निर्वाचित सरकार क्रियाशील छन्– संघीय, प्रदेश तथा स्थानीय सरकार ।

भ्रष्टाचार, पदलोलुपत्ता र कुर्सीप्रेमीहरूको भीड रहने तेस्रो विश्वका नेपालजस्ता मुलुकमा राजनीतिको मूल धारमा युवा सहभागिता निकै थोरै हुने मानिन्छ । अझ नेपालमा त निरन्तर बूढाहरूले नै सत्तामा हालीमुहाली गरेको भन्दै चर्को आलोचना हुने गरेको छ । राष्ट्रिय युवा नीति– २०७२ ले १६ देखि ४० वर्षसम्मका व्यक्तिलाई युवा उमेर मानेको छ ।

सरकारी परिभाषाअनुसार युवा उमेर समूहमा पर्नेहरू अहिलेका राष्ट्रिय पार्टीको उच्च नेतृत्वमा नगन्य मात्र छन् । पार्टीको उच्च नेतृत्वमा मात्र होइन, राष्ट्रियसभा तथा प्रतिनिधिसभामा पनि युवाहरूको उपस्थिति दयनीय छ । राज्यको नीति-निर्माण तहमा युवाहरूको उपस्थिति नगन्य भएसँगै उनीहरू राष्ट्रिय राजनीतिको मूलप्रवाहमा प्रभावशाली र हस्तक्षेपकारी भूमिका निर्वाह गर्नबाट चुक्ने पक्का छ । यसै वर्ष सम्पन्न तीनवटै तहको निर्वाचनको ताजा जनादेशअनुसार प्रतिनिधि र राष्ट्रियसभामा युवाहरूको कमजोर उपस्थितिले पनि युवा मुद्दा र भूमिका ओझेलमा पर्ने सम्भावनातर्फ संकेत गर्छ । अर्कातर्फ, जुझारु र सिर्जनशील युवाशक्तिको कमजोर उपस्थितिले राज्यको सक्रियता र काम गर्ने शैलीलाई समेत प्रभावित तुल्याउन सक्छ ।

राष्ट्रिय युवा परिषद्ले साप्ताहिकलाई उपलब्ध गराएको एक तथ्यांकअनुसार संघीय संसद्मा राष्ट्रियसभा तथा प्रतिनिधिसभामा गरी जम्मा ३९ जना युवा उमेरका सांसद छन्, जुन दुवै संघीय सभाको कुल सांसदको ११ दशमलव ६७ प्रतिशत हुन आउँछ ।

२ सय ७५ सदस्यीय प्रतिनिधिसभामा ३५ जना युवा सांसद छन्, जुन कुल सांसद संख्याको १२ दशमलव ७२ प्रतिशत हो । जसमध्ये प्रत्यक्षतर्फ निर्वाचित युवा सांसदको संख्या १३ छ भने समानुपातिकबाट १९ जना प्रतिनिधिसभामा पुगेका छन् । यसरी चुनिने युवा सांसदमा २२ जना महिला छन् भने १३ जना पुरुष छन् । एक युवा सांसदका अनुसार महिलालाई समानुपातिकमा ल्याउनैपर्ने बाध्यताका कारण युवा सांसदको संख्या केही बढेको हो, अन्यथा स्थिति थप दयनीय हुन सक्थ्यो । अझ राष्ट्रियसभामा त्यसभन्दा पनि कमजोर युवा उपस्थिति छ । ५९ सदस्यीय राष्ट्रियसभामा ४ जना मात्र युवाको प्रतिनिधित्व छ, जुन कुल सांसद संख्याको ६ दशमलव ७७ प्रतिशत हो ।

जबकि यही युवा उमेर समूहले कुल जनसंख्याको ४० दशमलव ३५ भाग ओगट्छ । अझ रोचक तथ्य त के छ भने प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनका कुल १ करोड ५४ लाख २७ हजार ९ सय ३८ मतदातामध्ये ८० लाख ७१ हजार ३ सय ६९ मतदाता १८ देखि ४० वर्षसम्मका थिए । यो कुल मतदाता संख्याको करिब ५२ प्रतिशत हो । आधा जनसंख्याभन्दा बढी रहेका युवालाई राजनीतिक दल तथा तिनको नेतृत्वले उचित अवसर दिएको पाइँदैन । राष्ट्र निर्माणको संवाहक शक्ति मानिने युवाहरूको यो कमजोर उपस्थितिले के संकेत गर्छ ? युवाहरूका विषयमा काम गर्ने सरकारी निकाय राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष माधव ढुंगेल यसले युवामैत्री नीति निर्माणलगायतका विषयमा नकारात्मक प्रभाव पार्छ भन्छन् । 'यसले युवासम्बन्धी पोलिसी निर्माणमा नकारात्मक असर गर्छ, अहिले कतिपय मन्त्रालयका कर्मचारीहरू युवा शब्दसँगै डराउँछन्,' ढुंगेल भन्छन्, 'युवा भनेको डरलाग्दो चीज हो, यसले नयाँ ट्रेन्ड, सोच र गतिशीलता खोज्छ, ग्लोबलाइजेसन खोज्छ, जसले पुरानो पुस्तालाई छायाँमा पार्छ । पुस्ताको लडाइँ सबैभन्दा खतरानाक लडाइँ हो, त्यसैले युवाको कमजोर उपस्थितिले यी सबै कुरालाई प्रभावित तुल्याउँछ ।'

युवा नेतृत्व, एड्भोकेसी, पार्लियामेन्ट एजुकेसन, उत्प्रेरणा तालिम, सचेतनाजस्ता युवा सवालमा काम गरिरहेको युवा पार्लियामेन्ट अभियानका अध्यक्ष दिवाकर अर्याल कमजोर युवा उपस्थितिमा नवीन विकास एवं जनकल्याणको राजनीतिको अभाव हुने बताउँछन् । 'यसले गर्दा अहिलेको नयाँ इनोभेसन र क्रिएसनलाई एडप्ट गर्न अझ समस्या हुन्छ,' अर्याल भन्छन्, 'वेलफेयर र मैत्रीपूर्ण राजनीतिलाई पनि यो उपस्थितिले निस्तेज गर्छ ।'

युवा उपस्थिति कमजोर हुनुको कारण

परिषद्का कार्यकारी उपाध्यक्ष ढुंगेल लामो समय चुनाव नहुनु, युवा मुभमेन्ट नहुनु, युवा संयन्त्र निर्माण गरी युवाहरूलाई बहसमा नल्याइनु, युवा एडभोकेसी नहुनु तथा अनुदार पुरानो पुस्ताका कारण राजनीतिमा युवा सहभागिता कमजोर भएको दाबी गर्छन् । 'लामो समय चुनाव भएन, युवा एडभोकेसी भएन, बहस, फोरमहरूको अभाव भयो, राष्ट्रका लागि युवाहरू सक्षम छन् भन्ने ठाउँ क्रिएट गर्न सकिएन, नेतृत्व अनुदार देखियो अनि युवा लिडरसिपले पनि पेल्न सकेन,' ढुंगेल भन्छन्, 'जसका कारण पार्लियामेन्ट तथा सरकारमा युवाहरूको उपस्थिति कमजोर हुन पुग्यो ।'

अर्याल भने परम्परागत राजनीतिक सोचलाई युवाको कमजोर उपस्थितिको प्रमुख कारण मान्छन् । 'परम्परागत राजनीतिक सोचले गर्दा युवा उपस्थिति न्युन भएको छ, बूढो राजनीतिक नेतृत्वलाई युवाहरूले कतै आफ्नो ठाउँ लिइ पो हाल्छन् कि भन्ने चिन्ता छ,' अर्याल भन्छन्, 'अर्कातर्फ राजनीतिलाई गाली मात्र गर्ने र सक्रिय नहुने युवा पुस्ता पनि यसका लागि जिम्मेवार छन् ।'

## प्रदेशमा पनि उस्तै

केन्द्रको तुलनामा प्रदेशमा भने युवा सहभागिता केही बढी देखिन्छ । सातवटै प्रदेशमा प्रत्यक्ष र समानुपातिक गरी ५ सय ५० जना प्रदेशसभा सांसद छन्, जसमा युवाको प्रतिनिधित्व १ सय ३० जना मात्र छ । यो कुल सांसद संख्याको २३ दशमलव ६३ प्रतिशत हो ।

प्रत्यक्ष निर्वाचित ३ सय ३० प्रदेश सांसदमध्ये युवा उमेर समूहका ६२ जना छन् । यस्तै २ सय २० जना समानुपातिक सांसदमा युवा उमेर समूहका ६८ जनालाई दलहरूले प्रदेशसभा सांसद बनाएका छन् ।

प्रदेश नम्बर-१ को ९३ सदस्यीय प्रदेशसभामा युवा उमेरसमूहका १४ जना सांसद छन्, जुन त्यहाँको प्रदेश पार्लियामेन्टको १५ दशमलव ०१ प्रतिशत हिस्सा हो । यस्तै, १ सय ७ सदस्यीय २ नम्बर प्रदेशको पार्लियामेन्टमा ३१ जना युवा सांसद छन् । प्रतिशतका हिसाबले यो उक्त प्रदेशको कुल सांसदको २८ दशमलव ९७ प्रतिशत हो ।

सबैभन्दा ठूलो १ सय १० जना सांसद रहेको प्रदेश नम्बर-३ को संसदमा युवाहरूको सहभागिता २९ जना मात्र

पृष्ठ २४ मा

## प्रतिनिधिसभामा युवा

| नाम | वर्ष | नाम | वर्ष |
|---|---|---|---|
| अमनलाल मोदी | ३२ | नरमाया ढकाल | ३५ |
| बिना मगर | ३४ | समिना हुसेन | ३७ |
| हेमकुमार राई | ३३ | विमला नेपाली | ३८ |
| गौरीशंकर चौधरी | ३५ | शान्तिमाया तामाङ पाखिन | ३८ |
| अभिषेकप्रताप साह | ३५ | गंगा चौधरी (सत्गौवा) | ३८ |
| नरबहादुर धामी | ३८ | शान्ता चौधरी | ३८ |
| प्रमोदकुमार यादव | ३८ | नमिता कुमारी चौधरी | ३९ |
| मोहम्मद ईश्तियाक राई | ३८ | रामकुमारी झाँक्री | ३९ |
| प्रमोद साह | ३८ | ओनसरी घर्तीमगर | ३९ |
| सुदन किराँती | ३८ | लक्ष्मी परियार सेवा | ४० |
| पदम गिरी | ४० | निरादेवी जैरु | ४० |
| मोहन आचार्य | ४० | विमला विश्वकर्मा | ४० |
| उमाशंकर अरगरिया | ४० | चूडामणि खड्का | ४० |
| विमला विक | ३१ | सत्य पहाडी | ४० |
| पार्वतीकुमारी विशंखे | ३१ | इन्दु शर्मा | ४० |
| रामकुमारी चौधरी | ३२ | **राष्ट्रियसभा** | |
| लक्ष्मीकुमारी चौधरी | ३३ | रामपृत पासवान | ३६ |
| नवीना लामा | ३४ | हरिराम चौधरी | ३९ |
| आशाकुमारी विक | ३५ | मुक्ताकुमारी यादव | ४० |
| दुर्गा विक | ३५ | प्रकाश पन्थ | ४० |

# ३५ नपुगेका नीति निर्माता

सरकारले १६ वर्ष पुगेर ४० वर्ष नकाटेका नागरिकलाई युवा मानेको छ । नेपालमा ४१ प्रतिशत जनसंख्या युवाहरूको भएको सरकारी तथ्यांक छ । त्यो ४१ प्रतिशतको प्रतिनिधित्व गर्दै प्रतिनिधिसभाका कुल सदस्यको करिब १२ प्रतिशत (३९ जना) युवा संसद्मा प्रवेश गरेका छन् । त्यसमध्ये ८ जना ३५ वर्ष नपुगेका युवा छन् । साप्ताहिकले कोर युवाको प्रतिनिधित्व गर्ने ती ८ जना सांसदहरूको राजनीतिक यात्रासम्बन्धी जानकारी समेट्ने प्रयास गरेको छ । ती ८ जनामध्ये तीन जना प्रत्यक्ष रूपमा निर्वाचित भएर आएका हुन् भने ५ जना समानुपातिक सांसद हुन् । जातीय तथा क्षेत्रीयताका आधार हेर्ने हो भने पनि ती ८ जना नै जनजाति, दलित तथा मधेसी समुदायबाट चुनिएर आएका छन् । ३५ वर्षमुनिका सांसदमा २ पुरुष तथा १ महिला सांसद प्रत्यक्षतर्फको निर्वाचन जितेर आएका हुन् भने अन्य ५ जना महिला समानुपातिक प्रणालीमार्फत चुनिएका हुन् । यसरी चुनिएर आएकामध्ये २ जना सांसदले अहिलेको सरकारमा मन्त्रीसमेत हुने सौभाग्य समेत पाएका छन् । फरक-फरक पार्टीबाट संसद्मा प्रवेश गरेका यी सबै युवाको प्रमुख मुद्दामा भने समानता पाइन्छ । उनीहरू सबैले एक स्वरमा वैदेशिक रोजगारीको लहरमाथि नियन्त्रण गर्नुपर्ने कुरा बताएका छन् ।


■ रामकुमारी चौधरी

## विमला विक, ३१ वर्ष

बर्दियाको मधुवन नगरपालिका वडा नम्बर-६ मा २०४२ सालमा जन्मिएकी विमला विक अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा प्रवेश पाउने दोस्रो कम उमेरकी सांसद हुन् । कक्षा ८ अध्ययनका क्रममा नेकपा एमाले समर्थित अनेरास्ववियुको आन्दोलनमा होमिएकी विमला ३१ वर्षको उमेरमै सांसद बन्न सफल भइन । नेकपा एमालेको जिल्ला सचिवालय सदस्य तथा दलित उत्थान संघको अध्यक्षको जिम्मेवारी सम्हालिरहेकी विमलालाई नेकपा एमालेले समानुपातिक कोटामा सभासद बनाएको हो । अनेरास्ववियुको प्रारम्भिक कमिटी, जिल्ला कमिटी सचिव तथा अखिल नेपाल महिला संघको जिल्ला सचिवको नेतृत्व सम्हालिसकेकी विमलाले कानुनमा स्नातक गरेकी छिन् ।

केन्द्रीय सांसदका रूपमा पहिलो पटक संसद् भवनमा प्रवेश पाउने ३१ वर्षीया विमलाको प्रमुख मुद्दा सबैका लागि गुणस्तरीय शिक्षा उपलब्ध गराउनुपर्छ भन्ने हो । उक्त मुद्दासँगै स्वरोजगारीका लागि देश सुहाउँदो कानुन निर्माण गर्ने, युवाहरूको विदेश पलायन रोक्ने तथा युवाहरूलाई देश विकासमा लगाउने नीति बनाउन पहल गर्ने हो । स्वरोजगारीका लागि राज्यले गर्नुपर्ने प्रतिबद्धता र सुरक्षालाई सहज बनाउन कानुन निर्माणमा उनको भूमिका रहने छ । लामो समयदेखि विद्यमान सामाजिक समस्या दुव्यसन, छुवाछूत, बालविवाह, महिला हिंसाजस्ता कुरा पनि संसदमा उनले उठाउने मुद्दा हुन् ।

## पार्वतीकुमारी बिशंखे, ३१ वर्ष

दैलेखको दलीत परिवारमा २०४३ सालमा जन्मिएकी पार्वती कुमारी विशंखे सबैभन्दा कान्छी सभासद हुन् । ३१ वर्षीया पार्वती १३ वर्षको उमेरदेखि एमालेको राजनीतिमा होमीएकी हुन् । विद्यार्थी राजनीतिमा सक्रिय पार्वती हाल नेकपा एमाले दैलेख जिल्ला कमिटिकी सदस्य छिन् भने अखिल नेपाल महिला संघको कोषाध्यक्षको जिम्मेवारीसमेत सम्हालिरहेकी छिन् । त्यस्तै उनी नेपाल उत्पीडित जातीय मुक्ति समाजको ६ नम्बर प्रदेश सदस्यसमेत छिन् । दैलेखस्थित नारायण क्याम्पसबाट बीए उत्तीर्ण पार्वतीले दलित महिला संघको जिल्ला अध्यक्षको पद पनि सम्हालिसकेकी छिन् । दोस्रो जनआन्दोलनका बखत तीन पटक गिरफ्तारीमा परेकी पार्वतीको त्यही योगादानलाई हेरेर एमालेले देश नयाँ संरचनामा गएपछिको पहिलो संसद्मा समानुपातिक संसदका रूपमा उनको मनोनयन गरेको हो । पार्वतीले संसद्मा नेपालबाट विदेश पलायन भैरहेका युवाहरूलाई रोक्न विशेष आवाज उठाउने प्रण गरेकी छिन् । 'अहिले पनि उत्पादनशील युवा विदेश पलायन भैरहेका छन् । योग्यता अनि क्षमता भएका युवाहरूलाई रोक्न मेरो विशेष भूमिका रहनेछ ।' पार्वती भन्छिन्, 'त्यसका साथै बिदेसिने युवाले नेपाल पठाएको रेमिट्यान्सको उचित र व्यवस्थित परिचालन गरी धेरैभन्दा धेरै रोजगारी सिर्जना गर्ने नीति बनाउनतर्फ लाग्नेछु ।'

## बिना मगर, ३३ वर्ष,

बिना मगरले सुदूरपश्चिमबाट सबैभन्दा कलिलो उमेरमा फुल महिला मन्त्री भएर इतिहास रचिन् । त्यति मात्र नभएर गत मंसिरमा भएको मध्यावधि निर्वाचनमा ३५ वर्ष भन्दा कम उमेरमा प्रत्यक्ष निर्वाचन लडेर केन्द्रीय संसद् सदस्य बन्ने उनी एक्ली महिला हुन् ।

माओवादी केन्द्रका तर्फबाट निर्वाचन जितेकी मगर ११ वर्षको उमेरमै बाल-जनवादी कलाकारका रूपमा माओवादी जनयुद्धमा सहभागी थिइन् । माओवादी जनयुद्ध उत्कर्षमा पुग्ने क्रममा विद्यार्थी आन्दोलनसँग जोडिएकी बिनालाई नेपाली सेनाको भैरवनाथ गणमा राखी २५ महिना कठोर यातनामा दिइएको थियो । 'मलाई त्यो २५ महिनाको यातनाभन्दा भयंकर दिन आउँछ भन्ने लागेको थिएन ।' बिना साप्ताहिकसँग भन्छिन् 'तर जीवन सधैं संघर्ष नै रहेछ ।'

स्नातक तहसम्मको अध्ययन गरेकी बिना हाल नेकपा माओवादी केन्द्रकी पोलिटब्युरो सदस्यसमेत हुन् । उनले अनेरास्ववियु जिल्ला कमिटी कञ्चनपुर अध्यक्ष, त्यसपछि काठमाडौं जिल्ला अध्यक्ष, अखिल नेपाल महिलासंघ जिल्ला अध्यक्षको जिम्मेवारी पनि सम्हालिसकेकी छिन् ।

केपी ओलीको मन्त्रिपरिषद्मा खानेपानी तथा सरसफाइ मन्त्रालय सम्हालेकी बिना यो मन्त्रिपरिषद्मा युवाहरूको नेतृत्व आफूले गरेको दाबी गर्छिन् । 'मलाई युवाहरूले आफ्नो प्रतिनिधिका रूपमा हेर्नुभएको छ ।' बिना भन्छिन्, 'मलाइ अरू मन्त्रीजस्तो असफल हुने छुट छैन ।' देश विकासका लागि अवसर सिर्जना गरेर बिदेसिने युवालाई रोक्नु यो सरकारको पहिलो काम भएको बिना बताउँछिन् ।


■ लक्ष्मीकुमारी चौधरी

## लक्ष्मीकुमारी चौधरी, ३३ वर्ष

नेकपा एमालेका तर्फबाट सभासद भएकी लक्ष्मीकुमारी चौधरीले २०६८ सालमा पार्टीको सदस्यता लिएकी हुन् । अखिल नेपाल महिला संघ जिल्ला सदस्य, पार्टीको निर्वाचन विभाग आदि जिम्मेवारी बहन गरीसकेकी चौधरी ३३ वर्षअघि धनगढी नगरपालीका वडा नम्बर ६ मा जन्मिएकी हुन् । चौधरी स्थानीय तह पुनर्संरचना गर्न बनेको आयोगमा प्रदेश नम्बर ७ को प्रतिनिधिका रूपमा सहभागी थिइन । कैलाली बहुमुखी क्याम्पसमा एम.ए. अध्ययनरत चौधरीले सामाजिक कामबाट राजनीतिमा हामफालेकी हुन् । आफूले विगतमा गरेको कामकै कारण देश बनाउने यो अभियानमा संलग्न हुन पाएको बताउने यी तन्नेरी सभासदको प्रमुख एजेन्डा पनि युवा शक्तिलाई देशमै रोक्ने वातावरण वनाउने कानुन निर्माण नै हो । देशमा आधुनिक कृषिको उत्पादन लाइ व्यवस्थित गर्ने नीति बनाउने, प्राविधिक शिक्षामा जोड दिने र नेपालमै अवसर सृजना गरी विदेशीरहेका युवाहरूलाइ रोक्ने कानुन बनाउन पहल गर्ने उनको सोच छ । 'आर्थिक विकास गरी युवाहरूलाइ रोजगार बनाउने काममा सक्रिय हुनेछु ।' चौधरी भन्छिन्– 'आधुनिकीकरणलाई आत्मसात् गर्न नसके दक्ष युवा बिदेसिने क्रम रोक्न सकिँदैन ।'

## नवीना लामा, ३३ वर्ष

एक महिनाअघिसम्म विद्यार्थी नेतृको परिचयमा सीमित नवीना लामाको परिचय फेरिएको छ अहिले । २०४० सालमा जन्मिएकी काभ्रे मदनकुँडारी-७ की लामा अहिले केन्द्रीय संसद्को सदस्य भएकी छिन् । २०५६ सालमा विद्यार्थी राजनीति सुरु गरेकी लामा ०७१ मा अनेरास्ववीयुको केन्द्रीय अध्यक्ष निर्वाचित भएकी थिइन् ।

२०६२/०६३ सालको जनआन्दोलनमा पटकपटक गिरफतारीमा परेकी लामा अहिले मास्टर्स अध्ययनरत छिन् ।समातामूलक शिक्षा उनको प्राथमिकतामा छ । व्यवसायिक एवं वैज्ञानिक शिक्षामा जोड दिँदै वैदेशिक रोजगारीमा जाने युवाहरूको संख्या कम गर्ने नीति तयार पार्न आफ्नो भूमिका रहने उनको भनाइ छ । 'विद्यार्थी आन्दोलनबाट मेरो राजनीति प्रारम्भ भएको हुँदा शिक्षाकै मुद्दा मेरो प्राथमिकतामा रहनेछ ।' लामाले भनिन्, 'अहिलेको सवैभन्दा ठूलो समस्या भनेको बेरोजगारी हो, त्यसका लागि रोजगारीका अवसरमा वृद्धि तथा व्यवहारिक एवं वैज्ञानिक शिक्षामा जोड दिनुपर्छ ।'


■ हेमकुमार राई



■ अमनलाल मोदी

### रामकुमारी चौधरी, ३२ वर्ष

खड्गप्रसाद ओली मन्त्रिपरिषद्की सबैभन्दा कान्छी मन्त्री हुन्– रामकुमारी चौधरी । नेकपा माओवादीका तर्फबाट समानुपातिक सांसद चौधरी कृषि भूमिव्यवस्थापन तथा सहकारी राज्यमन्त्री भएकी छिन् । सुनसरीको रामधुनी नगरपालीका वडा नम्बर–९ मा जन्मिएकी चौधरी उक्त नगरबाट मन्त्री हुने पहिलो व्यक्ति पनि हुन् । प्लस टु सम्मको अध्ययन गरेकी चौधरी सांसद्वाहेक माओवादी केन्द्रकी पोलिटब्युरो सदस्यसमेत हुन् । पार्टीको सुनसरी जिल्ला इन्चार्ज तथा थारु मुक्ति मोर्चाको केन्द्रीय उपाध्यक्षको समेत भूमिका निर्वाह गरिरहेकी चौधरी माओवादीले जनयुद्धका बेला सञ्चालन गरेको समानान्तर जनसरकारको सुनसरी जिल्ला प्रमुख थिइन् । २०५६ सालमा १४ वर्षको उमेरमै युद्धको पूर्णकालीन सिपाही भएर लडाइँको मोर्चामा होमिएकी चौधरीले त्यतिबेला आफ्नी बहिनीलाई गुमाउनुपरेको थियो ।

### हेमकुमार राई, ३४ वर्ष

गएको संसदीय चुनावमा नेपाली कांग्रेसका प्रभावशाली नेता बलबहादुर केसीलाई भारी मतले पराजित गरेपछि सोलुखुम्बुका हेमकुमार राई एकाएक चर्चामा आए । वाम गठवन्धनका संयुक्त उमेदवार राईले माओवादीका तर्फबाट प्रत्यक्ष निर्वाचन जितेका हुन् । प्रत्यक्षतर्फ चुनाव लडेर विजयी हुने ३५ वर्षमुनिका ३ जना युवामध्ये उनी पनि एक हुन् । १५ वर्षको उमेरमै माओवादी राजनीतिमा होमिएका हुन् उनी । २०५६ सालमा पार्टीको पूर्णकालीन सदस्य हुँदै काँधमा बन्दुक बोकेका थिए उनले । एरिया इन्चार्जका रूपमा जनयुद्धमा सामेल भएका राई हाल पार्टीको पोलिटब्युरो सदस्य तथा सोलुखुम्बु जिल्ला इन्चार्जको जिम्मेवारीमा समेत छन् । एसएलसी उत्तीर्ण राई देश विकासका लागि अहिले व्यापारीकरणको रूप लिइरहेको वैदेशिक रोजगारीलाई रोक्नुपर्ने बताउँछन् । आफ्नो संसद् यात्राको प्रमुख ध्येय पनि त्यही भएको उनको भनाइ छ । 'वैदेशीक रोजगारीमा जाने युवाहरूलाई नेपालमै रोक्ने नीति तथा कार्यक्रम बनाउन पहल गर्नु मेरो प्रमुख एजेन्डा हो ।' राईले भने, 'जबसम्म विदेसिने युवाहरूलाई रोकेर नेपालमै रोजगारीका अवसर सिर्जना गर्न सकिँदैन तबसम्म देशलाइ समृद्ध बनाउने कुरा सपना मात्र हुन्छ ।'

### अमनलाल मोदी, ३२ वर्ष

नेपालमा पुराना नेताहरूले नै राजनीतिक पद ओगटिरहेको अवस्थामा मोरङ क्षेत्र नम्बर–४ बाट निर्वाचित ३२ वर्षीया अमनलाल मोदी अवसर पाए युवाले पनि राजनीतिक नेतृत्व लिन सक्छन् भन्ने उदाहरण हुन् । दोस्रो संविधानसभामा समानुपातिक कोटाबाट सबैभन्दा कान्छो सभासदका रूपमा संसद् भवनमा प्रवेश गरेका मोदीले माओवादी सशस्त्र युद्धलाई साथ दिँदै २०५६ सालमा अखिल क्रान्तिकारीको एकाइ समितिबाट राजनीतिक यात्रा थालेका थिए । मोदी उक्त संगठनको जिल्ला अध्यक्ष, पार्टीको जिल्ला सदस्य, पदाधिकारी हुँदै अहिले केन्द्रीय राजनीतिमा छन् । विद्यार्थी राजनीति गरेकै आधारमा २०६० सालमा पक्राउ परी २ वर्ष २ महिना जेल तथा निर्मम यातना पाएका थिए उनले । थारु मुक्तिमोर्चाको केन्द्रीय सचिवसमेत रहेका मोदी केही समयअघि चलेको थारुहट आन्दोलनका प्रवक्तासमेत थिए ।

बीएड तेस्रो वर्ष अध्ययन गर्दागर्दै पक्राउ परेपछि त्यसपछिको शैक्षिक गतिविधि अघि बढाउन नसकेको उनको गुनासो छ । सामान्य परिवारमा जन्मिएका मोदी नयाँ पुस्तालाई राजनीतिक नेतृत्वमा स्थापित गराउने नीति निर्माणमा आफ्नो भूमिका हुने कुरा बताउँछन् । राजनीतिमा पुराना नेताहरूको दबदबा अनि नातावाद–कृपावाद मौलाएको छ । 'जबसम्म युवा नेतृत्व स्थापित हुँदैन तबसम्म देश विकास सम्भव छैन ।' अगमलाल भन्छन्– 'रोजगारीका लागि विदेश जानुपर्ने बाध्यता विकराल स्थिति हो, त्यसलाइ रोक्न पनि युवा नेतृत्व आवश्यक छ । मेरो भूमिका त्यही विषयमा केन्द्रित हुनेछ ।'



■ विमला विक

# संसद्मा....



तस्विरः एजेन्सी

■ प्रदीप यादव

पृष्ठ २२ बाट

छ, जुन कुल प्रदेशसभाको २६ दशमलव ३६ प्रतिशत हो । यस्तै, ५८ सदस्यीय प्रदेशसभा रहेको प्रदेश नम्बर–४ मा युवा सांसदको संख्या १० छ, यो उक्त प्रदेशको कुल सांसदको १७ दशमलव २४ प्रतिशत हो । ८७ सदस्यीय प्रदेशसभा रहेको प्रदेश नम्बर–५ मा युवा सांसदको संख्या १७ छ, यो उक्त प्रदेशको कुल सांसदको १९ दशमलव ५४ प्रतिशत सहभागिता हो । सबैभन्दा सानो प्रदेशसभा प्रदेश नम्बर–६ मा कुल ४० जना सांसद छन्, जसमा युवा सांसदको संख्या ११ छ, जुन उक्त प्रदेशसभाको २७ दशमलव ५ प्रतिशत हुन आउँछ । सबैभन्दा बढी युवा सहभागिता गराउने प्रदेश नम्बर–७ को प्रदेशसभामा मा ३३ दशमलव ९६ प्रतिशत युवा सांसद छन् । ७ नम्बर प्रदेशको प्रदेशसभा ५३ सदस्यीय छ, जसमा युवा सांसदको संख्या १८ छ ।



■ रामकुमारी झाँक्री

### स्थानीय तहबाट उदाउँदै युवा

युवा सहभागिताका दृष्टिले स्थानीय तहको स्थिति केन्द्रीय एवं प्रदेशसभाको तुलनामा केही सुदृढ देखिन्छ । ३५ हजार ४१ स्थानीय तहका जनप्रतिनिधिमध्ये १३ हजार ७ सय युवा जनप्रतिनिधि निर्वाचित भएका छन्, जुन कुल स्थानीय तहका जनप्रतिनिधिको ३९ दशमलव ० ९ प्रतिशत हो । कुल २ सय ९३ मेयरमध्ये ५२ जना युवा मेयर निर्वाचित भएका छन्, जुन कुल मेयरको १७ दशमलव ७४ प्रतिशत हो । यस्तै, २ सय ९३ उपमेयरमध्ये १ सय ११ जना युवा उपमेयर निर्वाचित भएका छन् । यो कुल उपमेयरको ३७ दशमलव ८८ प्रतिशत हो ।



■ सत्या पहाडी

४ सय ६० गाउँपालिका अध्यक्षमध्ये १ सय १२ युवा अध्यक्ष निर्वाचित भएका छन् । अर्थात् २४ दशमलव ३४ प्रतिशत गाउँपालिका हाँक्ने अवसर युवाहरूले प्राप्त गरेका छन् । ४ सय ६० नै गाउँपालिका उपाध्यक्षमध्ये २ सय ३७ युवा छन्, जुन कुल उपाध्यक्षको ५१ दशमलव ५२ प्रतिशत हो ।

देशभरका कुल ६ हजार ७ सय ४२ वडाध्यक्षमध्ये युवा वडाध्यक्षको संख्या २ हजार ३६ छ । जुन कुल वडाध्यक्षको ३० दशमलव १९ प्रतिशत हो । ६ हजार ७ सय ४२ महिला वडासदस्यमध्ये ३ हजार ९७ युवा महिला वडासदस्य निर्वाचित भएका छन् । यो कुल महिला वडासदस्यको ४५ दशमलव ९३ प्रतिशत हो । ६ हजार ५ सय ६७ दलित महिला वडासदस्यमध्ये युवा दलित महिला वडासदस्यको संख्या ३ हजार ५ सय १५ छ, जुन कुल दलित महिला वडासदस्यको ५३ दशमलव ४९ प्रतिशत हो । यस्तै, देशभरका १३ हजार ४ सय ८४ वडा सदस्यमध्ये युवा वडासदस्यको संख्या ४ हजार ५ सय ४२ छ, जुन कुल वडासदस्यको ३३ दशमलव ६८ प्रतिशत हो । स्थानीय निकायमा उम्मेदवार बन्न २१ वर्ष पुग्नुपर्ने प्रावधान छ ।

(आवरणमा बायाँबाट नविना लामा, अमनलाल मोदी, पार्वतीकुमारी बिशंखे, बिना मगर र मोहम्मद ईश्तियाक राई)

# नेपालमा सोफिया




तस्बिर : श्रुति श्रेष्ठ

सोफिया नेपाल आउँदै छिन् भन्ने ठूलै चर्चा चल्यो । अन्ततः उक्त चर्चा सत्यतामा परिणत पनि भयो । हो, सोफिया चैत ७ गते बुधबार नेपाल आइन् र थुप्रै नेपालीहरूसँग अन्तर्क्रिया गरेर फर्किइन् । सोफिया कुनै युवती वा महिला थिइनन् । साउदी अरेबिया सरकारले नागरिकता प्रदान गरेकाले सोफियालाई हामी युवती वा महिला भन्न सक्छौं, यद्यपि उनी एउटी रोबोट हुन् ।

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी) को आयोजनामा सम्पन्न सार्वजनिक सेवाका लागि प्रविधि विषयक सम्मेलनमा सहभागी हुन सोफिया नेपाल आएकी थिइन् । विकास कार्यक्रमहरूमा चुस्त सेवा प्रदान गर्न प्रविधिको प्रयोगले महत्वपूर्ण योगदान दिने कुरा झल्काउन यूएनडीपीले सोफियालाई नेपाल ल्याएको बताइन्छ । सोफियाले दरबारमार्गस्थित होटल याक एन्ड यतिमा आयोजित सम्मेलनलाई मुख्य वक्ताका रूपमा सम्बोधन गरिन् । उक्त अवसरमा धेरैले सोफियासँग अन्तर्क्रिया पनि गरे । सोफियाले त्यहाँ सोधिएका विभिन्न प्रश्नको उत्तरसमेत दिएकी थिइन् । सोफियाले नेपालले प्रविधिका क्षेत्रमा राम्रै प्रगति गरेकाले आगामी दिनमा प्रविधिलाई सही तरिकाले अवलम्बन गरे नेपालले विकासको क्षेत्रमा ठूलो फड्को मार्ने विश्वास आफूमा भएको कुरा बताएकी थिइन् ।





सोफियालाई यूएनडीपीले एसिया-प्रशान्त क्षेत्रको इनोभेसन च्याम्पियनको पदवी प्रदान गरेको छ । यो पदवी पाउने उनी पहिलो रोबोट हुन् । हेर्दा दुरुस्तै मानिसजस्ती देखिने सोफिया तीक्ष्ण बुद्धि भएकी मेसिन हुन् । अर्को शब्दमा उनलाई ह्युमनाइड रोबोट भनिन्छ । सोफिया हिँड्न, बोल्न, गफ गर्न तथा अन्तर्वार्ता दिन सक्छिन् । कृत्रिम बुद्धि प्रयोग गरेर तयार पारिएको उक्त रोबोट नागरिकता प्राप्त गर्ने विश्वको पहिलो आर्टिफिसियल इन्टेलिजेन्स मेसिन हो ।

सोफियालाई हङकङको कम्पनी ह्यान्सन रोबोटिक्सले निर्माण गरेको हो । यसको श्रेय डा. डेभिड ह्यान्सनलाई जान्छ । सोफियालाई पहिलो पटक २०१५ अप्रिल १९ मा अमेरिकाको टेक्सासमा प्रस्तुत गरिएको थियो । सन् २०१६ को मध्य मार्चमा उनलाई टेक्सासस्थित अस्टिनमा भएको साउथ वेस्ट फेस्टिभलमा पुनः सार्वजनिक गरियो । साउदी अरेबिया सरकारले २०१७ को अक्टोबर २५ मा मानिसका रूपमा नागरिकता दिएपछि सोफिया थप चर्चित भइन् ।

सोफियाको अनुहार दिवंगत बेलायती कलाकार अड्रे हेपबर्नसँग मिल्दोजुल्दो छ । सोफियामा आर्टिफिसियल इन्टेलिजेन्स (कृत्रिम बुद्धि), भिजुअल डाटा प्रोसेसिङ तथा फेस रिकग्निसन सफ्टवेयर प्रयोग गरिएको छ । यही सफ्टवेयरको सहायताले सोफियाले बोल्ने, हेर्ने तथा चिन्ने काम गर्छिन् । गुगलको प्यारेन्ट कम्पनी अल्फाबेटले सोफियाको आवाज चिन्ने प्रविधि (भ्वाइस रिकग्निसन) निर्माण गरेको हो । सोफियाले आफ्नो अनुहारबाट ६२ वटाभन्दा बढी भाव प्रकट गर्न सक्छिन् । गत अक्टोबरमा सोफियाले संयुक्त राष्ट्रसंघका उपमहासचिव अमिना जे मोहम्मदसँग पहिलो संवाद गरेकी थिइन् ।

सोफियाको आँखाले क्यामेराको काम गर्छ । त्यसकै सहायताले सोफियाले एकपटक भेटेको व्यक्तिलाई अर्को पटक भेट्दा चिन्न सक्छिन् । आवाज पहिचान गर्ने प्रविधिले उनलाई कसैले सोधेको प्रश्न पहिचान गर्न सघाउँछ । त्यसैगरी यसमा प्रयोग भएको अर्को सफ्टवेयरले मानिसले सोधेको प्रश्न विश्लेषण गरी उत्तर दिन सहयोग पुर्‍याउँछ । उक्त सफ्टवेयर सिंगुलारिटी नेट नामक कम्पनीले तयार पारेको हो । यसले सोफियासँग सोधिएका प्रश्नहरू संग्रह गरी राख्छ, त्यसैले सोफियाको क्षमता समयसँगै लगातार बढ्दै गैरहेको छ ।

## अन्तर्राष्ट्रिय र्‍याम्पमा



# नेपाली पहिरन

लक्ष्मी भण्डारी

फेसन डिजाइनर पूनम क्षेत्री गौतमका सिर्जनात्मक कला अन्तर्राष्ट्रिय प्लेटफर्ममा प्रस्तुत भएका छन् । अमेरिकाको न्युयोर्कमा सम्पन्न एसएम ग्लोबल फेसन शो तथा वर्ल्ड फेसन परेड गरी दुईवटा छुट्टा-छुट्टै शोमा उनका डिजाइन प्रस्तुत भएका थिए । दुवै शोमा सहभागी विश्वका १२ मुलुकका डिजाइनरमध्ये नेपाली डिजाइनर पूनमद्वारा डिजाइन गरिएका पहिरनमा धेरैको ध्यानाकर्षण भयो । सांस्कृतिक तथा परम्परागत गरी १२ वटा पहिरन (बाहुन, क्षेत्री, नेवार, गुरूङ, मगर, राउटे, धिमाल, लिम्बूलगायतका विभिन्न जातीय वेशभूषाका पहिरन) प्रस्तुत गरेकी पूनमले ती दुई शोमा महिला मोडलहरूका लागि मात्र पहिरन तयार पारेकी थिइन् ।

त्यसैगरी लन्डनको स्ट्यान्डफोर्ड ब्रिजमा सञ्चालित रेभुलेसन लन्डन फेसन शोमा पूनमले युवतीका लागि नौ प्रकारका तथा युवकका लागि १२ प्रकारका पहिरन प्रस्तुत गरिन् । लन्डन फेशन शो पहिरनको दुनियाँमा युरोपियन एरिनाको सर्वोत्कृष्ट शो हो जहाँ संसारका धनाढ्यलगायत टप क्लास सेलिब्रेटीहरूको उपस्थिति रहन्छ । उक्त शोमा दर्शकका रूपमा उपस्थितिले मात्र पनि ठूलो अर्थ राख्छ । यस्तो शोमा आफ्नो मुलुकको चिनारी गराउन पाउनु चानचुने कुरा होइन, पूनम भन्छिन्- फरक अनुभव बटुल्न पाइयो । मेरो आइडियल मोडल कुनै व्यक्ति विशेष नभएर मेरो देश नेपाल हो, आफ्नो क्षेत्रमार्फत नेपाललाई संसारभर चिनाउनु नै मेरो लक्ष्य हो ।










## योग र जीवन

# कब्जियतको समाधान



लोकनाथ खनाल
योग प्रशिक्षक,
पतञ्जली योग समिति



- घरमा होस् वा हाम्रो वरिपरि सजिलै पाइने केही चिज यस्ता छन् जसले ग्याँस तथा कब्जियतको समस्या सहजै ठीक पार्छन् ।
- किसमिसमा प्रशस्त मात्रामा फाइबर (रेशा) पाइन्छ । एक मुठी किसमिस बेलुका पानीमा भिजाएर बिहान खालीपेटमा पानीसहित खाँदा कब्जियत ठीक हुन्छ ।
- आलस पनि ग्याँस तथा कब्जियतमा उपयोगी सावित हुन्छ । आलस त्यसै चपाएर खान सकिन्छ । यसको चूर्ण बनाएर तातो पानीसँग खान सकिन्छ । आलसमा फाइबरका साथै ओमेगा थ्री आदि पाइन्छ ।
- नियमित सुन्तला खाँदा पनि कब्जियतबाट छुट्कारा पाइन्छ । सुन्तला खाँदा त्यसको केस्राको सेतो रेशा पनि खानुपर्छ । सुन्तलामा भिटामिन सी, फाइबर आदि तत्व पाइन्छ ।
- मेथीको चूर्ण (पाउडर) मा कालो नुन मिसाएर खाँदा कब्जियतको समस्या समाधान हुन्छ ।
- पुदिना खाना पचाउन सहयोगी हुन्छ । पुदिनाले कब्जियत हटाउनुका साथै पेटसमेत हल्का बनाउँछ ।
- कब्जियत हटाउन पालकको रसमा पानी मिसाएर खाँदा लाभ मिल्छ ।
- त्रिफला चूर्णको प्रयोग कब्जियतका लागि लाभदायक छ ।

## मसला

# सौंफ



मसलेदार वा चिल्लो बढी भएको खानाले अपचको समस्या बढाउँछ । यसबाट मुक्ति प्राप्त गर्न सौंफ प्रयोग गर्न सकिन्छ । सौंफलाई भुटेर त्यसको पाउडर बनाउने । उक्त पाउडर दिनमा २ पटक सेवन गर्दा ग्याँसको समस्या कम हुन्छ । यसको सेवनले पेट फुल्ने समस्याबाट समेत छुट्कारा पाइन्छ ।


## मेकअप



- मेकअपले सुन्दरता निखार्ने भएकाले मौसम सुहाउँदो मेकअप गर्नु उपयुक्त हुन्छ ।
- वसन्त ऋतु यसै पनि मनमोहक हुने भएकाले यो समयमा हलुका मेकअप गर्नुपर्छ ।
- छालाको प्रकृतिअनुरूप मेकअप गर्नु प्रभावकारी हुन्छ भने मेकअप गर्दा अनुहारको बनोटमा पनि ध्यान पुर्‍याउनुपर्छ ।
- छालाको रंग कालो वा गहुँगोरो छ भने गाढा र उज्यालो छ भने हल्का मेकअप गर्नुपर्छ ।
- हिजोआज धेरै सेतो तथा कालो नदेखिने सन्तुलित मेकअप (ब्रन्ज मेकअप) चल्तीमा छ । यो मेकअप सबै उमेरका महिलाका लागि उपयुक्त हुन्छ ।

## गर्मी र स्वास्थ्य

- गर्मीमा अमिलो, पिरो आदि ट्वाक्कटुक्क खान मन लाग्छ । बाहिर खुल्ला राखिएका चटपटे वा पानीपुरी खानु हुँदैन । यसले पेट दुख्न तथा झाडापखाला लाग्न सक्छ ।
- बाहिरको खाना बासी, सडेगलेका तथा झिँगा भन्किएका हुने सम्भावना भएकाले घरमै खाना खाने बानी बसाल्नुपर्छ ।
- पानी उमालेर मात्र पिउनुपर्छ । घरबाहिर जाँदा पनि घरकै पानी प्रयोग गर्नुपर्छ ।
- रोगप्रतिरोधक क्षमताका लागि आफ्नो खानामा लसुन, ब्रोकाउली, च्याउ, गाजर तथा एन्टिअक्सिडेन्टयुक्त खानेकुरा समावेश गर्नुपर्छ ।
- खानेकुरा फ्रिजबाट झिकेर सीधै नखाई केही समयपछि मात्र खानुपर्छ ।
- खाना चिसो छ भने खानुअघि तताउनुपर्छ ।
- खानालाई छोपेर राख्नुपर्छ । खाना खानुअघि र पछि साबुनपानीले हात धुनुपर्छ ।
- बिहान-बेलुका केही समय हिँडडुल गर्नुपर्छ ।



## विद्यालय भर्ना




- बालबालिकालाई विद्यालय भर्ना गर्दा पायक पर्ने स्कुल छनौट गर्नुपर्छ ।
- स्कुलमा विद्यार्थी संख्या कति छ भन्ने कुरा पनि ध्यानमा राख्नुपर्छ ।
- स्कुलको शुल्क कत्तिको सवर्भसुलभ छ, पढाइ शुल्कबाहेक अन्य शुल्क पनि तिर्नुपर्ने-नपर्ने कुरामा ध्यान पुर्‍याउनुपर्छ ।
- कक्षाकोठा तथा स्कुलको वातावरणका सम्बन्धमा जानकारी लिनुपर्छ ।
- पढाउने शिक्षक-शिक्षिका तथा पढाइको गुणस्तर पनि बुझ्नुपर्छ ।
- पाठ्यक्रमसहित अतिरिक्त क्रियाकलापका बारेमा समेत जानकारी लिनुपर्छ ।

## यात्रा गर्दा

- लामो यात्रामा कतिपयलाई बान्ता आउन सक्छ, त्यसैले टन्न खानु हुँदैन ।
- यात्राका क्रममा प्रशस्त आराम पनि गर्नुपर्छ ।
- लामो यात्राका कारण डिहाइड्रेसन हुने भएकाले प्रशस्त मात्रामा पानी पिउनुपर्छ ।
- यात्राका क्रममा चिल्लो, पिरो तथा मसालेदार खाना नखानु नै बेस हुन्छ ।



## कुन चिज कति बेला खाने ?

भोक मेटाउन जतिबेला जुन खाना भेट्यो त्यही खाने धेरैको बानी हुन्छ । कुन परिकार कतिवेला खाँदा के फाइदा/बेफाइदा हुन्छ भन्ने ज्ञान धेरैमा हुँदैन । खानेकुराको मामिलामा पोषणविज्ञहरूसँग राय, सुझाव लिने चलन पनि हामीकहाँ छैन । पोषणविज्ञहरूका अनुसार खानाअनुसार खाने समय मिलाउँदा शरीरलाई फाइदा पुग्छ भने उल्टोपाल्टो पर्दा बेफाइदा हुन्छ ।

### भात

राति भात खानु ठीक होइन भन्ने कतिपयको बुझाइ छ, तर राति भात खानु राम्रो हुने पोषणविज्ञहरू बताउँछन् । भात छिटो र राम्रोसँग पच्छ जसले गर्दा राति निद्रा पनि राम्रो लाग्छ । यद्यपि राति थोरै भात खानुपर्छ । बिहान र बेलुका दुवै छाक भात खानुचाहिँ ठीक होइन । यसले मधुमेह बढाउन सक्छ ।

### दही

दही खाने उत्तमसमय दिउँसो हो । दिउँसो दही खाँदा पेट पनि दुरुस्त रहन्छ । राति दही खानु हुँदैन । राति दही खाँदा रुघाखोकी तथा कफको समस्या सिर्जना हुनसक्छ ।

### चिनी

चिनी पनि दिउँसो नै खानु उपयुक्त हुन्छ । राति गुलियो खाँदा मधुमेहको खतरा वृद्धि हुन्छ । राति चिनी खाँदा राम्रोसँग निद्रा नलाग्न सक्छ ।

### ओखर

राति सुत्नुअघि स्न्याक्सका रूपमा ओखर खानु उपयुक्त हुन्छ । यसले शरीरमा मेलाटोनिन हार्मोन बनाउने काम गर्छ । मेलाटोनिनले राम्रो निद्रा लगाउँछ ।

### केरा

व्यायामपछि केरा खाँदा राम्रो ऊर्जा प्राप्त हुन्छ । केरा पनि दिउँसो खानु राम्रो मानिन्छ । दिउँसो खाएको केराले लामो समयसम्म भोक लाग्न दिँदैन । सुत्नुअघि केरा खानु उपयुक्त हुँदैन, राति केरा खाँदा चिसो लाग्ने सम्भावना हुन्छ ।



### दाल

बिहान र दिउँसोको खानासँग दाल खानु राम्रो हो । दिउँसो दाल खाँदा राम्रोसँग पच्ने र पेटमा ग्याँस भरिने खतरा हुँदैन । राति भने सकेसम्म दाल खानु हुँदैन, किनभने दाल छिटो पच्दैन ।

### चिज

चिज बिहान खानु राम्रो मानिन्छ । साँझ वा राति चिज खाँदा पचाउन गाह्रो हुन्छ भने शरीरको तौल बढ्ने जोखिम वृद्धि हुन्छ ।

### दूध

दूध राति पिउनु उपयुक्त हुन्छ । सुत्नुअघि दूध पिउँदा राम्रो निद्रा लाग्छ । त्यसो त दूध जुनसुकै बेला पनि पिउन सकिन्छ ।

### कफी

कफी बिहान पिउनुपर्छ । बिहान पिइएको कफीले शरीरलाई ऊर्जा प्रदान गर्छ भने निद्रासमेत लाग्न दिँदैन । साँझ ७ बजेपछि कफी पिउनुहुँदैन किनभने त्यसले निद्रालाई प्रभावित तुल्याउँछ ।

अपराध

# सामूहिक बलात्कारको सिकार बालिका

सरोज बस्नेत



बलात्कारका घटना न्यूनीकरण हुन नसकेको मात्र होइन, मानव सभ्यताकै खिल्ली उडाउने गरी वृद्धि भैरहेका छन् । बलात्कारविरुद्ध जति नै सचेतनाका प्रयास भए पनि त्यो बालुवामा पानी हालेसरह छ । दैनिकजसो बलात्कारका घटना घटिरहेका छन् ।

समाजमा जिम्मेवार र अभिभावकत्व निर्वाह गर्ने आफन्तबाटै बलात्कार एवं यौन दुर्व्यवहार भएका घटना पनि सार्वजनिक नहुने होइनन्, तर बलात्कारका घटनामा बढोत्तरी भैरहे पनि फितलो कानुन र बलात्कारीलाई उन्मुक्ति दिने प्रवृत्तिका कारण यस्ता घटनाले थप बढावा पाइरहेका छन् । समाजका अगुवा भन्नेहरूबाटै पनि बलात्कारका घटना घटाइएको पाइन्छ । केही समयअघि इटहरीमा भएको सामूहिक बलात्कारको घटना प्रहरी कार्यालयभित्रै गुपचुप मिलापत्र गराइएको प्रकरणमा एसपी विद्यानन्द माझी तथा इन्स्पेक्टर चिरञ्जीवी दाहाललाई निलम्बन गरिएको थियो । सुनसरीको इटहरी-२० मा बस्दै आएकी १४ वर्षीया किशोरीमाथि गत पुस १६ गते वडा नम्बर-२ हडगडास्थित रोयल रिसोर्टमा सामूहिक बलात्कार भएको थियो । कक्षा १० की ती छात्रालाई उनकै प्रेमी भनिएका जोकम लिम्बू एवं मनिष श्रेष्ठले बलात्कार गरेका थिए । उक्त घटनामा गुपचुप मिलापत्र गराइएको प्रकरणमा प्रहरीद्वारा गठित छानबिन समितिले जिप्रका सुनसरीका एसपी विद्यानन्द माझीलाई समेत छानबिन दायरामा राखेको थियो ।

यस्तै, मोरङको मिक्लाजुङ-७ की एक महिलाको बलात्कारपछि वीभत्स हत्या भयो । मिक्लाजुङ-७ की ४५ वर्षीया शान्तिकुमारी तामाङको फागुन १९ गते मध्यरातमा बलात्कारपश्चात् वीभत्स हत्या भएको थियो । उनको हत्यामा संलग्नहरू अझैसम्म फेला पर्न सकेका छैनन् । छिमेकी घरमा आयोजित गुन्यू चोली कार्यक्रममा सहभागी भएर फर्कने क्रममा उनको बलात्कार तथा हत्या भएको पीडित परिवारको भनाइ छ । नग्न अवस्थामा उनको शव मिक्लाजुङ- ७ बेलगौंडे पुलभन्दा करिब २ सय मिटर उत्तर राम्रीखोलामा फेला परेको थियो । हत्यापश्चात् नचिनिने गरी उनको अनुहार किच्याइ खोलामा फालिएको थियो । बलात्कारपछि हत्या गरेर फालिएको हुन सक्ने आंशका गरिए पनि उनको हत्याराको पहिचान हुन सकेको छैन । मृतकका पति मानबहादुर तामाङले आफ्नी पत्नीको हत्याको निष्पक्ष छानबिन गरी दोषीलाई तत्काल पक्राउ गर्नुपर्ने कुरा बताएका छन् । यस विषयमा मिक्लाजुङका महिला संघ-संगठनहरूले दोषीलाई जतिसक्दो चाँडो कानुनी दायरामा ल्याएर हदैसम्मको कारवाही गर्न माग गरेका छन् ।

मिक्लाजुङ महिला सशक्तीकरणकी अध्यक्ष कविता लिम्बूले वीभत्स तरिकाले बलात्कारपश्चात् हत्या गरेको भन्दै तत्काल दोषीलाई पक्राउ गरी कानुनी दायरामा ल्याउन स्थानीय प्रशासनसँग माग गरेकी छिन् । यता प्रहरीले भने अनुसन्धान तीव्र गतिमा अघि बढेको भन्दै दोषीलाई कुनै पनि हालतमा नछोड्ने जनाएको छ ।

त्यस्तै, उर्लाबारी-४ बक्राहा खोलामा एक बालिकालाई चार जना युवाले सामूहिक बलात्कार गरेका छन् । साँझ ७:२५ बजेतिर ट्याक्टरमा काम गर्ने चार जना युवाले लेटाङकी एक बालिकाको सामूहिक बलात्कार गरेका हुन् । प्रहरीले को १ त ६८६८ नम्बरको ट्याक्टरमा उर्लाबारी-४ का ३७ वर्षीय दिलीप माझी, २६ वर्षीय बुद्ध शिवा, २१ वर्षीय अर्जुन परियार तथा २६ वर्षीय केवल सुन्दासलाई पक्राउ गरी जबरजस्ती करणी मुद्दा चलाएको छ ।

यी पछिल्लो समय हाम्रो समाजमा घटिरहेका केही प्रतिनिधि घटनामात्र हुन् । अहिले दैनिकजसो बालिका तथा महिलाहरू बलात्कारको सिकार भैरहेका छन् । बलात्कारका कतिपय घटनामा मिलापत्र गर्ने प्रवृत्तिको अन्त्य अझै पनि हुन सकेको छैन । विभिन्न प्रलोभनमा पारेर बलात्कारका घटना मिलाइन्छ, जसले महिलाहरूलाई थप असुरक्षित बनाउँदै लगेको छ ।

### यसरी भयो बालिकामाथि बलात्कार

लेटाङ नगरपालिका घर भै झापाको दमकस्थित आफन्तको घरमा दुई जना बालिका पाहुना आएका थिए । ती दुवै किशोरी १५ वर्षका थिए । दमक आएका बेला ती बालिकाले फिल्म हेर्ने योजना बनाए र बुधबार दुई जना केटा साथीसँग सिनेमा हल पुगे । हलमा पुग्दा फिल्म सुरु भैसकेको थियो । त्यसपछि उनीहरू कतै घुम्न जाने भए अनि पुगे उर्लाबारी-२ स्थित बेतिनी सीमसार । उनीहरू सीमसार घुमिसकेपछि खाजा खान सोही सीमसारभित्रको बाङ्गे बजार पुगे । त्यहाँ सुँगुरको मासुसहित चारै जनाले तोङ्बा खाए । उनीहरू चारै जना मातेका थिए । साँझ परेपछि उनीहरू चारै जना घर फर्कने तरखरमा लागे । त्यसपछि सीमसारको सहायक गेट हुँदै किसान चौकतर्फ जाँदै जाने क्रममा एउटा ट्याक्टर आयो । उनीहरूले हात हल्लाउँदै उक्त ट्याक्टर रोके । उनीहरू चारै जना ट्याक्टरमा चढे । ट्याक्टरको रुट खोर्सानीबारी हुँदै उर्लाबारी निस्कने थियो, तर ती ट्याक्टरका कामदारले प्रहरीले चेक गर्छ भन्दै पुनः बक्राहा खोलाको बाटोमा ट्याक्टर मोडे । ती बालिका त्यहीं उत्रिन खोज्दा अर्को बाटो पुऱ्याइदिने भन्दै ट्याक्टरलाई खोलातर्फ नै अघि बढाइयो । ती ट्याक्टरका चालकसहित सबैले मादक पदार्थ सेवन गरेका थिए । खोलाक्षेत्र प्रवेशसँगै ती बालिकालाई उनीहरूले जिस्क्याउने र हात हाल्ने कार्य गरे । त्यसपछि ट्याक्टर रोकियो । ती बालिकासँग रहेका दुई जना केटालाई उनीहरूले कुटपिट गरे । त्यसपछि ती दुई जना केटा त्यहाँबाट भागे । चार जना केटाले ती दुवै केटीलाई नग्न अवस्थामा पुऱ्याए, तर एक बालिका खोलामा रहेको बालुवा केटाहरूलाई प्रहार गर्दै भाग्न सफल भइन् । उनले संगै आएका केटाहरूसँगै स्थानीयवासीसँग हारगुहार मागिन् । त्यसपछि स्थानीय बासिन्दाले प्रहरीलाई खबर गरे । त्यसपछि प्रहरी तत्काल घटना स्थलमा पुगेको थियो ।

### जबरजस्ती करणी मुद्दा

प्रहरीले पक्राउ गरेका चारै जना विरुद्ध जिल्ला अदालत मोरङमा म्याद थप गरी जबरजस्ती करणीमा मुद्दा चलाएको छ । उनीहरू चारै जनाले पालैपालो बलात्कार गरेको प्रहरीसमक्ष स्वीकार गरेका थिए । उनीहरूलाई जबरजस्ती करणीको मुद्दामा म्याद थप गरी अनुसन्धान गरिरहेको प्रहरी निरीक्षक चन्द्रबहादुर थापाले जानकारी दिए । किशोरीलाई स्वास्थ्य परीक्षणका लागि विराटनगर लगिएको प्रहरीले जनाएको छ ।

### बलात्कारविरुद्ध कडा कानुनको माग

बलात्कारका घटना वृद्धि भएसँगै महिला अधिकारकर्मीहरूले बलात्कारीलाई फाँसी जस्तो कडा सजाय दिनुपर्ने माग गर्न थालेका छन् । बलात्कारीलाई मृत्युदण्ड दिने कानुनी व्यवस्था नभएसम्म दैनिकजसो हुने बलात्कारका घटना नराकिने महिला अधिकारकर्मीहरू बताउँछन् । अपराधीलाई अब पनि कडा कारबाही नहुने हो भने लाखौं बालिका तथा महिला कसरी सुरक्षित रहलान् ?भन्ने प्रश्न हरेक परिवारमा उत्पन्न भैरहेको छ । तत्काल कानुन संशोधन गरेर बलात्कारीलाई हदैसम्मको कारबाही हुनुपर्ने महिला अधिकारका क्षेत्रमा क्रियाशील शान्ति लामाको माग छ । ' बलात्कारीलाई कुनै पनि हालतमा उन्मुक्ति दिनु हुँदैन,' उनले भनिन् ।

# आफ्नै श्रीमान् काल बनेपछि

अनिल श्रेष्ठ

सँगै जिउने, सँगै मर्ने वाचा गरेका आफ्नै श्रीमान्ले हत्या गर्लान् भन्ने कुन श्रीमतीले सोचेकी हुन्छिन् ? श्रीमान्-श्रीमतिबीच सामान्य विवाद र झगडा भए पनि त्यसलाई परालको आगोका रूपमा लिइन्छ, तर मोरङ, पथरी शनिश्चरेमा आफ्नै श्रीमान् काल बनेका छन् । मदिराको नशामा लट्ठिएपछि ३३ वर्षीय चन्द्रबहादुर नाल्बो लिम्बूले मोरङको पथरीशनिश्चरे- ९ की आफ्नै श्रीमती ३० वर्षीया तुलसा लिम्बूलाई धारिलो हतियार प्रयोग गरी बीभत्स तरिकाले हत्या गरेको प्रहरीले बताएको छ ।

बेहोसी अनि अपराधी सोचका कारण चन्द्रबहादुरले माघ २७ गते राति आफ्नै कोठामा श्रीमतीको गर्धन, गाला र शरीरका विभिन्न भागमा खुकुरी प्रहार गरी हत्या गरेको इलाका प्रहरी कार्यालय पथरीका प्रहरी प्रमुख विजय श्रेष्ठले बताए । राति नै श्रीमतीको हत्या गरी फरार भएका लिम्बूलाई प्रहरीले हत्या भएको ३ सातापछि गत साता पक्राउ गऱ्यो र हत्याको रहस्य बाहिर आयो । सादा पोसाकमा खटिएका विशेष प्रहरीले फरार अभियुक्त लिम्बूलाई मोरङको बेलबारी नगरपालिका-११ लक्ष्मीमार्गमा उनका साथीको घरमा लुकिरहेको अवस्थामा फेला पारेको हो ।

इलाका प्रहरी कार्यालय, पथरीका प्रमुख श्रेष्ठले भने– मदिरामा लट्ठिएर अभियुक्तले हत्या गरेको देखियो । मादक पदार्थ सेवन गरी घर आइपुग्दा सामान्य घरायसी बादविवाद भएको प्राम्भिक अनुसन्धानबाट देखिन्छ, श्रेष्ठले भने– सामान्य विवादमा खुकुरी प्रहार गरी विभत्स तरिकाले हत्या गरिएको देखिन्छ ।

कर्तव्य ज्यान मुद्दा लागेका अभियुक्त लिम्बूलाई फागुन २७ गते जिल्ला अदालत मोरङमा म्याथ थप गरी आवश्यक अनुसन्धान भैरहेको श्रेष्ठले जानकारी दिए । प्रहरीका अनुसार तीन-चार महिनादेखि हराएका अभियुक्त लिम्बूलाई खोजी गरिदिन उनकी श्रीमतीले नै शनिश्चरे प्रहरीचौकीमा निवेदन दिएकी थिइन् ।

### यसरी गरे श्रीमतीको हत्या

चन्द्रबहादुर पहिलेदेखि नै साँझ परेपछि मदिरा सेवन गरी घर आउँथे । माघ २७ गते पनि उनी अत्यधिक मदिरा सेवन गरेर साँझ परेपछि घर आइपुगेका थिए । घर आइपुग्दा उनले श्रीमतीलाई देखेनन् । उनीहरूका ७ र ८ वर्षका दुई छोरी थिए । त्यस दिन छोरीहरू मामाघर गएका थिए । जब साँझ ७ बजे श्रीमती उनको अगाडि पुगिन्, श्रीमान् मदिराले लट्ठ भैसकेका थिए । त्यसपछि उनीहरूबीच बादविवाद भयो । त्यही बीचमा चन्द्रबहादुरले घरमा रहेको खुकुरी निकालेर तुलसाको शरीरमा प्रहार गरे । मदिराको नशामा बेहोसजस्तै भएका चन्द्रबहादुरले श्रीमतीको शरीरका विभिन्न भागमा पटक-पटक खुकुरी प्रहार गरे । श्रीमतीको हत्या गरेपछि राती नै उनी त्यहाँबाट फरार भए ।

### यसरी पक्राउ परे

स्थानीय बासिन्दाले बीभत्स तरिकाले तुलसीको हत्या भएको जानकारी इलाका प्रहरी कार्यालय, पथरीलाई दिए । प्रहरी टोली तत्काल घटनस्थलमा पुग्यो । घरमा श्रीमान्-श्रीमती मात्र बस्ने प्रहरीलाई जानकारी गराइएको थियो । प्रहरीले श्रीमान् चन्द्रबहादुरले नै हत्या गरेको आशंका गऱ्यो । तत्काल इलाका प्रहरी कार्यालय पथरीले चन्द्रबहादुरको खोजी कार्यलाई तीव्रता दियो । श्रीमतीको हत्या गरेपछि चन्द्रबहादुर घरनजिकै जंगलको बाटो हुँदै लक्ष्मीमार्गस्थित साथीको घरमा लुकेर बसेका थिए । प्रहरीलाई विश्वासिलो स्रोतले चन्द्रबहादुर साथीको घरमा लुकेर बसेको जानकारी दियो । तत्काल इलाका प्रहरी कार्यालय पथरीले सादा पोसाकका प्रहरी परिचालन गऱ्यो । प्रहरीले चन्द्रबहादुरलाई मदिराको नशाले मात्तिएको अवस्थामै पक्राउ गरेको थियो ।

## यौन जिज्ञासा र समाधान



डा. राजेन्द्र भद्रा

म २७ वर्षीय अविवाहित युवा हुँ । ममा १५ वर्षको हुँदादेखि नै हस्तमैथुनको लत बसेको छ । पहिले-पहिले एक दिनमै कैयौं पटक हस्तमैथुन गर्थे । अझै पनि हप्तामा तीन-चार पटक हस्तमैथुन गर्छु । प्रायः राति सुत्नुअघि अश्लील चलचित्रको दृश्य वा कुनै युवतीलाई सम्झेर हस्तमैथुन नगरी सुत्न सक्दिन । नेटमा बस्दा काममा भन्दा अश्लील चलचित्र हेर्न बढी उत्साहित हुन्छु । जोसुकै महिलासँग स्पर्श हुँदा लिङ्ग आफैं उत्तेजित भएर आउँछ । महिलाको पेन्टी, स्कर्ट, साडी आदि फेला पर्‍यो भने स्पर्शसहित हस्तमैथुन गर्छु । मैले अहिलेसम्म दुई-तीन पटक मात्र यौनसम्पर्क गरेको छु, जसमा चाँडै स्खलित भएको महसुस भएको छ । अहिले म यसले मेरो भावी यौनजीवनमा नकारात्मक असर पार्ला कि भनेर चिन्तित छु ।



७८१९

### यौन उत्तेजना, हस्तमैथुन अनि यौन परिकल्पना

तपाईं हस्तमैथुन एउटा स्वाभाविक प्रक्रिया हो भनेर जानकार नै हुनुहुन्छ होला । विशेष गरेर यो यौन तनावबाट मुक्ति पाउने उत्तम उपाय हो । हस्तमैथुन गर्दा आफूलाई उत्तेजित गर्न यौन संवेदनशील अङ्ग जस्तै-लिङ्गको स्पर्श वा मर्दन गरिन्छ भने अर्कातिर यौन परिकल्पनाको सहयोग लिइन्छ ।

हामीलाई थाहै छ, हाम्रा इन्द्रियहरूबाट सन्देश प्राप्त गरेर मस्तिष्कले त्यसलाई अर्थ्याएपछि यौन उत्तेजना हुन्छ । इन्द्रियबाट प्राप्त गरिने सन्देश यौन उत्तेजक भए यौन उत्तेजना बढ्छ । यसमा स्पर्श, दृष्टि, श्रव्य, स्वाद अनि श्रवण सबै पर्छन् । स्पर्श यौन उत्तेजना उत्पन्न गराउने एउटा महत्वपूर्णसन्देश हो । किशोरावस्थामा स्वतः वा अति नै थोरै सन्देशले पनि लिङ्ग उत्तेजित हुने क्रम उमेर बढ्दै गएपछि कम हुँदै जान्छ, तर तपाईंको स्थितिमा अझै पनि थोरै तथा सामान्य स्पर्शले यस्तो भएको पाइएकाले तपाईंले यौन भावनाको व्यवस्थापन गर्न थप प्रयास गर्नुपर्ने देखिन्छ । दृश्यको कुरा गर्दा महिलाको शरीर पुरुषलाई यौन आकर्षक लाग्न सक्छ, जसले गर्दा यौनसम्पर्क गर्न मन लाग्ने हुन्छ, तर मस्तिष्कले यौनसम्बन्धी कुरा सोच्दा मात्र पनि यौन उत्तेजना बढ्छ । यो एक किसिमले यौन परिकल्पना हो । यस्ता कल्पना व्यक्तिका आफ्ना पुराना अनुभवमा आधारित वा नितान्त कल्पनामा आधारित भएको पाइन्छ । प्रायःजसो स्थितिमा ती दुवै थरीको मिश्रण हुन्छ । हस्तमैथुन गर्ने प्रक्रियामा यौन परिकल्पनाको निकै प्रयोग हुन्छ । अल्फ्रेड किन्सेका अनुसार लगभग सबै पुरुष तथा करिब ६४ प्रतिशत महिलाले हस्तमैथुन गर्दा यौन परिकल्पना गर्ने कुरा उल्लेख गरेका छन् ।

मानव यौनजीवनमा प्रशस्तै यौन परिकल्पना हुन्छ । यस्ता यौन परिकल्पनामा समाजमा स्वीकार्य कुरादेखि एकदमै अमान्य कुरासम्म पर्छन् । यसमा व्यक्तिअनुसार अति नै विविधता फेला पर्छ । यौन परिकल्पनाबाट व्यक्तिले प्रशस्तै आनन्द उठाए पनि यसको प्रकृति यदि फरक किसिमको भए असहज स्थिति उत्पन्न भएको पाइन्छ । कसैले फरक किसिमको यौन परिकल्पनालाई सहज रूपमा लिन सक्छन् भने कतिपय त्यसमै चिन्ता लिँदै ग्लानि भावले ग्रस्त हुन पुग्छन्, जसको नकारात्मक असर नै पर्न सक्छ, यौनजीवनमा । तपाईंले यौन परिकल्पना गरेर आनन्द उठाए पनि केही असहजपन उत्पन्न भए जस्तो लाग्छ, तर यसलाई सही तरिकाले प्रयोग गर्न सकिए यौन परिकल्पनाले यौनलाई मानसिक तथा शारीरिक दुवै पक्षमा फाइदा पुर्‍याउन सक्छ ।

मानिस स्वभावले नै कल्पनाशील हुन्छ र उ काल्पनिक दुनियाँमा विचरण गर्न चाहन्छ, तर अर्को यथार्थ के पनि हो भने



यौनसम्बन्धी संकुचित मूल्य-मान्यताका कारण अन्य कतिपय कुराको जस्तो नयाँ कुरालाई चाहेअनुरूप उपयोग गर्न भने सक्दैन । यस्ता वास्तविक जीवनमा प्रयोग गर्न नसकिने कुरालाई पनि यस्ता कल्पनाले सहयोग नै प्रदान गर्छन् । यसले एउटा सुरक्षित वातावरण प्रदान गर्छ । यसो गर्दा जति नै अमान्यजस्तो कुराको कल्पना गरे पनि कसैलाई हानि पुग्दैन । समाजमा अमान्य मानिएका सम्बन्ध, परिस्थिति वा यहाँसम्म कि गैरकानुनी मानिएका कुरामा समेत यौनसम्पर्क राखिएका वा यौन क्रियाकलापमा संलग्न भएको कल्पना गर्न सकिन्छ, कुनै व्यक्तिलाई नकारात्मक प्रभाव नपारिकनै ।


### महिलाको भित्री पहिरनबाट यौन उत्तेजना

मानवका विविध क्रियाकलापमध्ये यौन क्रियाकलाप अति नै गोप्य क्रियाकलाप हो, तर गहिरिएर हेर्ने हो भने हाम्रा धेरैजसो क्रियाकलाप यौनबाटै निर्देशित भएको पाइन्छ । यही सन्दर्भमा प्रत्येकजसो समाजले आफ्नै किसिमको मूल्य-मान्यता बनाएको हुन्छ र त्यसको परिधिभित्रका क्रियाकलापलाई सामान्य अनि सभ्य मानिन्छ, तर समाजका नियम वा मान्यताभन्दा फरक किसिमको व्यवहार गर्ने व्यक्तिहरू पनि समाजमा पाइन्छन् । यो कुरा यौनको सन्दर्भमा लागू नहुने कुरै भएन । यस्ता व्यवहारलाई प्याराफिलिया (paraphilia) भनिन्छ । सजिलो भाषामा भन्ने हो भने सामान्य व्यक्तिलाई यौन उत्तेजना प्रदान नगर्ने वस्तु वा व्यवहारबाट यौन उत्तेजना प्राप्त गर्नु नै प्याराफिलिया हो ।

> यौन उत्तेजना प्राप्तिका लागि यौनसँग प्रत्यक्ष सम्बन्ध नभएको वस्तु वा शरीरको अङ्गको प्रयोगलाई Fetishism भनिन्छ भने यस्ता व्यक्तिलाई ाभतष्कजष्कत भनिन्छ । उदाहरणका लागि यसमा जुत्ता, महिलाका भित्री पहिरन, पन्जा वा कोमल वस्त्र प्रयोग भएको पाइन्छ ।

यौन उत्तेजना प्राप्तिका लागि यौनसँग प्रत्यक्ष सम्बन्ध नभएको वस्तु वा शरीरको अङ्गको प्रयोगलाई Fetishism भनिन्छ भने यस्ता व्यक्तिलाई fetishist भनिन्छ । उदाहरणका लागि यसमा जुत्ता, महिलाका भित्री पहिरन, पन्जा वा कोमल वस्त्र प्रयोग भएको पाइन्छ । कहिलेकाहीं विशेष वस्तुले बनेको कुराप्रति पनि आकर्षक हुनसक्छ, जस्तै कि छाला, रबर, रेशम वा भुवा । उनीहरू त्यस्ता वस्तु चोर्न समेत पछि पर्दैनन् । त्यसैगरी Partialism ले भने यौनसँग प्रत्यक्ष सम्बन्ध नभएको शरीरको अङ्ग संलग्न भएको कुरालाई जनाउँछ । पैताला, खुट्टाको बूढी औंला तथा केश प्रायः यसमा प्रयोग गरिने अङ्ग हुन् । यस्ता व्यक्तिले आफ्नो यौन सन्तुष्टिका लागि प्रायः यसलाई हातमा लिने, शरीरमा दल्ने, चाख्ने वा सुँघ्ने काम गर्छन् । केहीलाई त ती वस्तुको तस्बिरले मात्र पनि यौन उत्तेजना प्रदान गर्न सक्छ । Underwear सँगको sexual fetishism लाई Underwear Fetishism भनिन्छ भने अन्य लुगा विशेषलाई Garment fetishism भनिन्छ । Fetihist हरूको यौन क्रियाकलाप विशेषतः यस्ता वस्तु वा शरीरको अङ्गको प्रयोगमा केन्द्रित भएको पाइन्छ । Fetishism नभएका व्यक्ति पनि यस्ता वस्तु वा अङ्गबाट यौन उत्तेजित भए पनि उनीहरू यसमै स्थिर हुँदैनन् । यस्ता समस्या भएका व्यक्ति यस्तो वस्तुको प्रयोग भएको स्थितिमा मात्र यौन उत्तेजित हुने र यौन चरमसुख प्राप्त गर्न सक्ने स्थितिमा हुन्छन् । उत्तेजना भैहाले पनि थोरै मात्र हुन्छ । यस्ता कुराले तपाईंको यौन तथा सामजिक जीवन नै अस्तव्यस्त बनाएको छ भने उपचारको आवश्यकता पर्छ । त्यसका लागि मनोचिकित्सकको सहयोग लिनु बुद्धिमानी हुन्छ ।

## महिला स्वास्थ्य



**म २२ वर्षीया गर्भवती महिला हुँ । मेरो गर्भ भर्खर ७ महिनाको भयो, तर मलाई बेला-बेलामा पेट दुख्छ । परीक्षण गराउँदा पिसाबमा खराबी छ भन्छन् । मलाई किन पटक-पटक यस्तो भएको हो ? यसबाट जोगिन के गर्नुपर्छ ?**

रा.



डा.बालकृष्ण शाह
स्त्री तथा प्रसूति रोग विशेषज्ञ,
मोरङ सहकारी अस्पताल

गर्भावस्थामा पिसाबको संक्रमण हुनु स्वभाविक हो । पाठेघर ठूलो भएर पिसाबथैली तथा पिसाबनलीलाई थिचेका कारण पनि यस्तो हुन्छ । त्यसैले गर्भावस्थामा हुने पिसाबको संक्रमणबाट जोगिन सजग हुनुपर्छ । गर्भावस्थामा दैनिक ३ लिटरभन्दा बढी पानी पिउनुपर्छ । यतिबेला पिसाब रोक्नु हुँदैन । यौनसम्पर्क गर्नुअघि र पछि पिसाब फेर्नुपर्छ भने पिसाबको संक्रमण भएका बेला यौनसम्पर्क गर्नु हुँदैन । भित्री पहिरन खुकुलो लगाउने, दैनिक फेर्ने अनि बाथटबमा ३० मिनेटभन्दा बढी नबस्ने जस्ता सावधानी अपनाउँदा पिसाबको संक्रमणबाट जोगिन सकिन्छ ।



# यो साताको राशिफल



रामप्रसाद सिटौला
(फलित ज्योतिष)

**यो साता**

**चैत ९ गते**
विश्व मौसम दिवस

**चैत्र १० गते**
विश्व क्षयरोग निवारण दिवस

**चैत्र ११ गते**
चैते दसैं, रामनवमी

**चैत्र १३ गते**
विश्व रंगमञ्च दिवस

**चैत्र १५ गते**
महावीर जयन्ती

## मेष

कामममा उत्पन्न बाधाहरू सोमबारपछि फुक्दै जानेछन्। सरोकार नभएको कार्यले फजुल खर्च गराउनेछ। विशेष छुटमा सरसामान खरिद गर्ने अवसर जुट्न सक्छ। सप्ताहन्तमा भ्रमणबाट यथेष्ट मनोरञ्जन प्राप्त हुनेछ। विवेक पुऱ्याएर निर्णय लिनुहोला। वैदेशिक अध्ययनतर्फ कदम अघि बढ्न सक्छ।

## वृष

मन पराउने साथीले घुमाउरो भाषामा प्रस्ताव राख्न सक्छन्। अरूको भावना बुझ्ने चेष्टा गर्नुहोला। व्यवसायको सिलसिलामा लामो यात्रा हुने सम्भावना छ। ठूला व्यवसायीहरूसँग उठबस हुँदा कूटनीतिक क्षमता प्रदर्शन गर्नुपर्नेछ। साताको अन्त्यमा शारीरिक थकानले सताउन सक्छ।

## मिथुन

कार्यव्यस्तताले स्वास्थ्यमा प्रतिकूलता सिर्जना गर्न सक्छ। व्यवसायिक जिम्मेवारी बहन गर्नुपर्ला। विदेशीहरूसँग भलाकुसारी हुने सम्भावना छ। आफ्नै बलमा नयाँ कार्य सम्पन्न गर्न सकिनेछ। फलफूलको जुस तथा पानीको सेवनले स्वास्थ्य समस्याबाट टाढा राख्नेछ। साताको अन्त्यमा कार्य बोझ थपिन सक्छ।

## कर्कट

उच्चपदस्थ व्यक्तिहरूसँग परिचित हुँदै महत्वपूर्ण जिम्मेवारी प्राप्त गर्न सकिनेछ। रोकिएको अध्ययनले निरन्तरता पाउनेछ। वैचारिक मतभेदका बाबजुद अभिभावकहरूको सहयोग जुट्नेछ। टाढा रहेका मित्रहरूबाट आर्थिक सहयोग समेत प्राप्त होला। पहेंलो रंगको प्रयोग लाभदायक हुनसक्छ।

## सिंह

नयाँ काम सम्पन्न गर्न ऊर्जा थपिएको अवस्था छ। सकारात्मक सोचले साताभरि नै पछ्याउनेछ। धैर्यतापूर्वक गरिएको कामलाई विशिष्ट व्यक्तिहरूले उच्च मूल्यांकन गर्नेछन्। सेवा गर्ने अवसर प्राप्त हुने सम्भावना टरेको छैन। गफाडी साथीभाइहरूबाट टाढै रहनुहोला।

## कन्या

संयमित व्यवहार प्रदर्शन गर्न सके तपाईंको विचारका समर्थक बढ्नेछन्। मन मिल्ने साथीको भावनाको कदर गर्नुहोला। नजिकका नातेदारले उनीहरूकै भनाइ नसच्याउँदा आपसी तिक्तता वृद्धि हुनसक्छ। साताको अन्त्यमा मोबाइल, नगद तथा गरगहना गुम्ने सम्भावना छ ।

## तुला

रोकिएको कामममा पुनः प्रयत्न गर्दा सफलता हात पर्नेछ। विपक्षीले स-साना त्रुटि औंल्याउन सक्छन्। बुद्धिको सहायताले अधिकार एवं प्रतिष्ठा जोगाउन सकिन्छ। आफ्नो खानपान तथा पहिरनले अरूको मन लोभ्याउनेछ। साताको अन्त्यतिर फजुल खर्चले पिरोल्न सक्छ।

## वृश्चिक

बोलीलाई प्रभावशाली बनाउन सेतो रंग लाभदायकसिद्ध हुनेछ। स्वदेशमै नयाँ अवसर हात लाग्ने सम्भावना छ। सामाजिक क्षेत्रमा नेतृत्वदायी भूमिका प्राप्त हुनसक्छ। मनोरञ्जनमा सहभागी हुँदा समय अनि मौसमको ख्याल राख्नुपर्नेछ। यात्रामा दुविधा उत्पन्न होला। घरायसी व्यवहारबाट टाढै रहनु उचित हुन्छ।

## धनु

तपाईंको कामको मूल्यांकन हुनुका साथै आकस्मिक धन लाभ हुन सक्छ। स्वास्थ्यमा देखा पर्ने समस्याले मनमा नैराश्यता उत्पन्न गराउनेछ। साताको अन्त्यमा स्वास्थ्यमा सुधार आई बोलीको प्रभाव बढ्नेछ भने महत्वपूर्ण कार्यहरू सम्पन्न हुनेछन् ।सेयर कारोबारमा आकर्षित भइनेछ।

## मकर

मझौला किसिमका लगानीबाट धन आर्जन गर्न सकिनेछ। पैतृक सम्पत्ति उपयोग गर्दा थप फाइदा होला। सामाजिक काम गर्ने अवसर जुट्नेछ। प्रेमसम्बन्धमा सावधानीपूर्वक निर्णय लिनुहोला। ढिलो निर्णय गर्दा घाटा हुनेछैन। मौसमी फेरबदलका क्रममा स्वास्थ्यप्रति ध्यान पुऱ्याउनु पर्नेछ।

## कुम्भ

अभिभावकहरूसँग वैचारिक मतभेद उत्पन्न भै आफूप्रति गुनासो बढ्न सक्छ। विचार पुऱ्याएर गरिएका कार्यले भने फाइदा दिलाउनेछन्। साता मनोरञ्जक रहनेछ। धोकेबाजहरू प्रेमप्रस्ताव राख्दै नजिकिने प्रयासमा छन्, सचेत रहनुहोला। महत्वकांक्षाले जोखिम निम्त्याउन सक्छ।

## मीन

समयको महत्व बुझेर अघि बढ्न सके स्वतः उचाइमा पुगिनेछ। साताको अन्त्यमा व्यवसायले सन्तोषजनक परिणाम दिलाउनेछ। जिम्मेवारीको कार्य सम्पन्न गर्न ढिलाइ गर्दा परिवारका सदस्यहरू चिढिने सम्भावना छ। खानपानसम्बन्धी हेलचेक्र्याइँले स्वास्थ्य समस्या सिर्जना गर्न सक्छ।

**अब हाम्रो पालो**

# गर्मी मौसमको सबैभन्दा रमाइलो पक्ष के हो ?

केटीहरूको छोटो पहिरन देख्दा केटाहरूलाई रमाइलो लाग्छ। व्यापारीहरू आफ्नो पेय पदार्थ धेरै बिक्री हुँदा रमाइलो मान्छन्। हामी भारी बोक्नेलाई के गर्मी के जाडो ?

**ईश्वर शाही ठकुरी**

नुहाउन सजिलो हुन्छ अनि कपडा कम लाग्छ। त्यही रमाइलो हुन्छ।

**साधुराम चौलागाई**

जाडो फिटिक्कै हुँदैन।

**युजल श्रेष्ठ**

लस्सी र चिसो पिउन पाइन्छ अनि पौडी खेल्न पाउँदा थप रमाइलो हुन्छ।

**सुरेश**

जाडो हुँदैन। त्यही रमाइलो लाग्छ।

**रबिन नेपाल**

स्वप्न बगैंचामा केटी साथीसँग बसेर चिसो तथा आइसक्रिम खान पाइन्छ।

**प्रशान्त अर्याल**

चिसो पानीमा डुबुल्की मार्दा बेग्लै मज्जा हुन्छ।

**अमर कोन्मे**

एसी चलाउन पाइन्छ।

**सुदीप मोक्तान**

लामखुट्टे मार्दै समय कटाउन पाइन्छ।

**विवेक**

बेलुकी अबेरसम्म उज्यालो भैरहन्छ, बिहान चाँडै घाम लाग्छ।

**रमेश न्यौपाने**

बाक्ला लुगा लगाउनु पर्दैन।

**पूजा**

खोलामा नुहाउन पाइन्छ।

**धीरेन**

गर्मी मौसमको सबैभन्दा रमाइलो पक्ष भनेकै गर्मी हुनु हो।



यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । उत्तर चिठ्ठी वा एसएमएस मार्फत पठाउन सकिनेछ ।
१. प्रधानमन्त्री के.पी. शर्मा ओलीलाई तपाईंको अमूल्य सुझाव के छ ?

छोटा लुगाको व्यापार बढ्नु हो।

**रमेश अर्याल**

आइसक्रिमको मीठो स्वाद लिन पाइन्छ।

**सुषमा दाहाल**

दिउँसै मज्जाले सुत्न पाइन्छ।

**निवेश बज्राचार्य**

जाडो हुँदैन। त्यही हो रमाइलो।

**रेशम श्रेष्ठ**

पौडी खेल्न पाइन्छ। सबैभन्दा रमाइलो त्यही हो।

**उर्मिला थापामगर,**

गर्मीमा जाडो हुँदैन। कपडा किन्न धेरै रकम खर्च हुँदैन।

**प्रविन ओझा**

फेसन गर्न पाइन्छ।

**एलएक्स चौधरी**

खोलामा गएर पौडी खेल्नुको मज्जा बेग्लै हुन्छ।

**गोविन्द पोखरेल**

गर्मीमा रूखको छहारीमा बस्दा आनन्द आउँछ।

**उत्तम श्रेष्ठ**

गर्मी मौसमको सबैभन्दा रमाइलो पक्ष भनेकै जाडो नहुनु हो।

**सिद्धार्थ**

टिसर्ट र हाफ पाइन्ट लगाएर हिँड्न सकिन्छ।

**रोश्नी**

गर्मीमा पानी पनि मीठो लाग्छ।

**दीपक मगर**

सजिलै नुहाउन सकिन्छ।

**सपना सुब्बा**

छोटा पहिरन लगाएर हिँड्ने केटीहरू हेर्न पाइन्छ।

**एचएस घिमिरे**

बिकिनीमा हिँड्न पाइन्छ।

**अजम्मरी**

पातला लुगा लगाउन पाइन्छ।

**कृष्ण गोदार थापा**

लामखुट्टेको टोकाइ।

**बस्नेत माइलो**

राति एकैछिन सुत्ने बित्तिकै बिहान भैसकेको हुन्छ।

**पंकज**

यही नै भन्ने छैन। धेरै रमाइला पक्ष छन्।

**स्वप्निल**

मलाई त जाडो नै ठीक लाग्छ। तैपनि गर्मीमा स्वीमिङ खेल्नुको बेग्लै मज्जा हुन्छ।

**पियुष**

केही मन पर्दैन आफूलाई त।

**गीत**

हामीलाई त यस्तै हो। केटीहरूलाई चाहिँ गर्मी भयो भन्दै केटासाथीहरूलाई आइसक्रिममा पैसा खर्च गराउन मज्जा लाग्छ।

**सिन्धुपाल्चोकी राजा**

दिनदिनै चर्को घाम ताप्न पाइन्छ। त्यही हो रमाइलो।

**लक्ष्मण**

गर्मीमा चिसो पिउनुको मज्जै बेग्लै छ।

**जवान**

सिक्स प्याक देखाउन पाइन्छ।

**अमृतविक्रम बराइली**

हलुका पहिरन लगाउन पाइन्छ।

**प्रदीपकेशर लामिछाने**


**नेल आर्ट र ब्यूटीसियन ट्रेनिङ्गमा निशुल्क भर्ना**

CTEVT बाट मान्यता प्राप्त २३ बर्ष देखी नेपालकै एक मात्र अन्तर्राष्ट्रियस्तरको ब्युटीसियन कोर्षहरुमा प्रशिक्षण गराउने: Basic, Advance Diploma, Beautician Teacher's Training, Nail Art Technician, Mehandi, Skin, Hair Cutting, Makeup Special र अन्य विविध Short Special कोर्षहरुका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो।



* * * * * * * * * * * * * * * * * * * * *

**नोट:** यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष धमाधम संचालन भईरहेका छन्।

**ITC प्रशिक्षण केन्द्र : डिल्लीबजार हुलाक अगाडी ४४१३९५८,** ठमेल: २०८११०९, लगनखेल बसपार्क: २१२२४४८, चावहिलचोक: ४४९३३६१, नयाँबानेश्वर: २०४२६५२, कोटेश्वरचोक: ४६०००१५, कलंकीचोक: ५२३४४८९, गोंगबुचोक: ४०२००९९, बुटवल: ०७१-५४१४६९, नारायणगढ: ०५६-५७२१४४, पोखरा: ०६१-६२२०९५, बाग्लुङ्ग: ०६८-५२२७१०, इटहरी चोक: ०२५-५८७१७५, दाङ घोराही: ०८२-५६३६११, बिर्तामोड: ०२३-५४६५२९

विश्वकप-२०१८

FIFA WORLD CUP RUSSIA 2018

# इंग्ल्यान्डका कारण चर्चित समूह



विश्व फुटबलमा जति बेला इंग्ल्यान्ड मैदानमा हुन्छ, त्यसको चर्चा बढी हुन्छ। त्यसैले आउने विश्वकप २०१८ मा इंग्ल्यान्ड सम्मिलित समूह 'जी' को चर्चा पनि प्रशस्तै छ। अझ प्रत्येक ठूलो प्रतियोगिता अगाडि बेलायती मिडियाले इंग्ल्यान्डलाई सम्भावित विजेताका रूपमा प्रस्तुत गर्छन्, तर अन्त्यमा टिमको प्रदर्शन भने निकै निराशाजनक हुन्छ। यसपटक पनि रूसी भूमिमा इंग्ल्यान्डको प्रदर्शन त्यस्तै हुने त होइन ?

इंग्लिस फुटबलका समर्थक धेरै छन्। उनीहरू चाहन्छन्– इंग्ल्यान्डले यसपटक नयाँ इतिहास लेखोस्। सबैभन्दा लोकप्रिय इंग्लिस प्रिमियर लिग चल्ने देशबाट त्यसभन्दा बढी अपेक्षा गर्न सकिन्छ। सन् १९६६ मा इंग्ल्यान्डले त्यति बेलाको विश्वकप चुमेर अहिलेसम्मकै सबैभन्दा ठूलो सफलता चुमेको थियो। सन् १९९० को विश्वकपमा सेमिफाइनल पुगेयता इंग्ल्यान्डले अरु संस्करणमा खासै राम्रो गर्न सकेको छैन। इंग्ल्यान्ड उक्त विश्वकपयता एकपटक मात्र अन्तिम आठमा पुग्न सफल भएको छ।

पछिल्लो विश्वकपमा त इंग्ल्यान्ड समूह चरणमै रोकियो। सन् १९९० मा इंग्ल्यान्डले बेल्जियमलाई पन्छाएको थियो। यसपल्ट इंग्ल्यान्ड बेल्जियम सम्मिलित समूहमै छ। कम्तीमा कागजमा दाबी गर्न सकिन्छ, यो समूहबाट नकआउट चरण पुग्ने दुई टिम अरू होइन, इंग्ल्यान्ड र बेल्जियम नै हुनेछन्। संयोगले बेल्जियमका अधिकांश प्रमुख खेलाडी इंग्लिस प्रिमियर लिग खेल्छन् र उनीहरू क्लबका प्रमुख खेलाडी पनि हुन्।

अहिले इंग्ल्यान्ड गेराथ बेलको प्रशिक्षणमा छ र टिमले युरोपेली छनौट चरणमा उत्कृष्ट प्रदर्शन पनि गरेको थियो। इंग्ल्यान्डले छनौटका क्रममा ३ गोल मात्र खाएको थियो र स्पेनसँगै छनौटमा बराबरीको उत्कृष्ट प्रदर्शन गरेको थियो। यही प्रदर्शनले गर्दा इंग्लिस समर्थकको उत्साह बढेको हो। अर्कातर्फ बेल्जियमको अहिलेको टिमलाई अझै पनि स्वर्णिम पुस्ताको टिम भनिन्छ, तर यो टिमले पनि अहिलेसम्म खासै केही गर्न सकेको छैन, त्यसैले यो पुस्ताका खेलाडीको आलोचना पनि उत्तिकै हुन्छ।



उनीहरू आफ्नो क्लबका लागि त राम्रो खेल्छन्, तर यस्तै प्रदर्शन आफ्नो देशका लागि गर्दैनन्। रोबर्टो मार्टिनेजको प्रशिक्षणमा रहेको बेल्जियमसँग एडेन हेजार्ड र रोमेलु लुकाकु जस्ता दुई उत्कृष्ट फरवार्ड छन्। यस्तै मिडफिल्डमा केभिन डे ब्रुन छन्। हेजार्डले चेल्सी, लुकाकुले म्यानचेस्टर युनाइटेड र डे ब्रुनले म्यानचेस्टर सिटीका लागि राम्रो गरिरहेका छन्। उनीहरूमाथि रूसमा त्यस्तै प्रदर्शन गर्ने चर्को दबाब हुनेछ।

एउटा टिमका रूपमा बेल्जियम निकै बलियो भएकोमा कुनै शंका छैन। त्यसैले आयोजक रुसलाई छाडेर बेल्जियम युरोपबाट आउने विश्वकपमा छनौट हुने पहिलो टिम बनेको थियो। सन् २०१४ को विश्वकपमा बेल्जियमले अन्तिम आठसम्मको यात्रा तय गरेको थियो, ठूलो अपेक्षाका बाबजुद पनि त्यसभन्दा अघि बढ्न सकेन। निर्णायक क्षणमा चुक्ने कारणले पछिल्लो युरोमा पनि बेल्जियमको प्रदर्शन निराशाजनक रह्यो।

पानामाले यसपटक विश्वकपमा डेब्यु गर्दैछ, त्यसैले रूस आउँदा उसले पनि ठूलो सपना बोकेर आउनेछ। पहिलो विश्वकप खेल्न लागेका कारण पानामा सामु दुई विकल्प हुनेछन्। पहिलो, आफ्नो प्रतिष्ठाका कारण ठिक्कै खेल्ने र संयमित रहेर प्रदर्शन गर्ने। अर्को, आक्रामक रूपमा प्रस्तुत हुने र अप्रत्याशित नतिजाको अपेक्षा गर्ने। पानामाले दोस्रो रणनीति लियो भने त्यो इंग्ल्यान्ड र बेल्जियम दुवैका लागि तनावको कारण हुन सक्छ।

जुन १८
बेल्जियम-पानामा
जुन १८
ट्युनिसिया-इंग्ल्यान्ड
जुन २३
बेल्जियम-ट्युनिसिया
जुन २३
इंग्ल्यान्ड-पानामा
जुन २८
इंग्ल्यान्ड-बेल्जियम
जुन २८
पानामा-ट्युनिसिया

मैदान बाहिर

# हराउने धोको पलायो

गत वर्ष फ्लाइड मेवेदर र कोर्नर म्याक ग्रेगरबीच व्यवसायिक बक्सिङका लागि भएको भिडन्त चर्चाको शिखरमा पुग्यो। पुरस्कार राशि र खेलाडीहरूको प्रसिद्धिका कारण उक्त भिडन्त निकै चर्चित थियो। अनलिमिटेड फाइट क्लब (युएफसी) का खेलाडी कोर्नर र तीनवटा बक्सिङको विजेता मेवेदर बीच भएको भिडन्तमा कोर्नर पराजित भए। ओक्टागोनभित्र रहेर एमएमए शैलीको बक्सिङ खेल्ने कोर्नरले नियमलाई पछ्याउन नसक्दा धेरै फल खेलेर अंकसमेत गुमाएका थिए। उक्त भिडन्तमा मेवेदरले नकआउटका आधारमा जित हात पारे पनि उनको धोको कोर्नरलाई उनको पूर्व खेल एमएमएमा गएर हराउनु नै थियो। कोर्नरलाई उनकै खेलमा हराएर देखाउने इख राखेर मेवेदरले अहिले यो खेल खेल्न पाउने लाइसेन्स लिने योजना बनाएका छन्। लाइसेन्स आएपछि केही महिनाको तयारी गरेर कोर्नरसँगै भिड्ने उनको सुर छ।





# बास्टिन र एनालाई पुत्र लाभ

पछिल्लो विश्वकप फुटबल जित्ने जर्मनी टिमका सदस्य बास्टिन स्वेसटाइगर तथा टेनिस खेलाडी एना इभानोभिचलाई पहिलो पुत्र लाभ भएको छ। म्यानचेस्टरका पूर्व फुटबलर बास्टिन र एनाले पहिलो सन्तान जन्मिएको घोषणा सामाजिक सञ्जालमार्फत गरेका थिए। त्यस क्रममा उनीहरूले शिशुको पैतालामा आफ्ना हात राखेर 'विश्वमा तिमिलाई स्वागत छ मेरो सानो केटो' लेखेर पोष्ट गरेका थिए। बास्टिन दम्पतीले गत नोभेम्बर महिनामा एडिडासका दुई जोर ठूलो जुत्तामा एउटा सानो जुत्ता थपेर नयाँ सदस्यको स्वागतको तयारी भन्दै सामाजिक सञ्जालमा पोस्ट गरेको तस्बिर पनि निकै चर्चित भएको थियो। हाल शिकागो फायर क्लबसँग आबद्ध बास्टिन ३३ वर्षका भए, उनलाई उमेर बढी भएका कारण राष्ट्रिय टिममा राख्ने कि नराख्ने भन्ने द्विविधा कायमै छ। यदि बास्टिनलाई टिममा सामेल गरिएन भने यसपटकको विश्वकप फुटबलका क्रममा उनी आफ्नै नवजात शिशुसँग रमाइरहेका हुनेछन्।

समय सन्दर्भ

# म अर्कै रवीन्द्र अधिकारी



रवीन्द्र अधिकारी

चैत २ गते । मोबाइलमा ६ बजे एउटा एसएमएस आयो- 'बधाई हो बधाई !' हप्तौंदेखि आफ्नो वरिपरि कुनै राम्रो घटना घटेको छैन, केको बधाई, कसको बधाई ? म्यासेज रङ नम्बरमा परेको हुनुपर्छ । ४५ मिनेटपछि फेरि अर्को नम्बरबाट म्यासेज आयो- कंग्राच्स सर । त्यो नम्बर कहिल्यै म्यासेज नगर्ने वरिष्ठ आफन्तको थियो । रिप्लाई के गर्ने ? फोन नै गरेर बधाई केको थियो भनेर सोध्ने आँट पनि आएन । बूढा फेरि प्र्याङ्क गर्ने खालका पनि होइनन् । ९ बजेको तेस्रो म्यासेजले मलाई सोच्न बाध्य बनायो, जसमा लेखिएको थियो- 'डियर रवीन्द्र सर, बधाई ! यु रियल्ली डिजर्भ इट ।' नम्बर नौलो थियो, तैपनि एक मिसकल ठोकिदिएँ । नचिनेको नम्बरलाई थाहै नभएको विषयमा फोन वा एसएमएस फर्काएर गलफत्ती गर्नुभन्दा एक मिसकलमा टार्ने योजना थियो, जसले केही घण्टामै घाँस खायो ।

आँखा लागिसकेका थिए, पौने एघार बजे राति फोनको रिङ्ग बज्यो । अन्धकार अनि सन्नाट्टामा फोनको घन्टी पनि कति चर्को ? आँखा आधा खोलेर हातले छामछुम-छामछुम गरी फोन उठाएँ । फोनलाई सिरकमुनि नै लगेर कानमा राखेँ । आवाज आयो- 'नमस्ते सर ।' लर्बराएको जिब्रोसँगै ब्याक ग्राउन्डमा लाइभ म्युजिक चलिरा'छ । भेउ पाउन गाह्रो भएन, केटो तालमा छ नत्र त्यति राति किन फोन गर्थ्यो ?

ऊ भन्दै थियो - 'कङ्ग्र्याचुलेसन सर कङ्ग्र्याचुलेसन्स ।' प्वाक्क सोधेँ- 'किन र ?' लौ बित्यास । साह्रै बिरलै पाउने बधाईलाई यथावस्थामा स्वीकार गरेर प्रकम्प्य आनन्द लिनुको साटो उल्टै किनको झटारो तेर्स्याउनु भनेको नेपाली पहिचानकै खिलाफ थियो । मेरो असामान्य 'किन' लाई उसले सम्पूर्णतः प्राकृतिक मान्दै स्वीकार गर्‍यो । कारणः महाशय सोमरसको तलाउमा अलि बढी नै डुबेका थिए ।

उताबाट जिब्रोले झन्डै-झन्डै बुझिने वाक्य निकालिरहेको छ- 'अब हजुर पर्यटन मन्त्री, हामी पनि लामो समयदेखि पर्यटनमै काम गरेको मान्छे । पर्यटन उद्यमीहरूको हजुरलाई पूर्ण समर्थन र सहयोग रहनेछ ।' हैट् ! बल्ल मेरो दिमागको तार झन्झनायो- 'अच्छा, यसले मलाई माननीय रवीन्द्र अधिकारी मान्दैछ ।' अघिल्ला एसएमएसहरूको गोलचक्कर पनि बल्ल खुल्यो । पछिल्लो समाचार फलो नगर्दा यत्रो बेर रनभुल्लमा पर्नुपर्‍यो । उता मीतज्युले मन्त्री पड्काइसकेछन् ।

तरङ्गित म कता घुम्न गएछु । उताबाट उही स्वरले झस्कायो- 'हैन, हजुरले मलाई चिन्नुभएन कि कसो ? म फलानो । तीन महिनाजति अघि फलानो रिजर्टको गाला डिनरमा भेटघाट भएको थियो नि ?' प्रतिक्रियामा मैले भन्नै आँटेको थिएँ- 'माफ गर्नुहोला महाशय, म त्यो रवीन्द्र अधिकारी होइन, जो तपाईंले सोचिरहनुभएको छ । म त अर्कै रवीन्द्र अधिकारी हुँ ।' तर फेरि झ्वाट्ट सम्झिएँ- 'अहिले त्यसो भनेर सुङ्गोको निन्द्रा के हराम गर्दिनु ? एक रात भए नि दङ्ग परोस् न ओरिजिनल रवीन्द्र अधिकारीसँग फोन वार्ता गरेँ भनेर ।' त्यसैले मैले एसएस, मेनी-मेनी थ्यांक्स मात्र भनिरहेँ । छोटो वार्तालाप त्यहीं टुङ्गियो ।

अब प्रश्न उठ्छ- 'मन्त्रीलाई पुग्नुपर्ने बधाईका शब्दगुच्छाहरू एकाएक कसरी एउटा सर्वसाधारणको मोबाइलमा आयो ?' यकिन त म पनि कसरी भन्न सक्छु र तर सोसल मिडियामा कसैगरी जोडिएर एकाउन्ट सिङ्क गर्दा मेरो नामसहित नम्बर सेभ भएर पछि त्यो मान्छे झुक्किएको हुनुपर्छ । यो कुरा पक्का हो कि कसै न कसै गरी ती बधाई दिने मानिसहरू हामी दुई रवीन्द्र अधिकारीसँग सम्बन्धित छन् । खै कुरा के हो तर त्यो रात ऊ पनि मख्ख, म पनि मख्ख ।

भोलिपल्ट बिहानै तिनै नम्बरलाई अघिल्लो रात साँचेको म्यासेज पठाएँ । कसैको रिप्लाईचाहिँ आएन । रवीन्द्र अधिकारी हुनुको चटारो बेलाबखत अरू ठाउँमा पनि पर्छ । केही हप्ताअघि बैंकमा पनि पर्‍यो । भौचरमा नाम हेर्दै लगभग किटानीका साथ टेलर मुस्कुराउँछ । मुस्कानसहित टाउको उठाएर मलाई हेर्छ अनि अपरिचित रवीन्द्र अधिकारीको थोपडा दर्शन गर्नुपर्दा थुतुनो कालो बनाउँदै पुर्ववत् किबोर्डमा हात चलाऊन थाल्छ । नाम मात्र हेर्नेले त तुरुन्त फेसबुकमा फ्रेन्ड रिक्वेस्ट पठाइहाल्छन् र पछि फुर्सदमा अनुहार नियाल्दै विरक्तिन्छन् । आखिर रवीन्द्र अधिकारी हुनुमा मेरो के दोष ? मेरो न्वारन गर्दा माननीयज्यू सुप्रसिद्ध भैसक्नुभएको भए पनि त मेरो नाम खोजीखोजी अर्कै राख्ने थिए होलान् नि मेरा बा-आमाले ! अब त नाम फेर्न पनि नमिल्ने, डुब्लिकेट रवीन्द्र अधिकारी भएर बाँच्नुको विकल्प पनि त छैन ।

ravinems@iom.edu.np
facebook.com/AdhiQarie/




## काठमाडौंमा सार्क फेसन शो









यसै साता काठमाडौंमा सम्पन्न एउटा फेसन शो अन्तर्राष्ट्रिय स्तरको थियो । उक्त फेसन शोमा क्याटवाक गर्ने मोडलहरूमा नेपालीभन्दा विदेशी अनुहार बढी देखिन्थे भने डिजाइनरहरू पनि विदेशी नै थिए । अवसर थियो छैटौं दक्षिण एसियाली व्यवसायीहरूको सम्मेलन । सम्मेलनको समापन समारोहमा आयोजित फेसन शोमा सार्क राष्ट्रका विभिन्न डिजाइनरले तयार पारेका पहिरनहरू प्रदर्शन गरिएको थियो । उक्त फेसन शोमा नेपालका तर्फबाट अनु श्रेष्ठ तथा मुक्ता श्रेष्ठले क्याटवाक गरेका थिए ।

तस्बिर : महेश प्रधान

Study In Japan
Secure your seat in time
October Intake
100% JLPT/NAT N5 pass within 2 months.
If not pass, get a full refund.
HAKUHO Japanese Language School
白鳳日本語学校
If tried, dreams come true
New Baneshwor, Kathmandu
Opposite to Rastriya Banijya Bank
Ph.: 4460095, 9841550109

Study In Japan
Apply for 2018 Oct. Intake
- Cities of your Choice
- 100% part time job support
- High visa success rate
- Gap No Problem
- Pay after eligible letter
भाषाका नयां कक्षाहरु संचालन हुंदैछन् ।
AARYAN INTERNATIONAL EDUCATION
Putalisadak Chowk, KTM
01-4216579, 9851201601
Member Of ECAN

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.न.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, प्रधान सम्पादक : **सुवास ढकाल** ।